सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ माघ २०८२, सोमबार (19 Jan 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २७० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एमालेमा असन्तुष्टिपछि धमाधम फेरिँदै उम्मेदवार



विष्णु पौडेल रुपन्देहीमै फर्किए, शंखर पोखरेल दाङ २ बाट लड्ने, योगेश भट्टराई र गोकुल बाँस्कोटा टिकटबाट वञ्चित

(विस्तृत पृष्ठ ३)

'रिङआउट' हुँदै गरेको कांग्रेसमा आशाको सञ्चार




अग्रलेख

गगन र विश्वबाट देशले 'नयाँ अनुहार' मात्र होइन, नयाँ राजनीतिक संस्कार खोजेको छ। उनीहरू सफल भए कांग्रेस सुध्रिन्छ; कांग्रेस सुध्रिए लोकतन्त्र बलियो हुन्छ।

(पृष्ठ ४)

भेनेजुएलाबारे किन मौन छन् पुटिन ?



पुटिन अमेरिकासँग तनाव बढाउने जोखिम लिन चाहँदैनन्, यही कुराले उनको मौनताको व्याख्या गर्छ

(पृष्ठ ५)

जलविद्युत्मा निजी क्षेत्रको १३ खर्ब १० अर्ब लगानी

३४ हजार ७८६ मेगावाटका ९२३ परियोजनामा निजी क्षेत्रको लगानी, विद्युत् व्यापारको लाइसेन्स दिन माग

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रवि–बालेन मधेशमा

बलिदान दिवसको अवसर पारेर मधेशी पोसाक धोती-कुर्तामा रास्वपा सभापति रवि लामिछानेसँगै बालेन जनकपुरमा एउटै मञ्चमा देखिने महोत्तरी पुर्‍यौंली थातथलो रहेका बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको रास्वपा मधेशबाटै होमियो चुनावी यात्रामा

काठमाडौंको मेयरबाट राजीनामा दिएर घन्टीघर पुगेका बालेनलाई भव्य स्वागत

'परिवर्तन उद्घोष सभा'का लागि आइतबार नै जनकपुर पुगे रवि-बालेन

जनकपुरधाममा **हदिश खुद्दार**

२१ फागुनका लागि तय प्रतिनिधिसभा निर्वाचनको मनोनयन दर्ता दुई दिन मात्रै बाँकी रहँदा मधेशको राजनीतिक तापक्रम बढेको छ। यसको कारण हुन्- काठमाडौं महानगरका मेयर बालेन्द्र शाह 'बालेन'। मनोनयनको अघिल्लो दिन रास्वपा सभापति रवि लामिछाने र बालेनले जनकपुरधामबाट चुनावी अभियानको उद्घोष गर्दै छन्।

बालेनलाई कुर्दै पुर्‍यौंली गाउँ

मधेशमा बालेन, के छन् आमनागरिकका प्रतिक्रिया ?

बालेनको प्रवेशले मधेशमा रास्वपालाई कस्तो प्रभाव पार्ला ?

(पृष्ठ २)

रास्वपाले बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्दै मधेशबाटै चुनावी प्रचारमा उत्रिने निर्णय गरेपछि उनको राजनीतिक कदमलाई मधेशले चासोपूर्वक नियालिरहेको छ। संघीयताको उद्गमस्थल मानिने मधेशमा बालेनको प्रवेशलाई संघीयताप्रति रास्वपाको ऐक्यबद्धताको सन्देशका रूपमा पनि हेरिएको छ।

रास्वपाले बालेनलाई अघि सारेको घोषणा मात्र होइन, चुनावी सभासमेत जनकपुरधामको तिरहुतिया गाछीमा आयोजना गर्दै छ। सोमबार हुने सभालाई पार्टीले 'परिवर्तन उद्घोष सभा' नाम दिएको छ। बालेनलाई केन्द्रमा राखेर चुनावी प्रचार गर्दा मधेशमा पार्टीलाई राजनीतिक लाभ पुग्ने विश्वास रास्वपाका नेता,

» पृष्ठ २ मा क्रमशः



रास्वपाले जनकपुरधाममा आज आयोजना गर्ने 'परिवर्तन उद्घोष सभा'को मधेशमा प्रचार-प्रसार तीव्र पारिएको छ। मधेशमा अहिलेसम्म भएका सभाहरूमध्ये सबैभन्दा बढी नागरिक उतार्ने रास्वपाको योजना छ । तस्बिर : हदिश खुद्दार



रास्वपा कार्यालयमा आइतबार पहिलोपटक पुगेका वरिष्ठ नेता बालेन सभापति रवि लामिछानेसँगै घन्टी बजाउँदै। तस्बिर : संजित परियार

■ यसकारण मधेशबाट 'परिवर्तन'को उद्घोष

● बालेनले पहिलोपटक जनकपुरधामबाट सार्वजनिक मञ्चमा सम्बोधन गर्नुको कारणबारे रास्वपाका प्रवक्ता मनीष झा भन्छन्–



परिवर्तन र सुशासनका लागि मधेश परिवर्तनको भूमि हो। यहींबाट सुरु भएका आन्दोलनले मुलुकमा विभिन्न परिवर्तन ल्याएका छन्। त्यसैले हामीले परिवर्तनको उद्घोष जनकपुरधामबाट गर्ने निर्णय गरेका हौं।

०७९ को निर्वाचनमा रास्वपालाई संघीयताविरोधी भन्दै मधेशकेन्द्रित दलहरू जसपा, लोसपासँगै काग्रेस र एमालेसहितका राष्ट्रिय पार्टीले तीव्र आलोचना गरे। यसको प्रत्यक्ष प्रभाव संघीयताको उद्गमस्थल मानिने मधेश प्रदेशमा रास्वपाको चुनावी परिणाममा देखियो। ०८२ को निर्वाचनलाई लक्षित गर्दै रास्वपाले आफ्नो 'परिवर्तनको उद्घोष' नामक चुनावी यात्राको सुरुवात संघीयताको केन्द्रविन्दु मधेश प्रदेशको राजधानी जनकपुरधामबाटै गर्ने निर्णय गरेको छ। पार्टी संगठन कमजोर रहेको मधेश प्रदेशबाटै रास्वपाले चुनावी प्रचार किन सुरु गर्दै छ भन्ने विषयमा विभिन्न अड्कल र चर्चा भइरहेका छन्।

कतिपयले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर मधेशबाटै यात्रा सुरु गर्दा मधेशी जनताको सहानुभूति प्राप्त गर्ने उद्देश्य रहेको बताउँछन् भने कतिपयले महोत्तरीको एकडारा गाउँपालिकाका स्थायी बासिन्दा बालेन स्वयं

» पृष्ठ २ मा क्रमशः



आजबाट निर्वाचन आचारसंहिता लागू

नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने आमनिर्वाचनका लागि सोमबारदेखि निर्वाचन आचारसंहिता लागू हुने भएको छ। आचारसंहिता लागू गर्ने तयारीबारे निर्वाचन आयोगले आइतबार सरकारलाई जानकारी गराएको हो। आइतबार नै आयोग बैठकले सोमबार राति १२ बजेदेखि निर्वाचन आचारसंहिता लागू गर्ने निर्णय गरेको थियो।

प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा प्रधानमन्त्री सुशीला कार्की तथा मन्त्रीहरूसँग भएको छलफलमा आयोगले आचारसंहिताबारे प्रस्तुतीकरण गरेको थियो। निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरूको टोलीले आचारसंहिताका मुख्य विशेषताबारे प्रकाश पारेका थिए।

■ कस्तो छ आचारसंहिता ?

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी निर्वाचन सफल बनाउनु आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार, सञ्चारमाध्यम तथा सरोकारवाला सबैको साझा दायित्व भएको बताए। कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव तथा गृह मन्त्रालयका उच्च अधिकारीहरू

» पृष्ठ २ मा क्रमशः



समानुपातिकतर्फ तीन हजार २१३ उम्मेदवार

निर्वाचन आयोगले आइतबार राजनीतिक दलहरूले पेस गरेका बन्दसूची सार्वजनिक गर्दै उम्मेदवारको संख्या सार्वजनिक गरेको हो। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले उम्मेदवारको योग्यतामाथि दाबी-विरोध गर्न चाहने मतदाताले आगामी १० माघभित्र निवेदन दिन सक्ने बताए।

आजबाट निर्वाचन प्रहरी छनोट गरिँदै

भर्ना गर्ने संख्या एक लाख ४९ हजार ९० रहँदा आवेदन दिनेको संख्या एक लाख ९६ हजार, ३२ जिल्लामा मागभन्दा कम आवेदन

नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने निर्वाचनको सुरक्षार्थ निर्वाचन प्रहरीको छनोट सोमबारबाट सुरु हुँदै छ। बुधबारसम्म छनोट सकेर मापदण्ड पुगेकालाई तालिममा पठाउने तयारी छ। सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा छनोट समिति छ।

सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमार्फत मुलुकभर एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी भर्ना गर्दै छ। निर्वाचन प्रहरीका लागि एक लाख ९६ हजार आवेदन परेका छन्। यद्यपि, ३२ जिल्लामा मागेभन्दा कम आवेदन परेका छन्। ती जिल्लामा अर्को जिल्लामा भर्ना गरिएका निर्वाचन प्रहरी पठाइनेछ।

दुवै प्रहरीले गत २५ पुसबाट १ माघसम्मका लागि आवेदन खुला गरेका थिए। तर, माग भएभन्दा कम आवेदन परेपछि दुवै प्रहरीले ३ माघसम्मको म्याद थप गरेका थिए। थप भएको म्यादसम्म

» पृष्ठ २ मा क्रमशः



३२ जिल्लामा मागेभन्दा कम आवेदन परेका छन्। ती जिल्लामा अर्को जिल्लामा भर्ना गरिएका निर्वाचन प्रहरी पठाइनेछ। 'कतिपय जिल्लामा कम आवेदन परेका छन्। कतिपय जिल्लामा भने माग गरेभन्दा धेरै आवेदन परेका छन्। ती युवालाई कम आवेदन परेको छिमेकी जिल्लामा भर्ना गर्न लगिनेछ, यसका लागि आवश्यक तयारी हुँदै छ,' नेपाल प्रहरीका सहप्रवक्ता गोपालचन्द्र भट्टराईले भने।

■ २९ हजार ४०५ आवेदक पूर्वसेना, प्रहरी, म्यादी र वनरक्षक

निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिनेमध्ये २९ हजार ४०५ पूर्वसेना, प्रहरी, म्यादी र वनरक्षक छन्। यो कुल आवेदन दिनेमध्येको १४.९६ प्रतिशत हो। एक हजार ६६५ पूर्वसेना (१,५३४ प्रहरीतर्फ, १३१ सशस्त्रतर्फ), ६७४ पूर्वप्रहरी (६४६ प्रहरीतर्फ, २८ सशस्त्रतर्फ), २८२ पूर्वसशस्त्र प्रहरी (१८३ प्रहरीतर्फ, ९९ सशस्त्रतर्फ), २६ हजार ६३१ पूर्वम्यादी (२५ हजार ४५६ प्रहरीतर्फ, एक हजार १७५ सशस्त्रतर्फ) र १५३ पूर्ववनरक्षक(१३६ प्रहरीतर्फ, १७ सशस्त्रतर्फ)ले आवेदन दिएका छन्।

■ ११ माघदेखि तालिम सुरु गर्ने तयारी

नेपाल प्रहरीतर्फ एक लाख ३३ हजार ९९० र सशस्त्रतर्फ १५ हजार ११० निर्वाचन प्रहरी माग गरिएको थियो। नेपाल प्रहरीमा मात्रै एक लाख ८१ हजार १७४ र सशस्त्रमा १५ हजार २९६ को आवेदन परेको छ। बुधबारसम्म छनोट सकिएपछि दुवै प्रहरीले ११ माघदेखि तालिम सुरु गर्ने तयारी गरेका छन्। नेपाल प्रहरी र सशस्त्र प्रहरीअन्तर्गत छनोट हुनेको तालिम छुट्टाछुट्टै हुनेछ र उनीहरूको पोसाक पनि फरक रहनेछ। नेपाल प्रहरीमार्फत भर्ना हुने म्यादी निर्वाचन प्रहरीलाई प्रत्यक्ष रूपमा मतदान केन्द्र (बुथ)मा खटाइनेछ भने सशस्त्र प्रहरीमार्फत भर्ना हुनेलाई बाहिरी गस्ती तथा कार्यालय सहयोगका कार्यमा परिचालन गर्ने तयारी छ।

स्कुलबस दुर्घटना हुँदा पाँचको मृत्यु



सुनसरी/ धरान उपमहानगरपालिका- १३ स्थित जिरोप्वाइन्टमा स्कुलबस दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको छ। भेडेटारबाट आउँदै गरेको को.१ख ७११९ नम्बरको स्कुलबस आइतबार दिउँसो ४:१० बजे औषधि पसलमा ठोक्किँदा भएको दुर्घटनामा घटनास्थलमै पाँचजनाको मृत्यु भएको र १२ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) चन्द्र खड्काले बताए।

टाइम्स इन्टरनेसनल एकेडेमी जनकपुरको बस दुर्घटनामा महोत्तरीका ३१ वर्षीय धैरियाकुमार यादव, रोहितकुमार मण्डलका १८ महिने छोरा रिसवकुमार मण्डल, सुनसरी धरानका सुवेक्षा

» पृष्ठ २ मा क्रमशः

सर्वोच्चबाट उल्टियो नदीकिनारको २० मिटर मापदण्डको फैसला

शिल्पा कर्णा/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा नदीकिनार क्षेत्रको मापदण्डसम्बन्धी विवादमा सर्वोच्च अदालतले यसअघिको आफ्नै फैसला उल्टाएको छ। आइतबार सर्वोच्चको पूर्ण इजलासले यसअघि संयुक्तबाट भएको फैसलामा केही उल्टी हुने फैसला सुनाएको हो।

जारी संक्षिप्त फैसलाअनुसार ३ पुस ०८० मा भएको फैसला कानुन र न्यायको रोहमा मिलेको नदेखिँदा केही उल्टीको निर्णय सुनाइएको हो। न्यायाधीशहरू सुनीलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको इजलासले पुनरावलोकन गर्दै दुई वर्षअघिको फैसला उल्ट्याएको हो।

सार्वजनिक गरिएको संक्षिप्त फैसलामा भनिएको छ, 'उल्लेखित थप २० मिटरभित्रको जग्गामा कानुनबमोजिम नक्सा पास गरी पहिले नै भवन आदि संरचना निर्माण गरिएको अवस्थामा नदीकिनारा क्षेत्रमा स्थायी संरचनाहरू निर्माण गर्न र नदी तथा खोलाहरूको सहज प्रवाहका लागि आवश्यक पर्ने जग्गा कानुनबमोजिम क्षतिपूर्ति प्रदान गरी प्राप्त गर्ने भन्ने हदसम्मको उक्त फैसला कानुन र न्यायको रोहमा मिलेको नदेखिँदा सो हदसम्म संयुक्त इजलासको मिति २०८०-०९-०३ को फैसला केही उल्टी हुने ठहर्छ।'

दुई वर्षअघि न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र विनोद शर्माबाट भएको उक्त फैसलामा काठमाडौं उपत्यकाका मुख्य नदी तथा खोलाकिनारको दुवैपट्टि न्यूनतम २० मिटरभित्र संरचना बनाउन नपाइने उल्लेख छ। बागमती र यसका सहायक नदीका हकमा १ मंसिर ०६५ मा मन्त्रिपरिषद्बाट भएको मापदण्ड निर्धारणभन्दा थप २० मिटर छाड्न फैसलामा भनिएको थियो।

सरकारले तोकेभन्दा थप २० मिटर छाडेर मात्र नक्सापास अनुमति दिने, कुनै नदी खोलाको हकमा सीमा नतोकिएको भए किनाराबाट न्यूनतम २० मिटर सीमा निर्धारण गर्ने, थप गरिएको दूरीमा कुनै संरचना नबनिसकेको अवस्थामा उक्त दूरीभित्र पर्ने जग्गालाई



दुई वर्षअघि भएको फैसलामा काठमाडौं उपत्यकाका मुख्य नदी तथा खोलाकिनारको दुवैपट्टि न्यूनतम २० मिटरभित्र संरचना बनाउन नपाइने उल्लेख छ। बागमती र यसका सहायक नदीका हकमा १ मंसिर ०६५ मा मन्त्रिपरिषद्बाट भएको मापदण्ड निर्धारणभन्दा थप २० मिटर छाड्न फैसलामा भनिएको थियो। आइतबार सर्वोच्चका न्यायाधीशहरू सुनीलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको पूर्ण इजलासले पुनरावलोकन गर्दै दुई वर्षअघिको फैसला उल्ट्याएको हो।

निर्माण निषेधित क्षेत्र निर्धारण गरी निर्माणको अनुमति प्रदान नगर्ने फैसला भएको थियो। उल्लिखित थप २० मिटरभित्रको जग्गामा कानुनबमोजिम नक्सा पास गरी पहिले नै भवन वा संरचना निर्माण गरिएको छ भने नदी तथा खोलाहरूको सहज प्रवाहका लागि आवश्यक जग्गा कानुनबमोजिम क्षतिपूर्ति प्रदान गरी प्राप्त गर्न भनिएको थियो। यही फैसला यो हदसम्म उल्टी भएको हो।

फैसलाको पूर्णपाठ तयार गर्न समय लाग्ने भन्दै संक्षिप्त आदेश जारी भएको हो। यसअघिको फैसलाले राजधानीका स्थानीय आक्रोशित थिए भने सरकारले पनि फैसलाअनुसार क्षतिपूर्ति प्रदान गर्न असमर्थ रहेको जनाएको थियो। जसपछि नेपाल सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पुनरावलोकनका मागसहित सर्वोच्च पुगेका थिए। दुवै निवेदनमा जनहित संरक्षण मञ्चलगायतलाई विपक्षी बनाइएको थियो। ०८१ असोजमा दर्ता ती दुवै निवेदनमाथि सर्वोच्चले केही उल्टी हुने फैसला सुनाएको हो।

नदीकिनारमा के कति जग्गा छाड्ने भन्ने विषय नितान्त कार्यपालिकीय रहेको, भौगोलिक अवस्था, जनघनत्व, जग्गा तथा संरचना अधिग्रहण गर्दा लाग्ने लागत, फैसला कार्यान्वयनबाट सरकार, समुदाय र व्यक्ति तथा संस्थालाई पर्ने प्रभावजस्ता विभिन्न आधार टेक्दै सरकार पुनरावलोकनमा गएको थियो। अदालतको आदेश कार्यान्वयन योग्य हुनुपर्ने तथा व्यवस्थापकीय विषयमा न्यायिक हस्तक्षेप भएको दाबी निवेदनमा थियो। पुनरावलोकनको अनुमति प्राप्त भएपछि यो विषय फेरि सुनुवाइमा गएको थियो।

यसमाथि सुनुवाइ गर्दै अदालतले गत २४ पुसमा सर्वोच्चले यस विषयमा ९ बुँदे आदेश गर्दै आइतबारको पेसी तोकी विभिन्न कागजात झिकाएको थियो। प्रमाण हेर्न भनी सरकारको निर्णय, ०२१ सालको सर्भे नापी नक्सा, नदीको बहाव क्षेत्र निर्धारण गरिएको ०५२ सालको प्रतिवेदन, सरकारबाटै भएको सीमा कायमको निर्णयजस्ता कागजातका आधारमा यो फैसला आएको हो। सर्वोच्चको फैसलाबाट स्थानीय आक्रोशित भएर दैनिकजसो सडकमा आउन थालेपछि पछिल्लो समय सर्वोच्चले यसलाई प्राथमिकतामा राख्दै सुनुवाइ थालेको थियो।

रवि–बालेन...

पृष्ठ १ बाट क्रमशः

मतदाता र विश्लेषकहरूले गरेका छन्।

बालेन मधेशी पोसाक (धोती-कुर्ता)मा रास्वपा सभापति रवि लामिछानेसँगै एउटै मञ्चमा देखिनेछन्। रास्वपा मधेश संगठन उपप्रमुख अम्मुप्रसाद साहका अनुसारसभापति लामिछाने र वरिष्ठ नेता शाहसँगै उपसभापति स्वर्णिम वाग्ले, प्रवक्ता मनीष झासहितका नेताहरू आइतबार जनकपुरधाम आइपुगेका छन्।

५ माघको बिहानै नेताहरूले जानकीमन्दिरको दर्शन गर्ने तथा सिराहाको लहानमा मधेश आन्दोलनका सहिद रमेश महतोको सालिकमा माल्यार्पण गर्ने कार्यक्रम तय गरिएको छ। ५ माघलाई मधेश प्रदेश सरकारले बलिदानी दिवसका रूपमा मनाउँदै आएको छ। त्यसपछि बिहान १० बजे जनकपुर उद्योग वाणिज्य संघको सभाहलमा कार्यकर्ता भेटघाट, दिउँसो १ बजे तिरहुतिया गाछीको सभामा सम्बोधन र अपराह्न ४ बजे पत्रकार सम्मेलन गर्ने कार्यक्रम रहेको साहले बताए। सभामा अहिलेसम्म मधेशमा भएका सबै सभाभन्दा धेरै जनसहभागिता रहने दाबी साहले गरे। जनकपुरधामका हरेक प्रवेशद्वारबाट बाहिरबाट आउने नेता तथा कार्यकर्ता र्‍यालीसहित तिरहुतिया गाछीमा पुग्ने कार्यक्रम छ। 'सभाको तयारी अन्तिम चरणमा पुगेको छ। शनिबारदेखि सहरभरि प्रचारप्रसार सामग्री झुन्ड्याउने काम सुरु हुन्छ,'उनले भने।

विश्लेषक के भन्छन् ?

अहिलेसम्म स्वतन्त्र रूपमा र आफ्नो पृष्ठभूमि खासै उजागर नगरी राजनीति गर्दै आएका बालेन कुनै राजनीतिक दलमा आबद्ध भएर अघि बढ्नु सकारात्मक कदम भएको राजनीतिक विश्लेषक चन्द्रकिशोर बताउँछन्। नेपाल बहुदलीय लोकतान्त्रिक व्यवस्था भएको मुलुक भएकाले दलभित्र अनुशासन, संरचना र प्रतिबद्धता हुने उनी बताउँछन्। 'रास्वपाले बालेनलाई मधेशी प्रतिनिधिका रूपमा अघि सारेर मधेशलाई आकर्षित गर्न खोजेको देखिन्छ,' उनी भन्छन्।

अर्का राजनीतिक विश्लेषक राकेश मिश्र पनि बालेनको प्रवेशले रास्वपाप्रति मधेशी जनताको चासो र आकर्षण बढेको बताउँछन्। 'विगतमा संगठनात्मक रूपमा मधेशमा कमजोर रहेको रास्वपाले मधेशकै व्यक्तिलाई संसदीय दलको नेता तथा प्रधानमन्त्रीको उम्मेदवार बनाएर समर्थन जुटाउने प्रयास गरिरहेको छ,' उनी भन्छन्, 'तर, यो प्रयास कति सफल हुन्छ भन्ने कुरा अहिले नै ठोकुवा गर्न सकिँदैन।'

मिश्रका अनुसार मधेशका धेरैजसो युवा वैदेशिक रोजगारीका लागि देशबाहिर छन् भने देशभित्र रहेका युवा मतदाता प्रायः कुनै न कुनै दलसँग आबद्ध छन्। साथै, सामाजिक सञ्जाल प्रयोग गर्ने धेरै युवा अझै मतदाता भइसकेका छैनन्। यस्तो अवस्थामा युवामाझ देखिएको आकर्षणले मात्र ठुलो मात्रामा मतपरिणाम बदल्ने अवस्था नदेखिएको जानकारको निष्कर्ष छ।

०७९ को निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरको मेयर बनेका बालेनलाई नजिकबाट बुझ्न मधेशका जनता, विशेषगरी युवा वर्ग उत्सुक देखिन्छन्। रास्वपाले बालेनलाई संसदीय दलको नेता तथा प्रधानमन्त्रीको उम्मेदवार बनाउने घोषणा गरेपछि मधेशी समुदायमा उनीप्रति सहानुभूति बढेको युवा नेता दिनेश पुर्वे बताउँछन् ।सधैँ विभेद र दोस्रो दर्जाको नागरिककारूपमा व्यवहार भोग्दै आएको मधेशी समुदायका व्यक्तिलाई प्रधानमन्त्रीको उम्मेदवार बनाइएको घोषणाले मधेश प्रदेशमा रास्वपाप्रति सकारात्मक धारणा बढेको उनको भनाइ छ।

बालेनको प्रवेशले मधेशमा रास्वपालाई कस्तो प्रभाव पार्ला ?

०७९ को निर्वाचनमा अप्रत्याशित मत ल्याउँदै चौथो शक्तिका रूपमा उदाएको रास्वपाले मधेश प्रदेशमा भने एक लाख सात हजार ८४ मत मात्र प्राप्त गरेको थियो। त्यतिवेला मधेश कुल मतदाता संख्या ३३ लाख ८७ हजार थियो। यहाँका ३२ मध्ये कुनै पनि सिट जितेन। ०८२ सम्म आइपुग्दा रास्वपाले मधेशमा न त संगठन विस्तार गर्न सक्यो, न त प्रभावशाली नेताहरूलाई जोड्न नै सफल भयो। सामाजिक सञ्जालमा जति चर्चा भए पनि मधेशका ग्रामीण क्षेत्रमा रवि लामिछाने र बालेन शाहको लोकप्रियता अपेक्षाकृत कमजोर देखिन्छ।

'बालेनबारे मधेशी जनता अहिलेसम्म खासै जानकार छैनन्,' राजनीतिक विश्लेषक राकेश मिश्र भन्छन्, 'अहिले उनलाई बाहिरबाट देख्नेहरू जान्न र बुझ्न उत्सुक हुन्छन्।' महोत्तरीको एकडारा गाउँपालिका बालेनको जन्मस्थान भए पनि त्यहाँका स्थानीय नै उनको राजनीतिक यात्राबारे धेरै जानकार छैनन्। त्यसैले उनलाई देख्न र बुझ्न विशेषगरी युवा जमात उत्सुक देखिन्छ। तर, यसले निर्वाचनमा रास्वपालाई कति फाइदा पुऱ्याउँछ भन्ने कुरा तत्काल भन्न सकिने अवस्थामा छैन।

'मधेशको निर्वाचनमा जाति, धर्म, पार्टी संगठन, पैसा र सञ्जाल सबैले प्रभाव पार्छन्,' उनी भन्छन्, 'रास्वपाको मधेशमा संगठन कमजोर छ, नेताहरूको अभाव छ। मधेशले नयाँ शक्तिलाई सहजै स्वीकार गर्ने परम्परा पनि छैन। त्यसैले समानुपातिकतर्फ केही सुधार भए पनि प्रत्यक्षतर्फ राम्रो सिट ल्याउने सम्भावना देखिँदनँ।' मधेशकेन्द्रित दल कमजोर बन्दै जानु, कांग्रेसभित्रको आन्तरिक कलह उत्कर्षमा पुग्नु तथा एमाले र माओवादीमाथि प्रश्न उठिरहेको अवस्थामा रास्वपाले आन्दोलनको केन्द्रविन्दु जनकपुरधामलाई प्राथमिकता दिँदै चुनावी प्रचार सुरु गर्ने घोषणा गरेको छ।

राजनीतिक विश्लेषक चन्द्रकिशोर भन्छन्, 'चुनावी मौसम सुरु हुँदैछ। सबै दलले आफ्ना एजेन्डा लिएर जनतामा जान्छन्। रास्वपा पनि आफ्ना एजेन्डा लिएर मधेश झर्दैछ। मधेशका मुद्दा-समावेशिता, संघीयता, धर्मनिरपेक्षता, रोजगारी बुझेर मतदाताले मतदान गर्छन्। केवल बालेन शाहलाई संसदीय दलको नेता वा प्रधानमन्त्रीको उम्मेदवार बनाउँदैमा मत दिने होइन।'रास्वपा मात्र होइन कांग्रेसले मधेशीलाई प्रथम राष्ट्रपति बनाएर सम्मान दिएको बताउँदै उनले भने, 'अन्य पार्टीहरूले पनि मधेशका ६ जना नेतालाई उपप्रधानमन्त्री बनाएकै हो।'

प्रधानमन्त्री बन्ने व्यक्तिले पहिले चुनाव जित्नुपर्छ, दलले बहुमत ल्याउनुपर्छ, बहुमत नआए गठबन्धन गर्नुपर्छ र गठबन्धनका दलले उक्त व्यक्तिलाई स्वीकार गर्नुपर्छ। 'यो लामो प्रक्रिया हो,' उनी भन्छन्, 'मधेश कुनै दलको मोहीखेत होइन। जसले जति मिहिनेत गर्छ, त्यहीअनुसार मत पाउँछ। रास्वपाको मधेशमा न संगठन छ, न पर्याप्त लगानी। यस्तो अवस्थामा ठुलो सफलता पाउने संकेत अहिले देखिँदैन।'

यसकारण...

पृष्ठ १ बाट क्रमशः

मधेशबाटै चुनाव लड्ने तयारीमा रहेकाले यस्तो गरिएको तर्क गर्छन्। यद्यपि, बालेनले झापा५ बाट पूर्वप्रधानमन्त्री केपी ओलीसँग चुनावी प्रतिस्पर्धा गर्ने र त्यसका लागि सम्पर्क कार्यालयका लागि घरसमेत लिइसकेका छन्। यस्तो अवस्थामा बालेनले पहिलोपटक जनकपुरधामबाट सार्वजनिक मञ्चमा सम्बोधन गर्नुको कारणबारे रास्वपाका प्रवक्ता मनीष झा भन्छन्, 'परिवर्तन र सुशासनका लागि मधेश परिवर्तनको भूमि हो। यहीँबाट सुरु भएका आन्दोलनले मुलुकमा विभिन्न परिवर्तन ल्याएका छन्। त्यसैले हामीले परिवर्तनको उद्घोष जनकपुरधामबाट गर्ने निर्णय गरेका हौँ।'

उनका अनुसार ०७९ को निर्वाचनमा सहभागी हुँदा रास्वपाको स्थापना भएको जम्मा चार महिना २७ दिन मात्र भएको थियो। 'त्यसवेला प्रतिनिधिसभा र प्रदेशसभाका सबै सिटमा उम्मेदवार खडा गर्नु र त्यसको व्यवस्थापन गर्नु सहज थिएन,' उनी भन्छन्, 'तर, त्यसलाई राजनीतिक दलले रास्वपालाई संघीयताविरोधी भनेर प्रचार गरे। त्यस भ्रमलाई चिर्न पनि हामी संघीयताको उद्गमस्थलबाट परिवर्तनको उद्घोष गर्दैछौँ।'

प्रवक्ता झाले रास्वपा संघीयताविरोधी नरहेको बताए। 'रास्वपा संघीयताविरोधी हो भन्ने कुरा कहीँ पनि दस्तावेजी रूपमा प्रमाणित भएको छैन। तर, अन्य दलहरूले आफ्ना स्वार्थका लागि यो विषय उठाए। अब हामी संघीयता र सनातन मूल्य-मान्यता (धार्मिक स्वतन्त्रता)का विषयमा स्पष्ट छौँ भन्ने सन्देश मधेशलाई दिन पनि यही भूमि रोजेका हौँ,' उनले भने।

■ घन्टीघरमा बालेनलाई भव्य स्वागत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेका बालेन शाहले काठमाडौं महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएपछि पहिलोपटक पार्टीको केन्द्रीय कार्यालय पुगेका छन्। आइतबार दिउँसो वनस्थलीस्थित रास्वपा केन्द्रीय कार्यालय (घण्टीघर) पुगेका बालेनलाई सभापति रवि लामिछानेसहित नेता तथा कार्यकर्ताले भव्य स्वागत गरेका थिए। सयौँको संख्यामा उपस्थित नेता तथा कार्यकर्ताले नाराबाजी गर्दै बालेनको स्वागत गरे। उत्साहित समर्थकहरूको ठेलमठेलबिच बालेन पार्टी कार्यालय प्रांगणमा रहेको घण्टीसम्म पुगे, जहाँ सभापति लामिछानेले उनलाई स्वागत गरेका थिए। त्यसपछि बालेनले घण्टी बजाए। लामिछानेले पनि साथ दिए। घण्टी बजाएपछि बालेनले नेता तथा कार्यकर्तातर्फ 'फ्लाइङ किस' र नमस्कार गर्दै अभिवादन गरे। उनले सभापति लामिछानेलाई अँगालो हाल्दा घण्टीघर ताली र हुटिङले गुन्जिएको थियो। रविसँग अंकमाल गरेपछि बालेन आफ्नो कार्यकक्षमा पुगे र वरिष्ठ नेताको हैसियतमा पदभार ग्रहण गरे। पार्टी कार्यालयमा पहिलोपटक पुगेका बालेन केही समय मात्र बसेर बाहिरिएका थिए। 'पार्टी कार्यालय आउनुभयो, पदभार ग्रहण गर्नुभयो र निस्कनुभयो,' रास्वपा नेता प्रमोद न्यौपानेले भने। दिउँसो करिब साढे तीन बजे घण्टीघर पुगेका बालेन करिब १५ मिनेट मात्रै पार्टी कार्यालयमा बसे। त्यसपछि उनी जनकपुर जान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गएका थिए। आइतबार नै जनकपुर पुगेका बालेनले सोमबार त्यहाँ आयोजना हुने कार्यक्रममा सम्बोधन गर्ने र मंगलबार झापा-५ पुगेर उम्मेदवारी दर्ता गर्ने तयारी छ। रास्वपा र बालेन समूहबिच १३ पुसको राति सातबुँदे सहमति भएको थियो।

बालेनलाई कुर्दै पुख्यौंली गाउँ

महोत्तरीमा **रञ्जन भण्डारी**



महोत्तरी ३ बाट संघीयतापछि महन्थ ठाकुर दुईपटक निर्वाचित भइसकेका छन्। काठमाडौं महानगरका मेयर बालेन्द्र शाह 'बालेन' प्रतिनिधिसभा निर्वाचनमा भाग लिने भएपछि पुख्यौंली गाउँ एकडारा र महोत्तरी ३ मा उनको प्रतीक्षा तीव्र हुन थालेको छ।

बालेनको चर्चा झापा र काठमाडौंलगायत स्थानमा चलिरहँदा एकडाराका बासिन्दा भने पुख्यौंली थलोबाट उम्मेदवारी परोस् भन्ने अपेक्षामा छन्। बालेनको घरअगाडि काकाको जग्गामा चिसापसल गरेर बसेका एकडारा गाउँपालिका-२, बेलाका हरदेव यादवले महोत्तरीका छोरा प्रधानमन्त्रीकै दाबेदारका रूपमा चुनावमा उठ्दा गाउँ मात्र नभई सम्पूर्ण जिल्ला र मधेशकै गौरवको विषय हुने बताए। बालेनलाई क्षेत्र नम्बर ३ मा मतदान गर्न एकडारावासी आतुर रहेको उनले सुनाए।

एकडारा बजारका सत्यनारायण पासवानले बालेन प्रधानमन्त्री बनेको हेर्न चाहेको बताए। 'मधेशको छोराको काठमाडौंमा त्यत्रो नाम छ। आफ्नै ठाउँमा त झन्धेरै काम गर्न सक्छन्,' उनले भने, 'एकपटक पुख्यौंली थलोबाट निर्वाचित भई गाउँको गौरव अझै बढ्नेछ।' एकडाराकै युवा गोपाल भण्डारीले बालेनको नाममात्र सुनेको बताउँदै विकास हेर्न चाहेको बताए।

जलेश्वर नगरपालिका-२ का विजय साहसमेत बालेनका लागि स्थानीयले पार्टीबाट माथि उठेरसोच्ने बताए। बालेन व्यक्तिमात्र नभई अहिले सोच बनिसकेको अवस्थामा पार्टी पहिलो प्राथमिकता नभई बालेन पहिलो प्राथमिकता हुने उनको भनाइ छ।

मधेशमा बालेन, आमनागरिकका प्रतिक्रिया

लहानमा **मणिलाल विश्वकर्मा**
पर्सामा **तिवारी यादव**

बालेनप्रति मधेशका आमनागरिकको मिश्रित प्रतिक्रिया छ। काठमाडौं उपत्यकामा जन्मेहुर्के पनि पुख्यौंली थातथलो मधेशमै रहेकाले मधेशका प्रायः स्वतन्त्र पृष्ठभूमिका युवा पुस्ता उनीप्रति सकारात्मक रहेको प्रतिक्रिया छ। पाको पुस्ता भने संसदीय व्यवस्थामा एक्लो व्यक्तिले केही गर्न नसक्ने भएकाले त्यति फरक नपर्ने धारणा राख्छन्।

लहानका व्यवसायी अशोकलाल अमात्यलेराम्रो मान्छे जुनसुकै ठाउँमा आउनु राम्रो पक्ष रहेको बताए। अन्य दलहरूले पनि बालेनजस्तै युवालाई उम्मेदवार बनाउनुपर्ने उनको धारणा छ।

नवराजपुरको फुलबरियाका विद्यार्थी सुमितकुमार यादवलेस्थानीय तहदेखि प्रदेश, संघसम्म भ्रष्टाचार मौलाएका वेला मतदाताले विकल्प खोजिरहेको बताए। 'जनताले भोग्दै आएका दैनिक समस्याबारे नजरअन्दाज गर्ने नेताका चालचलनले दिक्क भएका सर्वसाधारण नयाँ अनुहारको खोजीमा छन्,' उनले भने, 'काठमाडौंमाकाम गरेर देखाएका बालेनले मधेशमा केही गर्लान् कि भन्ने आशाले एकपल्ट हेरौँ न त भन्नेमा जनता छन्। युवा पुस्ता त राम्रो काम गर्नेलाई सघाउनुपर्छ भन्ने पक्षमा छौँ।'

वीरगन्जमा १० वर्षदेखि रिक्सा चलाउँदै आएका श्रीपुरका गजुवीर साहले यसपटक प्रधानमन्त्रीकारूपमा बालेनलाई देख्न चाहेको सुनाए। मधेशका युवा रहेका बालेनलाई मधेशबाटै निर्वाचनमा होमिनुपर्ने उनले बताए।

वीरगन्ज महानगरपालिका-१७, अलौका युवा सोनु यादवले महानगरको मेयर बनेर कामसँगै चर्चा कमाएका बालेन प्रधानमन्त्री बनेमा देश विकासले गति लिने विश्वास व्यक्त गरे। 'यसपटकको निर्वाचनमा पुराना दललाई छाडेर नयाँ अनुहारलाई सहयोग गर्ने मनसाय छ,' उनले भने।

पर्साको उदयपुरघुर्मीका किसान मकसुद आलमले पनि बालेनलाई मधेशको निर्वाचन क्षेत्रबाट निर्वाचन लड्न अनुरोध गरे। 'अहिले मधेशबाट चुनाव लडेको हेर्ने चाहना थियो। तर, केपी ओलीको क्षेत्रबाट पनि निर्वाचनमा होमिँदा अलिकति समस्या हुनेजस्तो लाग्दैछ। तर, मधेशीको छोरालाई प्रधानमन्त्रीका रूपमा हेर्ने सबैको चाहना रहेको छ,' उनले सुनाए।

सुवर्ण गाउँपालिकाका व्यवसायी उत्सव सार्थीले बालेनलाई निर्वाचनमा जिताउन सबै क्षेत्रका मतदाता लाग्नुपर्ने बताए। पर्सागढी नगरपालिकाका विद्यार्थी रुचि चौरसियाले जेन-जी आन्दोलनपछि देशले परिवर्तन खोजेको बताइन्। 'अब कि बार, बालेन सरकार' बनाउनजेन-जी सक्रिय भएर लागेका छन् ।परिवर्तन सम्भव हुनेछ,' उनले भनिन्।

वीरगन्जका व्यवसायी प्रदीप मित्तलले उद्योगी व्यवसायी पनि यसपटक परिवर्तन र नयाँ अनुहारलाई मतदान गर्ने योजनामा रहेको सुनाए। व्यवसाय पनि धराशयी बनेकाले नयाँ र युवालाई सरकारको नेतृत्वमा पुऱ्याउने चाहना रहेको उनले बताए। गहवाका युवा सफल खतिवडाले बालेनलाई झापा ५ भन्दा आफू जन्मेको जिल्ला महोत्तरीको कुनै निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन सुझाए।

विश्रामपुर गाउँपालिकाका रिक्साचालक सुनील पटेलले 'अब कि बार बालेन सरकार' बनाउनेगरी मतदान गर्ने योजना रहेको बताए। पुराना नेताहरूले भ्रष्टाचारबाहेक केही नगरेकाले युवा प्रधानमन्त्री बनाउनुपर्ने उनले बताए। पर्साका दलित युवा पानालाल महराले समाजले नयाँ नेतृत्व खोजिरहेको र त्यो बालेनमा देखेको बताए।

आजबाट निर्वाचन...

पृष्ठ १ बाट क्रमशः

पनि सहभागी थिए। कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव तथा गृह मन्त्रालयका उच्च अधिकारीहरू पनि सहभागी थिए।

कस्तो छ आचारसंहिता ?

आचारसंहिताअनुसार कुनै पनि व्यक्ति, दल वा उम्मेदवारले पक्ष वा विपक्षमा स्रोत-साधन र सम्पत्ति प्रयोग गर्न पाउनेछैनन्। निर्वाचन व्यवस्थापनसम्बन्धी कार्यमा अवरोध गर्न, सरकारी तथा सार्वजनिक संस्था र विद्यालय क्षेत्रभित्र निर्वाचनसम्बन्धी भेला वा प्रचार गर्न निषेध गरिएको छ। यसैगरी, दल वा उम्मेदवारको चुनावचिह्न अंकित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी, गम्छा, मास्क, लकेट, लोगो, झोला, ब्याज, ट्याटुजस्ता सामग्री उत्पादन, प्रयोग, बिक्री-वितरण वा प्रदर्शन गर्न नपाइने व्यवस्था गरिएको छ। स्वीकृति नलिई निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचार गर्न पनि निषेध छ।

चरित्र हत्या हुने गरी प्रचार गर्न, बालबालिकालाई निर्वाचन प्रचारमा प्रयोग गर्न, निषेधित समय र स्थानमा जुलुस, आमसभा, कोणसभा वा भेला गर्न पाइनेछैन। सार्वजनिक यातायात अवरुद्ध हुने गरी जुलुस वा सभा गर्नसमेत रोक लगाइएको छ। सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न, झुटा खाता वा वेबसाइट सञ्चालन गर्न, होच्याउने, दुष्प्रचार गर्ने, अपमानजनक तथा द्वेषपूर्ण (हेट स्पिच) टिप्पणी गर्न निषेध गरिएको छ।

यसैगरी, उम्मेदवारको मनोनयन दर्ता भएदेखि मतदान सम्पन्न नभएसम्म मत सर्वेक्षण गर्न वा मतपरिणाम सार्वजनिक गर्न नपाइने व्यवस्था छ। मतदाताको गोप्यता भंग गर्न, मतदानमा खटिएका कर्मचारीलाई हतोत्साहित गर्न वा निर्वाचनको स्वच्छता र निष्पक्षतामा असर पर्ने कुनै पनि गतिविधि गर्न नपाइने आचारसंहितामा उल्लेख छ।

चुनावमा प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री सेयर र प्रतिक्रिया दिन नहुने भनिएको छ। यसैगरी, कुनै पनि किसिमबाट मतदाताको गोप्यता भंग गर्न नहुने, मतदाता र मतदानमा खटिएका कर्मचारीसँग वादविवाद तथा हतोत्साहित गर्न नहुने, कुनै प्रकारले निर्वाचनको स्वच्छता र निष्पक्षतालाई प्रभावित पार्न नहुने उल्लेख छ।

स्कुलबस...

पृष्ठ १ बाट क्रमशः

सुब्बा, झापा मेचीनगरका नयन थापामगर र सुनसरी बराहाक्षेत्रका ओमश राईको मृत्यु भएको खड्काले बताए। बसमा सवारहरू स्कुल सञ्चालक तथा उनका आफन्तहरू रहेको खड्काले जानकारी दिए। 'बसमा सवारहरू स्कुल सञ्चालक र उनका आफन्तहरू रहेको बुझिएको छ,' उनले भने, 'बस खरिद गरेको र पास गर्न आउँदा घुमघामपछि फर्किँदा दुर्घटना भएको हो।'

बसमा सवार १२ जना घाइते भएका छन्। घाइते हुनेमा रिना मण्डल, जितेन्द्र मण्डल, महमत मुलाल (बसचालक), सुनेनादेवी मण्डल, लक्ष्मी मण्डल, राजा बाब, मनितादेवी मण्डल, पुनीता मण्डल र कृष्ण मण्डल छन्। यस्तै, रोहित मण्डल, रोहन मण्डल र यशोदा श्रेष्ठ पनि घाइते भएका छन्। घाइतेहरूको बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको डिएसपी खड्काले जानकारी दिए। दुर्घटनामा बसले जिरो प्वाइन्टमा रहेको औषधिपसल सभा मेडिकलमा ठक्कर दिँदा पसलसमेत क्षतिग्रस्त भएको छ। एक स्कुटर पूर्ण रूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ।

आजबाट निर्वाचन प्रहरी...

पृष्ठ १ बाट क्रमशः

आवेदन भर्नेको संख्या एक लाख ९६ हजार ४७० पुगेको छ। जसमध्ये नेपाल प्रहरीमा मात्रै एक लाख ८१ हजार १७४ र सशस्त्रमा १५ हजार २९६ को आवेदन परेको छ।

नेपाल प्रहरीका अनुसार आवेदन कम पर्ने जिल्ला कोशी प्रदेशमा आठ, बागमतीमा छ, गण्डकीमा १०, लुम्बिनीमा चार, मधेश प्रदेशमा चार र सुदूरपश्चिम जिल्लामा चार रहेका छन्। आवेदन कम परेको जिल्लामा धेरै आवेदन परेको छिमेकी जिल्लाबाट निर्वाचन प्रहरीका लागि युवा लैजाने प्रहरीको तयारी छ।

नेपाल प्रहरीका सहप्रवक्ता एसएसपी गोपालचन्द्र भट्टराईले आवेदन खुला गरिएको नौ दिनमा मुलुकभरबाट झन्डै दुई लाख युवाको आवेदन परेको बताए। उनका अनुसार कतिपय जिल्लामा अझै मागभन्दा कम आवेदन परेका छन् र ती जिल्लामा अर्को जिल्लाबाट निर्वाचन प्रहरी पठाइनेछ। 'कतिपय जिल्लामा कम आवेदन परेका छन्। कतिपय जिल्लामा भने माग गरेभन्दा धेरै आवेदन परेका छन्। ती युवालाई कम आवेदन परेको छिमेकी जिल्लामा भर्ना गर्न लगिनेछ, यसका लागि आवश्यक तयारी हुँदै छ,' उनले भने।

प्रहरीका अनुसार निर्वाचन प्रहरीले न्यूनतम ५४ हजारदेखि अधिकतम ८३ हजारसम्मको खर्च सिलिङभित्र ४० दिनको तलबसहित पोसाक, खाद्यान्न र भ्रमण भत्ताबापतको रकम प्राप्त गर्नेछन्। निर्वाचन प्रहरीको दर्जा जवानसरहको हुन्छ। निर्वाचन प्रयोजनार्थ उनीहरू ४० दिन फिल्डमा खटिनेछन् र त्यसै अवधिको तलब-सुविधा प्राप्त गर्नेछन्।

प्रहरीका अनुसार काठमाडौं उपत्यकाभित्र खटिने निर्वाचन प्रहरीले सबैभन्दा कम र जुम्लामा खटिने निर्वाचन प्रहरीले सबैभन्दा धेरै सुविधा प्राप्त गर्नेछन्। काठमाडौं उपत्यकाभित्र खटिनेले तलब र अन्य सुविधासहित ५४ हजार ३६८ रुपैयाँ मात्रै प्राप्त गर्नेछन्। जुम्लामा खटिनेले भने ८३ हजार २४१ रुपैयाँ पाउनेछन्।

त्यस्तै, तराईका जिल्लामा खटिनेका लागि तलब-सुविधासहित ५५ हजार ६६६ खर्च हुनेछ। तराईको पनि झापामा खटिनेले भने काठमाडौंसरह ५४ हजार ३६८ मात्रै पाउँछन्। पहाडी क्षेत्रका जिल्लामा खटिनेहरूका लागि तलब र अन्य सुविधासहित ५८ हजार ७८५ रुपैयाँ खर्च गरिनेछ। तर, पहाडी जिल्लाका पनि सहरी क्षेत्रमा खटिनेहरूले ५६ हजार ९७१ रुपैयाँबराबरको मात्रै तलब-सुविधा प्राप्त गर्नेछन्।

हिमाली क्षेत्रका जिल्लामा खटिने निर्वाचन प्रहरीका लागि भने तलब र अन्य सुविधासहित ६४ हजार ६०८ रुपैयाँ खर्च गरिनेछ। तर, उक्त क्षेत्रको पनि विकट क्षेत्रमा खटिनेहरूलाई तलब र अन्य सुविधासहित ८३ हजार २४१ रुपैयाँ खर्च गरिने प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका अनुसार मतदान केन्द्र र सुरक्षा थ्रेट वृद्धिसँगै निर्वाचन प्रहरीको संख्या पनि बढेको छ । ०७९ को निर्वाचनमा मुलुकभर १० हजार ७५६ मतदानस्थल र २१ हजार ५१२ मतदान केन्द्र निर्धारण भएका थिए।

निर्वाचनका लागि हालसम्म मुलुकभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण भएका छन्। जसमा निर्वाचन केन्द्र २३ हजार ११२ निर्धारण भएका छन्। गृह मन्त्रालयका अनुसार ३६ सय ८० मतदानस्थल अतिसंवेदनशील छन्। ती अधिकांश तराईका जिल्लाका छन्। त्यस्तै, ४४ सय ४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका छन्। बाँकी २८ सय ४५ मतदानस्थल भने सामान्य अवस्थाका छन्।

म्यादीको मापदण्ड

निर्वाचन प्रहरीका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भर्ना छनोट समिति गठन भएको छ। सोही समितिले आवेदकको आवेदन अध्ययन गर्नेछ। मापदण्ड पूरा नभएकाहरूको आवेदन अस्वीकृत गर्नेछ। निर्वाचन प्रहरी भर्ना मापदण्डअनुसार आवेदक १८ वर्षदेखि ५४ वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्नेछ।

पुरुषको उचाइ कम्तीमा पाँच फिट र महिलाको हकमा ४ फिट १० इन्च हुनुपर्नेछ। छाती चौडाइ ३१ देखि ३३ इन्च र तौल ५० किलो हुनुपर्नेछ। महिलाको हकमा तौल ४२ किलो र गर्भवती नभएको हुनुपर्नेछ। शैक्षिक योग्यता साधारण लेखपढ गर्न जानेको हुनुपर्नेछ। त्यस्तै, नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, राजनीतिक दलको सदस्यता नलिएको, आतंककारी तथा ध्वंसात्मक गतिविधिमा संलग्न भएको हुनुपर्नेछ।

इन्च, ५० केजी तौल तथा महिलाको हकमा कम्तीमा ४ फिट १० इन्च उचाइ, ४२ केजी तौल र गर्भवती नभएको/नरहेको हुनुपर्ने मापदण्ड छ। छनोट भएका निर्वाचन प्रहरीलाई १० दिन तालिम र ३० दिन फिल्डमा खटाउने गरी भर्ना गर्न लागिएको हो। छनोट भएको युवालाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले १० दिन आधारभूत तालिम दिनेछ। र, एक महिनाका लागि निर्वाचन सुरक्षार्थ परिचालन गरिनेछ।

एमालेमा असन्तुष्टिपछि धमाधम फेरिँदै उम्मेदवार

पौडेल रुपन्देहीमै फर्किए, पोखरेल दाङ २ बाट लड्ने, भट्टराई र बाँस्कोटा टिकटबाट वञ्चित

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले अधिकांश उम्मेदवार टुंगो लगाएसँगै कतिपय क्षेत्रमा असन्तुष्टि देखिएको छ। एघारौं महाधिवेशनमा अध्यक्षमा पराजित ईश्वर पोखरेललाई समर्थन गरेकालाई टिकटमा प्राथमिकता नदिइएको गुनासो बढेपछि अध्यक्ष केपी ओलीले कतिपय क्षेत्रको निर्णय अदलबदल गरेका छन्।

उपमहासचिव योगेश भट्टराईले केन्द्रीय कार्यालयमा उम्मेदवार छनोटप्रति चारबुँदे नोट अफ डिसेन्ट लेखेलगत्तै दबाबमा परेका ओलीले सचिवालयको निर्णयबाट टुंगिसकेका कतिपय उम्मेदवार अदलबदल गरेका हुन्। भट्टराईलाई ओलीले टिकटबाट वञ्चित गरेका छन्। उनले अघिल्लोपटक जितेको ताप्लेजुङमा क्षितिज थेबेलाई टिकट दिइएको छ।

अध्यक्षमा पराजित पोखरेल सिफारिस भएको काठमाडौं ५ मा उम्मेदवारको निर्णय भएको छैन। पोखरेल उठ्ने-नउठ्ने अन्तिम टुंगोमा पुगेका छैनन्। यद्यपि, अध्यक्ष ओलीले उनीसँग पनि सम्पर्क गरेर परामर्श गरेका छन्। पोखरेलले सोमबारसम्म अन्तिम निर्णयमा पुग्ने जानकारी गराएका छन्। उपाध्यक्ष विष्णु पौडेल लामो समयदेखि उठेर जित्दै आएको रुपन्देही २ छाडेर पाल्पा २ मा जाने निर्णयले लुम्बिनी प्रदेशमा गलत सन्देश जाने भन्दै नेता-कार्यकर्ता असन्तुष्ट देखिएपछि उनको उम्मेदवारी पुरानै क्षेत्रमा कायम हुने गरी फिर्ता भएको छ। ०६४ मा तत्कालीन माओवादीले जित्दासमेत पौडेल रुपन्देही २ बाटै विजयी भएका थिए। तर, अहिले पाल्पा जाँदा लुम्बिनीमै कमजोर भएको सन्देश जाने देखिएको भन्दै पौडेललाई पुरानै क्षेत्रमा उठ्न अध्यक्ष ओलीले निर्देशन दिएका छन्। पाल्पा २ बाट अघिल्लोपटक ठाकुर गैरे विजयी भएका थिए।

पोखरेलकै समूहबाट महासचिव उठेका सुरेन्द्र पाण्डेलाई पनि टिकट दिइएन। उनले उठ्ने रुचि नै नदेखाएका कारण तलैबाट कमिटीहरूले नाम सिफारिस गरेका थिएनन्। यद्यपि, ओलीले उनलाई बोलाएर परामर्श नगरेकोमा पोखरेलनिकट नेता-कार्यकर्ता असन्तुष्ट छन्। तर, ओलीनिकट एक पदाधिकारीले भने पाण्डेबाट सहमति लिएरै निर्णय गरेको दाबी गरे।

उपमहासचिव भट्टराईलाई अध्यक्ष ओलीले नै ताप्लेजुङमा यसपटक जित्ने सम्भावना नभएको भन्दै टिकट होल्डमा राखेका थिए। सो क्षेत्रमा राष्ट्रिय युवा संघका अध्यक्ष क्षितिज थेबेलाई टिकट दिने निर्णय सुनाएर भट्टराईलाई भने झापा १ मा उठ्न ओलीले आग्रह गरेको एक पदाधिकारीले बताए। तर, भट्टराईले क्षेत्र नफेर्ने अडान राखेर अस्वीकार गरेका छन्। पोखरेल समूहबाट पदाधिकारीमा उठ्नेमध्ये अहिलेसम्म उनीसहित उपाध्यक्ष गोकर्ण विष्टको मात्र टिकट निश्चित भएको छ। पोखरेल समूहबाटै उपाध्यक्षमा उम्मेदवार बनेकी विन्दा पाण्डे, उपमहासचिवका उम्मेदवार बैजनाथ चौधरी, सचिवका उम्मेदवार कृष्णगोपाल श्रेष्ठ, कर्ण थापा, अग्नि खरेल, गोकुल बाँस्कोटालगायतले टिकट पाएनन्।

सचिवमै उठेका विनोद ढकालको क्षेत्र होल्ड गरिए पनि ओलीले उनलाई आफ्नै निवास रहेको क्षेत्रमा उठ्न आग्रह गरेका छन्। त्यससँगै उनलाई ओलीले मोरङ ६ को टिकट दिएका छन्। 'मलाई नेताहरू र साथीभाइ शुभचिन्तकहरूले आफ्नै निवास भएको क्षेत्रमा उठ्न आग्रह गर्नुभो, त्यसअनुसार मलाई अध्यक्षले त्यही क्षेत्रको टिकटको निर्णय सुनाउनुभएको छ,' ढकालले भने।

ओलीले महासचिव शंकर पोखरेलकै टिकट एक दिन होल्ड गरेका थिए। तर, अध्यक्षसँगको परामर्शमा पोखरेलले पुरानै क्षेत्र दाङ २ को टिकट लिएका छन्। दाङ १ को उम्मेदवार टुंग्याउने जिम्मा पनि उनलाई नै दिइएको छ।

ओली प्यानलबाटै निर्वाचित उपाध्यक्ष रघुजी पन्तले टिकट पाएनन्। सचिव भानुभक्त ढकाललाई मोरङबाट तेह्रथुममा उठ्ने गरी टिकट दिइएको छ। अर्का सचिव डा. राजन भट्टराई काठमाडौं ४ बाट उठ्ने-नउठ्ने टुंगो लागेको छैन। कांग्रेसका सभापति गगन थापासँग पराजित हुँदै आएका उनले खासै रुचि नराखेपछि प्रदेश कमिटी सदस्य तथा बुढानीलकण्ठका पूर्वमेयर उद्धव खरेल अग्रसर भएका छन्।



ओखलढुंगा, सोलु र कास्कीमा बढी असन्तुष्टि

नजित्ने उम्मेदवारले टिकट पाएको गुनासो र फेरबदल गर्न दबाबपछि अध्यक्ष ओलीले आइतबारै चारवटा निर्वाचन क्षेत्रको उम्मेदवारै फेरबदल गरेका छन्।झापा ४ मा मनोज ताम्लीको नाममा निर्णय भएकोमा फेरेर एलपी साँवालाई टिकट दिइएको छ। बझाङमा अफिलाल ओखेडा र कञ्चनपुर १ मा कमला बोहराको नाममा निर्णय सार्वजनिक भएकोमा दुवै उम्मेदवारलाई ब्याक गरिएको छ। उनीहरूको स्थानमा बझाङमा ऐन महर र कञ्चनपुर १ मा तारा लामा तामाङले टिकट पाएका छन्। ओखलढुंगामा अस्मिता थापालाई प्रतिनिधिसभा उम्मेदवार बनाउने केन्द्रको निर्णयविरुद्ध जिल्ला अध्यक्ष दानबहादुर खड्काले जिल्ला कमिटीकै तर्फबाट विज्ञप्ति निकाली फेरबदल नगरिए सहयोग नगर्ने चेतावनी दिएका छन्। उम्मेदवार बन्ने चाहनासमेत नभएकी थापाको नाममा निर्णय भएको भन्दै आपत्ति जनाइएको छ। ओखलढुंगाबाट केन्द्रीय सदस्य यज्ञराज सुनुवार मुख्य आकांक्षी थिए। सोलुखुम्बुमा जिल्ला अध्यक्ष डुफकुमार बाँस्तोलालाई उम्मेदवार नबनाई सचिव कल्पना राईलाई बनाउँदा चुनाव नजित्ने भन्दै जिल्लाका अगुवा नेता-कार्यकर्ताले निर्णय सच्याउन दबाब अभियान अगाडि बढाएका छन्। कास्की २ मा अघिल्लोपटक उम्मेदवार नबन्ने घोषणा गरेका र मेयर तथा सांसद दुवैमा चुनाव हारेका कृष्ण थापालाई नै जबर्जस्ती टिकट थमाइएको भन्दै असन्तुष्टि चुलिएको छ। उनको स्थानमा अखिलका पूर्वउपाध्यक्ष युवा नेता रश्मि आचार्यलाई टिकट दिइनुपर्ने जिल्ला नेतृत्व र स्थानीय कमिटीका अगुवा नेता-कार्यकर्ताले केन्द्रमा दबाब बढाएका छन्।

योगेशको चारबुँदे फरक मतमा के छ ?



प्रतिनिधिसभाको प्रत्यक्षतर्फ टिकट वितरणको निर्णयमा असहमति जनाएका उपमहासचिव योगेश भट्टराईले आइतबार पार्टी कार्यालयमा चारबुँदे 'नोट अफ डिसेन्ट' दर्ता गराएका छन्। टिकट वितरणमा मापदण्ड नमिलेको, प्रतिनिधिसभा उम्मेदवारमा प्रतिस्पर्धाको वेलामा पक्षधरता देखिएको, कार्यकर्तामाथि अन्याय भएको लगायतका विषय राखेर नोट अफ डिसेन्ट लेखेका छन्।

'मापदण्ड नबनाई उम्मेदवार छनोट गर्दा योग्यता, क्षमता, बौद्धिकता, पार्टीप्रतिको निष्ठा तथा निरन्तरताभन्दा पनि नेतृत्वको इच्छा र पक्षधरतालाई आधार मानिएको देखिन्छ। कुनै ठाउँमा त्यही विशेषताको व्यक्तिलाई उम्मेदवार बनाइएको छ भने अर्को ठाउँमा त्यस्तै विशेषताका व्यक्तिलाई छनोटबाट वञ्चित गरिएको छ। जसले गर्दा पार्टी निर्णयलाई देशव्यापी रूपमा एकै स्वरले समर्थन प्राप्त हुन सकेन,' उनले भनेका छन्। छनोटमा पक्षधरता देखिएकाले चुनावमा आन्तरिक एकता कमजोर हुन सक्नेप्रति भट्टराईले चिन्ता जनाउँदै प्रभावशाली नेताहरूले चुनौतीपूर्ण क्षेत्रबाट उम्मेदवारी दिनेभन्दा पनि पुरानो क्षेत्र छाडेर सुरक्षित क्षेत्र जाने कुराले पनि गलत सन्देश गएको नोट अफ डिसेन्टमा लेखेका छन्।

५१ जना नयाँ अनुहार

लुम्बिनीअन्तर्गत रुपन्देही १, २ र ४, कपिलवस्तु २, दाङ १ र २, बाँके २ र रुकुमपूर्वको मात्र टिकटको टुंगो लाग्न बाँकी छ। बागमतीअन्तर्गत काठमाडौं ४, ५, ७ र ९, काभ्रे २, ललितपुर ३, मधेशअन्तर्गत महोत्तरी ३ र सर्लाहीको १ र २, पर्साको १ र २ मा उम्मेदवारको टुंगो लाग्न बाँकी छ। चितवन १ मा पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले रुचि नराख्दा कमलराज पाठकलाई उम्मेदवार बनाइएको छ। २४ उम्मेदवार टुंगिन बाँकी रहँदा एमालेले नयाँ र युवा अनुहारलाई प्राथमिकता दिएको छ। कैलाली १ मा द्वारिका न्यौपाने, २ मा सूर्यबहादुर थापा, ५ मा यज्ञराज ढुंगाना, डोटीमा दीपक धामी, इलाममा सुहाङ नेम्वाङसहित एक दर्जनभन्दा बढी प्रत्यक्षमा युवा अनुहार उम्मेदवार बनेका छन्। पुरानाबाहेक यसपटक ५१ जना नयाँ उम्मेदवारले अवसर पाएका छन्।

सर्वोच्च पुग्यो कांग्रेस विवाद, भोलि सुनुवाइ

शिल्पा कर्ण/नयाँ पत्रिका

कांग्रेसको आधिकारिकता विवाद सर्वोच्च अदालत पुगेको छ। निर्वाचन आयोगले शुक्रबार गरेको निर्णय बदरको माग गर्दै पार्टीका पूर्वसभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका हुन्।

रिटमा खड्काको नेतृत्वमा रहेको कांग्रेसको केन्द्रीय कार्यसमितिलाई यथावत् रूपमा काम-कारबाही गर्न दिनू भनी विपक्षीका नाममा परमादेश जारी गर्नसमेत माग गरिएको छ। रिट निवेदनमा भनिएको छ, 'नेपाली कांग्रेसको विधानको गलत व्याख्या गरी निर्णय गरिएको छ। ०८३ वैशाख २८ देखि ३१ गतेसम्म नियमित महाधिवेशनको कार्यतालिका प्रकाशित भई सोअनुसार प्रक्रिया अगाडि बढिरहेको अवस्थामा आवश्यक प्रमाण नबुझी अवैधानिक समितिलाई आधिकारिक ठहर गर्दै निर्वाचन आयोगले २०८२ माघ २ गते गरेको निर्णय गैरसंवैधानिक तथा गैरकानुनी छ। सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी हाल कायम कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा रहेको केन्द्रीय कार्यसमितिलाई यथावत् काम-कारबाही गर्न दिन परमादेश जारी गरिपाऊँ।'

सर्वोच्च अदालत प्रशासनका अनुसार उक्त रिटको पेसी मंगलबारका लागि तोकिएको छ। रिटमा निर्वाचन आयोगसहित विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा तथा विशेष अधिवेशनबाट निर्वाचित कांग्रेस कार्यसमितिलाई विपक्षी बनाइएको छ।

देउवा पक्षले पार्टी विधानअनुसार केन्द्रीय सभापतिलाई हटाउन तत्काल कायम दुईतिहाइ महाधिवेशन प्रतिनिधिको समर्थन आवश्यक हुने र पदाधिकारी हटाउन ६० प्रतिशत बहुमत चाहिने व्यवस्था हुँदाहुँदै ती प्रावधानलाई बेवास्ता गरिएको दाबी गरेको छ।

गत २७ देखि ३० पुससम्म कांग्रेसको एक पक्षले विशेष महाधिवेशन आयोजना गरी गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो। सो विशेष महाधिवेशनलाई मान्यता दिँदै निर्वाचन आयोगले थापा नेतृत्वको कार्यसमितिलाई शुक्रबार आधिकारिकता दिएपछि संस्थापन पक्ष सर्वोच्च पुगेको हो।

रिटमा थप भनिएको छ, 'विधानमा रहेको अविश्वास प्रस्ताव, प्रत्यक्ष तथा केन्द्रीय महाधिवेशन प्रतिनिधिको पदावधि र नियमावली बनाउने अधिकारको व्याख्या गर्दा पहिले नै 'म्याचफिक्सिङ'जस्तो गरी निर्णय गरिएको देखिन्छ। नेपाली कांग्रेसको ठुलो पंक्तिलाई निर्वाचन प्रक्रियाबाट बाहिर राख्ने प्रपञ्च संविधानले राजनीतिक दल खोल्न, सञ्चालन गर्न र निर्वाचनमा सहभागी हुन दिएको मौलिक हकविरुद्ध छ।'

रिट दर्ता गर्न कांग्रेस नेताहरू खड्कासहित प्रकाशमान सिंह, विमलेन्द्र निधिलगायत नेताहरू सर्वोच्च अदालत पुगेका थिए। निवेदनमा १५औं विशेष महाधिवेशन नाम दिइएको उक्त अधिवेशन अवैध रहेको दाबी गरिएको छ। २०७८ मंसिरदेखि कार्यभार सम्हालेको केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भइसकेको दाबी गर्दै निर्वाचन पदाधिकारीको पदसमेत कायम नरहने तर्क निवेदकले गरेका छन्।

निवेदनमा विधानअनुसार वडा तहदेखि क्रमशःअधिवेशन सम्पन्न गर्दै केन्द्रीय महाधिवेशन गर्नुपर्नेमा आफूअनुकूल विधानको व्याख्या गरी विशेष महाधिवेशनमार्फत मात्र नेतृत्व चयन गरिएको भन्दै त्यसलाई सुरुदेखि नै बदरभागी ठहर गर्न माग गरिएको छ।

देउवा पक्षले विशेष महाधिवेशन जहिले पायो त्यतिवेला, जसले पायो त्यसले बोलाउन सक्ने अधिकार विधानले नदिएको पनि जिकिर गरेको छ। विशेष महाधिवेशन आह्वान गर्ने अधिकार महामन्त्रीलाई नभएको र विधानले नदिएको अधिकार सिर्जना गर्न नसकिने दाबी पनि निवेदनमा छ।

अदालतको निर्णय मान्य हुनेछ : खड्का



कांग्रेस नेता पूर्णबहादुर खड्काले सर्वोच्च अदालतको निर्णय सबैका लागि स्वीकार्य र मान्य हुने बताएका छन्। आइतबार साँझ सामाजिक सञ्जालमार्फत उनले रुख चुनाव चिह्नबाहेक अन्य विकल्प कल्पना गर्न नसकिने उल्लेख गरेका छन्। 'पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकको सर्वसम्मत निर्णयअनुसार सबैको तर्फबाट न्याय पाउने विश्वासका साथ आज हामी सर्वोच्च अदालत गएका हौं। सर्वोच्च अदालतको निर्णय हामीलाई स्वीकार्य र मान्य हुनेछ। रुख चुनाव चिह्नबाहेक अन्यथा सोच्न र कल्पना पनि गर्न म सक्दिनँ। नयाँ पार्टी खोल्छन्, स्वतन्त्र उम्मेदवारको रूपमा उठ्छन् जस्ता बजारमा आएका गलत हल्लाहरूको पछि नलाग्न पार्टीका सबै साथीहरू, शुभेच्छुकहरू र हाम्रा आममतदाताहरूमा हार्दिक अनुरोध र अपिल गर्दछु,' खड्काले लेखेका छन्।

मनोनयन मिति सार्न माग गर्दै देउवा पक्ष निर्वाचन आयोगमा

कांग्रेसको देउवा पक्षले ६ माघमा तोकिएको प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको मनोनयन दर्ता मिति सार्न माग गर्दै निर्वाचन आयोगमा निवेदन दिएको छ। गगन थापा पक्षलाई आधिकारिकता दिने आयोगको निर्णयविरुद्ध आइतबार सर्वोच्च अदालतमा रिट दायर गरेलगत्तै देउवा पक्ष आयोग पुगेर निर्वाचन कार्यक्रम स्थगनको माग गरेको हो।

देउवा पक्षका पार्टी मुख्यसचिव कृष्णप्रसाद पौडेल, पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती र अधिवक्ता केशवराज जोशी आयोग पुगेर निवेदन दर्ता गराएका हुन्। अधिवक्ता जोशीका अनुसार मुलुकको पुरानो र लोकतान्त्रिक दललाई निर्वाचन प्रक्रियाबाट वञ्चित गर्ने प्रयास देखिएकाले सर्वोच्चमा रिट र आयोगमा निवेदन दिइएको हो। उनले सर्वोच्च अदालतबाट रिट निवेदनको अन्तिम किनारा नलागेसम्म प्रतिनिधिसभा निर्वाचनका मनोनयनलगायत सम्पूर्ण कार्यक्रम स्थगन गर्न माग गरिएको बताए।

मीन विश्वकर्माको प्रस्ताव- आधा टिकटमा देउवाको, आधामा गगनको हस्ताक्षर


कांग्रेसका निवर्तमान प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आगामी निर्वाचनमा दुवै पक्ष मिलेर जानुपर्ने प्रस्ताव गरेका छन्। देउवानिकट विश्वकर्माले सामाजिक सञ्जालमार्फत आधा टिकटमा देउवाले र बाँकी आधामा गगन थापाले हस्ताक्षर गरेर सहमतिका आधारमा उम्मेदवार चयन गर्न सुझाएका छन्। 'हिजो उम्मेदवारको टिकटमा कसको हस्ताक्षर हुने भन्ने विवाद थियो। आधामा देउवाले गर्नुभयो। बाँकीमा अब गगनले गर्नुहुन्छ। सबैको सहमतिमा उम्मेदवार चयन गरौं। उत्साहका साथ निर्वाचनमा कांग्रेसी उम्मेदवारको पक्षमा भोट माग्ने वातावरण बनाऔं। यसका लागि देउवा, गगन, पूर्णबहादुर, शेखर एकठाउँमा अहिलै बस्नुस्। घेराबन्दीबाट बाहिर आउनुहोस् र निर्णय गर्नुहोस्,' विश्वकर्माले भनेका छन्।

संक्षेप

प्रसाईंविरुद्ध साइबर ब्युरोमा उजुरी

काठमाडौं/ निर्वाचन आयोगले मेडिकल व्यवसायी दुर्गा प्रसाईंविरुद्ध नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएको छ। सामाजिक सञ्जालमार्फत भ्रामक सूचना फैलाउने कार्यमा संलग्न भएको भन्दै आयोगले उनीविरुद्ध उजुरी दिएको हो। विशेष महाधिवेशन पक्षधर गगन थापालाई कांग्रेसको आधिकारिक मान्यता दिने क्रममा ५२ करोडको चलखेल भएको भन्दै प्रसाईंले भ्रामक सूचना फैलाएको आयोगको दाबी छ। आयोगका प्रवक्ता नारायण भट्टराईले प्रसाईंविरुद्ध साइबर ब्युरोमा उजुरी दिएको बताए। 'उहाँले सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह गरेको देखिन्छ। सोही बुझ्न भन्दै ब्युरोमा निवेदन दिएका छौं, अन्यथा केही होइन,' उनले भने। कांग्रेसको आधिकारिता टुंग्याउने विषयमा रकम लेनदेन भएको भन्दै उनले फैलाएको भिडियो सम्बन्धमा आयोगले आइतबार बैठक नै राखेको थियो। छलफलपछि प्रसाईंविरुद्ध उजुरी दिन बैठकले निर्णय गरेको थियो। सोही निर्णयपछि आयोगले ब्युरोमा उजुरी दिएको हो। प्रसाईंले शुक्रबार पत्रकारहरूमाझ रकम लेनदेन भएको दाबी गर्दै भिडियो सार्वजनिक गरेका थिए।

नयाँ पत्रिकाकर्मी विश्वकर्मालाई इप्पान जर्नो अवार्ड




काठमाडौं/ नयाँ पत्रिकाकर्मी मिलन विश्वकर्मा 'इप्पान जर्नो अवार्ड-२०२६' बाट सम्मानित भएका छन्। इप्पानले पहिलो संस्करणको 'इप्पान जर्नो अवार्ड-२०२६' बाट विश्वकर्मालाई सम्मान गरेको हो। ऊर्जा क्षेत्रमा निरन्तर र गुणस्तरीय रिपोर्टिङ गर्ने एक पुरुष र एक महिला पत्रकारलाई सम्मान गर्ने उद्देश्यसहित इप्पानले यस वर्षदेखि 'इप्पान जर्नो अवार्ड' वितरण सुरु गरेको छ। त्यसमा यस वर्ष खुला प्रतिस्पर्धाबाट पुरुषतर्फ विश्वकर्मालाई सम्मान गरिएको हो। लामो समयदेखि ऊर्जा क्षेत्रमा कलम चलाउँदै आएका विश्वकर्मा नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का कोषाध्यक्षसमेत हुन्। यस्तै, महिलातर्फ कान्तिपुर दैनिकमा कार्यरत सीमा तामाङलाई पुरस्कार प्रदान गरिएको छ। आइतबार काठमाडौंमा आयोजित २६औं इप्पान डे कार्यक्रमका अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले उनीहरूलाई नगद ५१-५१ हजार रुपैयाँसहितको अवार्ड प्रदान गरेका हुन्।

वीर अस्पतालमा थपिए २० आकस्मिक शय्या

काठमाडौं/ बिरामीको अत्यधिक चाप हुने देशकै जेठो अस्पताल वीरले आकस्मिक कक्ष थप गरेको छ। ३५ शय्या रहेकामा २० वटा थप गरेर ५५ शय्या पुर्‍याइएको हो। शय्या आइतबारदेखि सञ्चालनमा आएको छ। बिरामीको चाप अत्यधिक, तर शय्या कम भएपछि आकस्मिक कक्षमा आएका बिरामीसमेत फर्काउनुपर्ने बाध्यतासमेत थियो। एउटै बेडमा दुई-तीनजना बिरामीसम्म राखेर उपचार गर्नुपर्ने बाध्यता थियो। अस्पतालका निर्देशक डा. दिलीप शर्माका अनुसार अझै ५५ बाट पनि संख्या थप गरिनेछ। आकस्मिक कक्ष विस्तार र बिरामीलाई खाना पकाउने कक्ष विस्तारमा करिब सात करोड खर्च भएको उनले बताए। 'यसबाट गरिब र विपन्न बिरामीलाई थप राहत मिल्नेछ,' उनले भने, 'बिरामीको संख्या हेर्दा यतिले अझै पुग्दैन, किनकि वीरमा बिरामी संख्या अत्यधिक हुन्छ, पहिलेभन्दा अझ सहज र प्रभावकारी सेवा मिल्नेछ, वीर अस्पताल राम्रो बनाउनु भनेको गरिब तथा सर्वसाधारणको उपचार सहज पार्नु हो।' उनका अनुसार अब छिट्टै ७५ शय्या पुर्‍याइनेछ। तर, स्वास्थ्य बिमाको ४० करोडको सरकारबाट नआएकाले अन्य कार्य गर्न कठिन भएको उनले बताए।

स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशकले दिए राजीनामा

नयाँ पत्रिका



डा. रघुराज काफ्ले

स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले राजीनामा दिएका छन्। बिमामा देखिएका समस्या समाधानमा सरकारले सहयोग नगरेको भन्दै उनले आइतबार स्वास्थ्यमन्त्रीसमक्ष राजीनामा बुझाएका हुन्। सरकारले आर्थिक वर्ष ०८२/८३ को बजेट नीति तथा कार्यक्रममै हरेक महिना स्वास्थ्य बिमाको भुक्तानी गरिने भनेर घोषणा गरेको थियो। तर, चार पाँच महिनादेखिको बक्यौता अर्थ मन्त्रालयले रोकेको थियो।

पछिल्लो समय बिमा सेवाप्रदायक संस्थाहरूलाई दिनका लागि बोर्डले ११ अर्ब रुपैयाँ सरकारसँग माग गरेको थियो। अर्थ मन्त्रालयले रकम दिन असहमति जनाएपछि काफ्लेले राजीनामा दिएका हुन्। पछिल्लो समय संघीय अस्पतालहरूले धमाधम स्वास्थ्य बिमा कार्यक्रम स्थगित गरेका छन्। बिमा कार्यक्रम रोक्दा सेवाग्राहीलाई मर्का पर्ने गरेको छ। तर, स्वास्थ्य मन्त्रालयले आवश्यक पहल नगर्दा सेवाग्राहीले बिमा सेवामा सास्ती खेप्नुपरेको हो। 'विगतका वर्षहरूदेखि परीक्षण हुन नसकी थन्किएर बसेका करिब दुई करोड दाबी समीक्षा सम्पन्न गरी भुक्तानीसमेत भएको थियो, फेरि बाँकी भुक्तानी बढ्दै गयो,' काफ्लेले भने, 'सरकारले बिमालाई प्राथमिकतामा राख्ने र समस्या बुझ्ने गरेको पाइएन।' उनका अनुसार दाबी समीक्षा समयमा नहुँदा उत्पन्न समस्या हल गर्न दाबीमा अत्याधुनिक सूचना प्रविधिको प्रयोग आरम्भ भएको थियो। त्यस्तै, प्रत्येक अघिल्लो महिनाको दाबी नयाँ महिनाको १५ गतेभित्र परीक्षण गरी सक्न आधार तयार पारे पनि रकम भुक्तानी नहुँदा काम गर्न नसक्ने स्थित आएको काफ्लेले बताए।

नेपालमा ०७२ देखि सुरु भएको स्वास्थ्य बिमा कार्यक्रमले ०७४ मा ऐन बनेपछि मात्रै पूर्णता पाएको थियो। तर, यो कार्यक्रमबाट सेवा लिँदा बिरामी हैरान छन्। उपचारका लागि पुगेका बिरामीहरू बिमा सेवा लिँदा थप बिरामी पर्छन्। घण्टौंसम्म लाइन लाग्नुपर्ने, सर्भर बिग्रने समस्या, महँगो र बिमामा समेटिएका सबै औषधि नपाइने, बिमा सेवा लिँदा अनेकौं कागजात चाहिनेलगायत झन्झटका कारण बिरामी आजित हुने गरेका छन्। तर, अस्पतालहरूले भने बिमाबाट उपलब्धि गराउने उपचार सेवालाई सहज पार्नतर्फ चासो दिएका छैनन्। सरकारबाट भुक्तानी लिन बाँकी रहेको र उधारो सेवा दिनुपरेको भन्दै उनीहरूले बिरामीलाई सास्ती दिने गरेका छन्।

महानगरमा बालेनका तीन वर्ष आठ महिना

सेवाप्रवाहमा जिम्मेवार, समन्वय र सहकार्यमा कमजोर

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशका पुराना र ठुला दलहरूलाई पछि पार्दै ०७९ को चुनावमा भारी मतान्तरले चुनाव जितेका बालेन्द्र शाह बालेनले १६ महिना कार्यकाल बाँकी छँदै आइतबार राजीनामा दिए। संघीय सरकार हाँक्ने उद्देश्यले उनले राजीनामा दिएका हुन्। फरक कोणबाट राजनीतिमा उदाएका बालेनले २१ फागुनमा तय प्रतिनिधिसभा निर्वाचनमा झापा ५ बाट उम्मेदवार बन्न आइतबार उपप्रमुख सुनिता डंगोलसमक्ष राजीनामा दिएका हुन्।

तर, एक वर्षभन्दा बढी कार्यकाल बाँकी छँदै संघीय चुनावमा उठ्ने हतारोमा राजीनामा दिएपछि उनको राजनीतिक यात्रा कस्तो हुने हो भन्ने आमचासोको विषय बनेको छ। अझ उनले एमाले अध्यक्ष केपी ओलीकै क्षेत्र ताकेर चुनाव लड्ने तयारी गरेपछि सर्वत्र चर्चा बढेको छ।

महानगरमा तीन वर्ष आठ महिनाको अवधिमा सेवाप्रवाहमा सुधार देखिए पनि समन्वय र सहकार्यमा भने कमी देखियो। बालेनले सुरुवाती चरणमा अवैध संरचना हटाउने, टुकुचा खोला उत्खनन गर्ने, सडक विस्तार गर्नेलगायत काम थालेका थिए। उनकै कारण देशभरि नै डोजर चलाउने र अवैध संरचना हटाउने लहर चल्यो। उनले लामो समयदेखि नदी अतिक्रमण हटाउन खोजे पनि केन्द्र सरकारले अहयोग गर्दा काम पूरा गर्न सकेनन्। 'उनले केन्द्र सरकारलाई कडै रूपमा खबरदारी गरे, तर खबरदारी गर्ने शैली धम्क्याउ भयो, माथिल्लो सरकारको बैठकमा भाग नलिने, आफ्ना कुरा नराख्ने, भेटघाट दिएनन्,' स्थानीय शासनविज्ञ खिमलाल देवकोटाले भने, 'तर, उनले पब्लिक सर्भिसमा ख्याल गरे, कर्मचारीलाई इमानदार बनाए, तैपनि समन्वय र सहकार्यमा कमी देखिए।' साथै, झुक्न नखोज्ने र आक्रोशित हुने स्वभावले उनले जति गर्न सक्ने त्यति काम गर्न नसकेको उनले बताए।



राजनीतिक अध्येता हरि शर्मा बालेनको कार्यकाल सन्तोषजनक नभएको बताउँछन्। 'बालेनले विकास निर्माण कार्यक्रममा भाग लिएको देखिएन। आफ्नै नगरपालिकाको बैठकमा पनि भिडन्त मात्रै भएको देखियो, बैठक समयमा बस्दै बस्नुभएन,' उनले भने, 'तर, बाहिर बालेनले राम्रो गर्‍यो भन्ने मात्रै हल्ला चलाइयो, जे पनि बालेनले गरेका भनेर भनियो, तर बालेनले आफूलाई ठिक रूपमा प्रस्तुत गरेजस्तो लागेन, उनले जनतासँग भेटेनन्, जनमत सुनेनन् भन्ने लाग्छ।'

स्थानीय शासनविज्ञ देवकोटा भने पारदर्शिता, वित्तीय अनुशासन, सुशासन, संस्थाप्रतिको जवाफदेहितामा बालेनले शतप्रतिशत अंक पाउने उनले बताए। 'पारदर्शिता, वित्तीय अनुशासन, सुशासन, संस्थाप्रतिको जवाफदेहितामा उहाँले राम्रो गर्नुभयो,' उनले भने, 'काठमाडौं महानगर स्रोत-साधनले भरिपूर्ण संस्था भएकाले अझै धेरै पहिचान गर्न सकिन्थ्यो, समन्वय र सहकार्यमा कमजोरी देखिए पनि उनले आफ्ना मतदातालाई खुसी बनाएका छन्।'

मेयर निर्वाचित भएलगत्तै १३ जेठ ०७९ मा बालेनले भनेका थिए, 'निर्वाचनको जुन परिणाम आएको छ, त्यो विजयभन्दा पनि हाम्रो एउटा कार्यको सुरुवात हो। अबको पाँच वर्षमा हाम्रो भिजन, एजेन्डालाई पूर्ण रूपमा लागू गर्नेछौं, महानगरवासीलाई परिवारका रूपमा लिएका छौं। हामी सधैं परिवार थियौं, परिवार नै रहनेछौं। सबै मिलेर काठमाडौंलाई देशकै मात्र नभएर विश्वकै सुन्दर र उत्कृष्ट सहर बनाउन सहकार्य गर्छौं भन्ने आशा राखेका छौं।' उनी ०७९ मा ६१ हजार ७६७ मतसहित निर्वाचित भएका थिए।

०७९ को निर्वाचनमा बालेनले आफ्नो चुनावी घोषणापत्रमा डिजिटल सरकारदेखि आइडिया बैंकसम्मका योजना अघि सारेका थिए। महानगरवासीलाई व्यक्तिगत घटना दर्ता, वृद्धभत्ता वितरणसम्बन्धी सेवा घर-घरमै पुगेर दिने उनको बाचा थियो। उनले युवालक्षित करिअर परामर्श र कोचिङ कक्षा उपलब्ध गराउने घोषणा गरेका थिए। कक्षा एकदेखि आठसम्मको पाठ्यक्रम परिमार्जन गर्ने, त्यसमा इतिहास, नयाँ ढंगले फोहोर व्यवस्थापन गर्ने, योग, आयुर्वेदजस्ता पौराणिक शिक्षा लिने घोषणापत्रमा उल्लेख गरेका थिए।

शिक्षामा कायापलट, स्वास्थ्य कम सुधार

बालेनले घोषणापत्रको बुँदा १ मै सामुदायिक विद्यालयमा सुधार ल्याउने, छात्रवृत्तिलाई पारदर्शी बनाउने बाचा गरेका थिए। साताामा एक दिन शिक्षामा सिप कार्यक्रम सञ्चालन गर्ने, स्थानीय पाठ्यक्रम सुधार गर्नेलगायतमा उनले प्रभावकारी काम देखाएका छन्। हाल महानगरभित्रका निजी विद्यालयमा ३० हजारभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति दिलाएका छन्। तर, घोषणापत्रमा समेटेजसरी कक्षा आठसम्मको पाठ्यक्रम भने परिमार्जन हुन सकेन। उनले निजी विद्यालयको नाम नेपालीकरण गर्ने, सामुदायिक विद्यालयका कक्षाकोठा फराकिलो पार्ने, डिजिटल शिक्षामा जोड दिने र सामुदायिक विद्यालयले अनधिकृत रूपमा भाडामा लगाएको सटर खाली गरेर उदाहरणीय काम गरे। बालेनले चुनावी घोषणापत्रमा महानगरभित्रका अस्पतालमा १० शय्या निःशुल्क उपचार सेवा कार्यान्वयन गराउने घोषणा गरेका थिए। त्यो पूरा गरे। उनले स्थानीय प्राथमिक स्वास्थ्य केन्द्र निर्माण, वडा स्वास्थ्य चौकी निर्माण, ७० वर्षमाथिकाको निःशुल्क स्वास्थ्य जाँचलगायत प्रतिबद्धता पनि पूरा गरे। तर, महानगरकै फार्मेसी खोल्ने योजनामा भने उनी असफल भए।

सुनीताको काँधमा महानगर



मेयर बालेनले राजीनामा दिएपछि काठमाडौं महानगर प्रमुखको जिम्मेवारी उपप्रमुख सुनीता डंगोलले सम्हालेकी छिन्। मेयरले राजीनामापत्र बुझाएपछि जिम्मेवारी स्वतः डंगोलमा सरेको हो। मेयर शाहले संविधानको धारा २१६ को उपधारा ८ बमोजिम उपप्रमुखलाई राजीनामा बुझाएका हुन्। त्यसलगत्तै डंगोलको अध्यक्षतामा ४६औं नगर कार्यपालिका बैठक बसेको थियो। बैठकको मुख्य प्रस्ताव मेयर शाहको राजीनामापत्र तथा धन्यवाद ज्ञापन सम्बन्धमा थियो। डंगोलले मेयर शाहले दिएको राजीनामापत्र प्रस्तुत गर्दै नगर कार्यपालिकाका सदस्यहरूलाई जानकारी गराएकी थिइन्।

‘रिङआउट’ हुँदै गरेको कांग्रेसमा आशाको सञ्चार

कांग्रेसले नयाँ नेतृत्वसँगै एकढिक्का भई गठबन्धनको बैसाखीमा होइन, आफ्नै विचार, संगठन र जनआधारमा चुनाव जित्ने आत्मविश्वास देखाउन सक्नुपर्छ



● सञ्जीव कार्की

अग्रलेख

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनको सबैभन्दा पुरानो, निर्णायक र ऐतिहासिक राजनीतिक दल हो । बिपी कोइरालाको नेतृत्वमा २००७ सालको राणा शासनविरुद्धको सशस्त्र आन्दोलनदेखि पञ्चायतविरोधी संघर्ष, २०३७ को जनमतसंग्रह, २०४६ को जनआन्दोलन, ०६२/६३ को ऐतिहासिक परिवर्तन हुँदै गणतन्त्र स्थापनासम्म कांग्रेस लोकतन्त्रको मुख्य संवाहकका रूपमा स्थापित रहँदै आयो ।

निर्वासन, दमन, जेलनेल, सर्वस्वहरण, हत्या, बेपत्ता र गम्भीर संगठनात्मक संकटबिच पनि पार्टी टिकिरहनुको आधार यसको वैचारिक प्रतिबद्धता, लोकतान्त्रिक मूल्य र आन्दोलनबाट आर्जित नैतिक पुँजी नै थियो । तर, आज यही कांग्रेस पहिलोपटक इतिहासले दिएको अवसरबाट चिप्लिँदै राजनीतिक केन्द्रबाट बाहिरिएर ‘रिङआउट’ हुने अवस्थामा पुगिसकेको थियो ।

देशका प्रमुख आन्दोलन र परिवर्तनहरूको माउ पार्टी आज इतिहासकै सबैभन्दा कमजोर अवस्थामा आइपुगेको छ । यतिबेला कांग्रेस न नेतृत्वदायी भूमिकामा छ, न त प्रभावकारी सहायक भूमिकामै । ०८२ भदौ २३-२४ पछिको अवस्था केवल एउटा निर्वाचन परिणाम मात्र होइन, यो दीर्घकालीन संरचनागत, वैचारिक र नेतृत्वगत असफलताको प्रत्यक्ष उपज हो । यही अवस्थाले केही गम्भीर प्रश्न उठाएको छ, इतिहासले निर्माण गरेको कांग्रेस आज किन असान्दर्भिक बन्दै गयो ? यसको पुनरुत्थान सम्भव छ ? र फेरिएको नेतृत्वले पार्टीलाई पुनः ऐतिहासिक भूमिकामा फर्काउन सक्छ कि सक्दैन ?

■ **इतिहास : शक्ति कि बोझ** : कांग्रेसको इतिहास संघर्ष, त्याग र निर्णायक नेतृत्वले भरिएको छ । २०१७ पछिका तीन दशक पञ्चायती निरंकुशताविरुद्धको अविराम संघर्ष, २०४६ को संयुक्त जनआन्दोलनमा गणेशमान सिंहको ऐतिहासिक नेतृत्व, २०४७ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन, संविधान जारी र २०४८ को संसदीय निर्वाचन सम्पन्न हुनु कांग्रेस नेतृत्वका प्रमुख उपलब्धि हुन् । त्यसपछि २०५२ पछिको माओवादी सशस्त्र द्वन्द्वको जटिल कालखण्डदेखि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा १२ बुँदे समझदारी, ०६२/६३ को जनआन्दोलन, अन्तरिम सरकार, अन्तरिम संविधान र संविधानसभा निर्वाचन हुँदै सुशील कोइरालाको नेतृत्वमा २०७२ मा गणतान्त्रिक संविधान जारी भई शान्ति प्रक्रिया सम्पन्न हुनु पनि कांग्रेसकै कारण सम्भव भयो । शाहवंशीय शासनको अन्त्य नेपाली राजनीतिका युगान्तकारी उपलब्धि हुन्, जसको केन्द्रमा रह्यो कांग्रेस । संकट र संक्रमणका प्रत्येक मोडमा देशको राजनीतिक मूलधारमा कांग्रेस नै अग्रपंक्तिमा थियो ।

तर, विगतका उपलब्धिलाई वर्तमान असफलताको औचित्य साबित गर्ने प्रवृत्तिले पार्टीलाई आत्मालोचनाबाट विमुख बनायो । इतिहास स्मरण वैचारिक पुँजी हो, तर त्यसैमा अड्किनु राजनीतिक जडता हो ।

■ **वैचारिक विचलन र नीतिगत अस्पष्टता** : कांग्रेसको घोषित विचार ‘लोकतान्त्रिक समाजवाद’ हो । तर, व्यवहारमा न स्पष्ट समाजवादी नीति देखियो, न सुदृढ उदार लोकतान्त्रिक अभ्यास । आर्थिक उदारीकरण, निजीकरण, सामाजिक न्याय, समावेशिता र राज्यको भूमिकाबारे कांग्रेसको दृष्टि अस्पष्ट रहँदा घोषणापत्र र शासन अभ्यासबिच गहिरो अन्तर देखियो, जसले पार्टीलाई वैचारिक रूपमा रिक्त बनायो । विचारभन्दा सत्ता, गणित र कार्यक्रमभन्दा गठबन्धन हाबी हुँदै जाँदा कांग्रेसको राजनीतिक आत्मा क्रमशः कमजोर बन्दै गयो । अवसर वितरणमा नातावाद, कृपावाद र चाकरी हाबी हुँदा कसैलाई अवसरको थुप्रो र कसैलाई निरन्तर अपमान र तिरस्कारको अवस्था सिर्जना भयो, जसले खाँटी नेता कार्यकर्तालाई उदासीन बनायो ।

■ **संगठनात्मक जडता र नेतृत्व संकट** : कांग्रेसभित्र दीर्घकालीन गुटबन्दी संस्थागत भएको छ । आन्तरिक लोकतन्त्र औपचारिकतामा सीमित रह्यो । नेतृत्व चयन वैचारिक प्रतिस्पर्धाभन्दा शक्ति सन्तुलन र सम्झौतामा आधारित बन्यो । पुस्तान्तरण दसकौंदेखि स्थगित थियो । नयाँ पुस्ता निराश हुँदै गयो, पुराना नेताहरू सत्ता र प्रभाव छोड्न तयार भएनन् । यसले संगठनलाई गतिहीन बनायो र युवापुस्तालाई कांग्रेसबाट टाढा धकेल्यो ।

■ **सामाजिक रूपान्तरणसँगको विच्छेद** : नेपाली समाज पछिल्ला दुई दशकमा तीव्र रूपमा रूपान्तरित भएको छ । दलित, महिला, आदिवासी-जनजाति, मधेशी, युवा र सीमान्तकृत समुदायको राजनीतिक चेतना उल्लेख्य रूपमा बढेको छ । कांग्रेसले यी परिवर्तनलाई संरचनागत रूपमा आत्मसात् गर्न सकेन । समावेशिताको समेत खिल्ली उडाइयो, चरम दुरुपयोग गरियो । समावेशिता देखावटी प्रतिनिधित्वमा सीमित रह्यो, नीति-निर्माण र निर्णय प्रक्रियामा रूपान्तरण हुन सकेन । यही कारण कांग्रेस र सीमान्तकृत समुदायबिच दूरी बढ्दै गयो र वैकल्पिक राजनीतिक शक्तिहरूले ठाउँ पाए ।

■ **सत्ताकेन्द्रित राजनीति र नैतिक संकट** : आन्दोलनबाट आर्जित नैतिक पुँजीलाई कांग्रेसले दीर्घकालीन संस्थागत सुधारमा रूपान्तरण गर्न सकेन । शिक्षा, स्वास्थ्य, न्याय र प्रशासन सुधारमा ऐतिहासिक नेतृत्व गर्न सक्ने अवसर, सत्ता साझेदारी र अल्पकालीन राजनीतिक गणितमा सार्टिँदै गए । सैद्धान्तिक विपक्षको भूमिका निर्वाह गर्नुपर्ने समयमा



सत्ता-सम्झौताले प्राथमिकता पायो । जोसुकैसँग र जस्तोसुकै गठबन्धन गरेर पनि सत्ताबाहिर बस्न नसक्ने प्रवृत्तिले पार्टीको नैतिक बल क्षीण बनायो ।

■ **जनतासँग संवादको अभाव** : कांग्रेस सडक, गाउँ, युवा र डिजिटल बहसमा कमजोर छ । सामाजिक सञ्जाल र वैकल्पिक मिडियामा कांग्रेसको आवाज प्रभावकारी छैन । जनताको दुःख, आक्रोश र अपेक्षालाई सुन्ने र सम्बोधन गर्ने राजनीतिक माध्यमका रूपमा कांग्रेसको भूमिका खुम्चिँदै गएको छ ।

■ **पराजयभन्दा ठूलो चेतावनी** : भदौ २४ पछि कांग्रेस ऐतिहासिक भूमिकाबाट राजनीतिक रूपमा पहिलोचोटि ‘रिङआउट’ भयो । पुरानै संरचनामा अड्किरहनु, नयाँ राजनीतिक यथार्थसँग मेल नखानु, स्पष्ट सन्देश दिन नसक्नु र गुटबन्दीमा अल्झिनु यी सबैको संयुक्त परिणाम हो यो अवस्था । यो केवल पराजय होइन, गम्भीर चेतावनी हो । तर, कांग्रेस नेतृत्वले यसलाई गहिराइमा बुझ्ने प्रयासभन्दा विशेष र नियमित महाधिवेशनको बहानामा दुई ध्रुवमा विभाजित हुने बाटो रोजेर गलत अभ्यास गऱ्यो । यद्यपि, पछिल्लो विशेष महाधिवेशनबाट एउटा निकास निस्किएको छ । लोकप्रिय युवाहरू गगन र विश्वको जोडीसँग अरू थुप्रै नयाँ र ऊर्जाशील अनुहार कांग्रेसको नेतृत्वको पंक्तिमा देखिएका छन् । यी युवाहरूको असली परीक्षाको घडी अब सुरु भएको छ ।

■ **पुनरागमनको सम्भावना** : नेपाली कांग्रेस समाप्त भइसकेको दल होइन । यसको विशाल संगठन, लाखौं कार्यकर्ता, ऐतिहासिक छवि र लोकतान्त्रिक वैधता अझै बाँकी छन् । आठ लाखभन्दा बढी क्रियाशील सदस्य, लाखौं समर्थक, ४० प्रतिशत महिलासहित समावेशी प्रतिनिधित्व, १३ भ्रातृ र २६ शुभेच्छुक संस्था तथा देश-विदेशमा फैलिएका ३७ जनसम्पर्क समिति कांग्रेसका वास्तविक शक्ति हुन् । पुनरागमन इतिहासको गौरव दोहोऱ्याएर होइन, गहिरो आत्मालोचना र पुनर्संरचनाबाट मात्र सम्भव छ । त्यसका लागि वैचारिक स्पष्टताको पुनर्स्थापना, आन्तरिक लोकतन्त्रको संस्थागत अभ्यास, साहसी पुस्तान्तरण र नेतृत्व बहिर्गमन, दलित, महिला, युवा र सीमान्तकृत समुदायसँग वास्तविक संवाद र नीतिगत प्रतिबद्धता, साझेदारी, सत्ता होइन, संस्थागत सुधारलाई प्राथमिकताजस्ता विषय कांग्रेस सुधारका आधारभूत र अनिवार्य सर्त हुन् ।

> गगन र विश्वबाट देशले ‘नयाँ अनुहार’ मात्र होइन, नयाँ राजनीतिक संस्कार खोजेको छ । उनीहरू सफल भए कांग्रेस सुधिन्छ; कांग्रेस सुधिए लोकतन्त्र बलियो हुन्छ ।

■ **विधि, प्रतिस्पर्धा र योग्यता** : कांग्रेस अब गुट, नाता र पहुँचको होइन, विधि, प्रतिस्पर्धा र योग्यताको पार्टी बन्नुपर्छ भन्ने अपेक्षा छ । पार्टी एकीकृत बनाउने र टिकट वितरणदेखि निर्णय प्रक्रियासम्म पारदर्शिता र संस्थागत अभ्यास स्थापित गर्नु गगन-विश्व नेतृत्वको पहिलो परीक्षा हो ।

■ **‘पुरानो लेयर’को संस्कारमा स्पष्ट ब्रेक** : सत्तालाई नै लक्ष्य बनाउने, सत्ता बचाउन जे पनि गर्ने पुरानो राजनीतिक संस्कारबाट कांग्रेसलाई बाहिर निकाल्ने साहसिक कदमको अपेक्षा छ । यसले व्यक्तिको अवसान होइन, खराब राजनीतिक प्रवृत्तिको अन्त्यलाई जनाउनुपर्छ ।

■ **वैचारिक स्पष्टता र आत्मनिर्भर राजनीति** : गठबन्धनको बैसाखीमा होइन, आफ्नै विचार, संगठन र जनआधारमा चुनाव जित्ने आत्मविश्वास कांग्रेसले देखाओस् भन्ने चाहना छ । नवीन नेतृत्वबाट कांग्रेस के हो र के होइन भन्ने स्पष्ट र समकालीन वैचारिक धार निर्माण गरिने अपेक्षा गरिएको छ ।

■ **सुशासन र नैतिकताको विश्वसनीय अनुहार** : देशले कांग्रेसलाई फेरि सुशासन, नैतिकता र जवाफदेही भरोसायोग्य शक्तिका रूपमा हेर्न चाहेको छ । भ्रष्टाचारप्रति शून्य सहनशीलता केवल भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ ।

■ **युवालाई प्रतिनिधित्व गर्ने नेतृत्व, तर सबै पुस्तालाई समेट्ने दृष्टि** : गगन-विश्व पुस्तागत आशाका प्रतीक हुन्, तर उनीहरूबाट अपेक्षा पुस्तागत टकराव होइन, पुस्तागत समन्वयको पनि हो । युवा ऊर्जासँगै अनुभवी योगदानलाई संस्थागत रूपमा उपयोग गर्ने क्षमता नै नेतृत्वको परिपक्वता हुनेछ ।

■ **देशको संकटबारे साहसी एजेन्डा** : नवनिर्वाचित नेतृत्वले प्रतिक्रियात्मक होइन, समाधानमुखी र साहसी एजेन्डा ल्याओस् भन्ने अपेक्षा छ । गगन र विश्वबाट देशले ‘नयाँ अनुहार’ मात्र होइन, नयाँ राजनीतिक संस्कार खोजेको छ । उनीहरू सफल भए कांग्रेस सुधिन्छ, कांग्रेस सुधिए लोकतन्त्र बलियो हुन्छ । यही अपेक्षा आज कांग्रेसभन्दा ठुलो छ, यो देशको अपेक्षा हो ।

■ **निष्कर्ष** : कांग्रेसले भोगिरहेको वर्तमान अवस्था कुनै आकस्मिक पराजय वा बाह्य षड्यन्त्रको परिणाम होइन, यो दीर्घकालीन वैचारिक अस्पष्टता, संगठनात्मक जडता, सत्ताकेन्द्रित राजनीति र नेतृत्वगत असफलताको स्वाभाविक निष्कर्ष हो । इतिहासले कांग्रेसलाई पटक-पटक देशको केन्द्रीय शक्तिमा उभ्याए पनि आत्मालोचना टार्दिँदा पार्टी पहिलोपटक राजनीतिक रूपमा ‘रिङआउट’ हुने अवस्थामा पुगेको हो ।

तर यो अन्त्य होइन, निर्णायक मोड हो । कांग्रेससँग अझै विशाल संगठन, ऐतिहासिक वैधता र लोकतान्त्रिक उत्तराधिकार बाँकी छन् । पुनरागमन इतिहासको गौरव दोहोऱ्याएर होइन, गहिरो आत्मसमीक्षा, साहसी पुनर्संरचना र स्पष्ट वैचारिक पुनर्स्थापनाबाट मात्र सम्भव छ । विधि, प्रतिस्पर्धा र योग्यतामा आधारित संगठन निर्माण, सत्ताकेन्द्रित पुरानो संस्कारसँग स्पष्ट विच्छेद, दलित-महिला-युवा-सीमान्तकृत समुदायसँग वास्तविक साझेदारी तथा सुशासन र नैतिकताको विश्वसनीय अभ्यास नै कांग्रेस पुनर्जीवनका आधार हुन् ।

गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा देखिएको नयाँ आशा अवसर पनि हो र परीक्षा पनि । उनीहरू सफल भए कांग्रेस सुधिन्छ र कांग्रेस सुधिए नेपाली लोकतन्त्र बलियो हुन्छ, असफल भए ‘रिङआउट’ अस्थायी नभई स्थायी अवस्थामै रूपान्तरण हुन सक्छ । त्यसैले आजको मूल प्रश्न कांग्रेस बाँच्ने-नबाँच्ने होइन, इतिहासको छायामा अल्झिरहने कि समयसँग संवाद गर्दै फेरि देशको लोकतान्त्रिक केन्द्रमा फर्किने भन्ने हो ।

एकीकृत कांग्रेसले सिद्धान्त रोज्न, साहस गर्न र समयसँग संवाद गर्नसके पुनरागमन मात्र होइन, नेपाली लोकतन्त्रको पुनर्जीवन पनि सम्भव छ ।

---

३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **अयोधीप्रसाद यादव**लाई



पछिल्लो समयमा निर्वाचनको माहोल कस्तो बनिरहेको पाउनुहुन्छ ?

पछिल्ला दिनहरूमा निर्वाचनको दुई किसिमको माहोल देखिँदै छ । एकातिर निर्वाचनको तयारीमा अघि बढेका दलहरू छन्, जसले उम्मेदवारी दर्ताका लागि टिकट वितरणसम्म गरिसकेका या गर्दै छन् । अर्कातिर आधिकारिकताको विवाद सर्वोच्चमा पुगेको दल पनि छ । यसले आममतदातामा निर्वाचन होला भन्नेमा संशय देखिन्छ । उनीहरूमा अझै पनि के होला भन्ने शंका र भय छ । शतप्रतिशत यस्तै हुन्छ भनेर भन्न सकिने अवस्था छैन । समानुपातिक उम्मेदवारको बन्दसूची दर्तापछि पनि मतदातामा उदासीनता देखिन्छ । ६ माघको उम्मेदवारी दर्तासँगै बल्ल उम्मेदवारहरू जिल्लाजिल्लामा जान थालेपछि बल्ल माहोल आउला । तर, निर्वाचन आयोग र सरकारले आफ्ना तर्फबाट गर्नुपर्नेजति काम भने गरिरहेको देखिन्छ ।

दलहरूको अनुरोधमा आयोगले उम्मेदवारी दर्ताको दिन पछि सारेमा निर्वाचन कार्यतालिकामा असर पर्ला कि नपर्ला ?

एक-दुई दिनले खासै प्रभाव पार्दैन । तर, यति धेरै दलहरू निर्वाचनका लागि तयार भएको अवस्थामा आयोगले सोचविचार गर्नुपर्छ । केही दलले अनुरोध गरे भन्दैमा सबैले त्यसलाई स्विकार्छन् भन्ने छैन । फेरि निर्वाचनको मिति आयोगले होइन, सरकारले तोक्ने हो । त्यसैले, निर्वाचन सार्नुपऱ्यो भने आयोगले होइन, सरकारले निर्णय गर्नुपर्ने हुन्छ ।

कांग्रेसको आधिकारिकता विवादमा सर्वोच्च अदालतबाट आउने आदेशले निर्वाचनमा असर पार्ने सम्भावना कति देख्नुहुन्छ ?

अदालतले कस्तो निर्णय दिन्छ, त्यसमा निर्वाचनको भविष्य निर्धारण गर्छ । अदालतले कुन बाटो अपनाउँछ, कस्तो आदेश दिन्छ, त्यसपछि मात्र निर्वाचनको भविष्यबारे भन्न सकिन्छ । तर, जस्तो निर्णय आए पनि अदालतले ‘फास्ट ट्र्याक’बाट निर्णय गरिदिनुपर्छ ।

प्रेरक प्रसंग

आत्मविश्वासको परिणाम

हजारौं वर्षपहिले चीनमा एक चतुर र आत्मविश्वासी सेनापति थिए । एक दिन, लामो युद्ध अभियानको अन्त्यमा जनरलले सिपाहीहरूको सानो बटालियनको साथ एउटा गढमा रोकिने निर्णय गरे । साथमा उनले आफ्नो मुख्य सैन्य बललाई अन्यत्रै आराम गर्न पठाए ।



यसैबिच, उनका एक शत्रुले यसबारे सुइँको पाए । दंग पर्दै आफ्नो निकै ठुलो संख्याको सेनालाई शत्रु सेनापति बसेको गढतिर अघि बढ्ने आदेश दिए । मध्यरातमा, मस्त निदाइरहेका चिनियाँ जनरललाई उनका एक सहयोगी सिपाहीले ब्युँझाए । उनले सूचना दिए- दुस्मन सैनिक पूर्णतयारीका साथ नजिक आउँदै छन् । उज्यालो हुनुअघि उनीहरू यहाँ आइपुग्नेछन् । हाम्रो गढमा हामीसँग सिपाहीको संख्या निकै सानो छ । हामीले उनीहरूको सामना गर्न कठिन छ । यो समाचार सुनेर जनरल रोकिए, केही सोचे र आत्मविश्वाससाथ आदेश दिए- तिमी तल जाऊ, गढका सबै प्रवेशद्वार खोलिदेऊ र तिमीहरू दुस्मनको हात नआउने गरी लुक । सिपाहीले तत्काल जनरलको आदेश पूरा गरे । जनरलले पनि आफूसँग भएका सबै हरियार लुकाए । फौजी पोसाक लगाए । र, मेन्डोलिन बजाउन सुरु गरे । नभन्दै बिहानीपख शत्रु सेना पूर्णतयारीका साथ गढमा प्रवेश गरे । उनीहरूको अगाडि थिए चिनियाँ सेनापति । चिनियाँ सेनापतिलाई त्यति निस्फिक्रीसाथ मेन्डोलिन बजाइरहेको देखेपछि शत्रु सेनापतिले आफ्ना सिपाहीलाई तत्काल रोकिन आदेश दिए । उनले मनमनै सोचे- यति धूर्त चिनियाँ सेनापति यति ढुक्क देखिनुको पछाडि पक्कै पनि केही षड्यन्त्र छ । नत्र, आफ्ना शत्रुलाई यति नजिक आएको देखेर पनि कोही यति बेपर्वाह कसरी देखिन सक्छ ? यहाँ हामीले यिनीमाथि आक्रमण गऱ्यौं भने हामी पक्कै पनि जिउँदो निस्कन सक्नेछैनौं ।

शत्रु सेनापतिले त्यहाँबाट पछि हट्नुमै आफ्नो बुद्धिमानी देखे । उनले आफ्ना सिपाहीलाई पछि हट्ने आदेश दिए र त्यहाँबाट चुपचाप फर्किए । यो देखेपछि चिनियाँ सेनापति मुसुक्क मुस्कुराए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जता गए पनि के नै होला र ?

कांग्रेसका पूर्वसंस्थापन पक्षका नेताहरू पार्टीभित्र भुइँ तहका कार्यकर्ता र महामन्त्रीद्वयबाट भएको विद्रोहबाट रन्थनिएको देखिन्छ । आफ्नै कार्यकर्ताको बलमा सम्पन्न विशेष महाधिवेशनलाई समेत ‘कथित भेला’ भनेर पूर्वसंस्थापन समूहका नेताहरूले आफूहरूलाई नै केन्द्रीय कार्य समितिका विभिन्न पदमा निर्वाचित गराउने महाधिवेशन प्रतिनिधिहरूको अपमान गरेका छन् । यतिखेर निर्वाचन आयोगले समेत मान्यता दिइसकेको समयमा पनि उनीहरू संवैधानिक आयोगको निर्णयलाई शिरोपर गरेर एकीकृत पार्टीमा आबद्ध हुन छाडेर मुद्दामामिलामा लागेको देख्दा अचम्म लाग्यो । के उनीहरूमा आफूहरू पनि सच्चिनु जरुरी छ भन्ने बोध नै नहुने हो ?

● **सुजया पुन**, इमाडोल, ललितपुर

सर्वोच्चमै गए पनि अब कांग्रेसको पूर्वसंस्थापनको पक्षमा फैसला हुन सक्दैन । यो ‘केस’ यति सजिलो छ कि न कुनै वकिल, न कुनै न्यायाधीशकै आवश्यकता छ, आमनागरिकले नै एक लाइन कांग्रेसको विधान पढेको भरमा फैसला गर्न सक्छ । यी अग्रज पुस्ताको बिदाइ सम्मानपूर्वक होस् भन्ने मेरो चाहना अधुरै रहने भयो !

● **एलेन चन्द**

सिद्धिविनायक शैलीमा भाइभारदार बनेका नेताहरूलाई पार्टीका महाधिवेशन प्रतिनिधिहरूले तय गरेको यो लोकतान्त्रिक प्रक्रिया मनपरेन र यो रोइलो मच्चाएका हुन् । अब विगतको चुनावी प्रयोगशाला हेर्दा तिनले एमाले या नेकपासँग विलय भए हुन्छ ! आखिर भाइभारदारहरूलाई गुजारा न चाइएको हो ।

● **विमल थापा**

यो निर्वाचनले कांग्रेसको पुरानो संस्थापन पक्षलाई मटियामेट पार्ने अवस्था छ । पाका र पुराना नेताहरूले यति कुरा त पक्कै बुझ्लान् नि !

● **अविनाथ योगी**

व्यक्तिगत इगो र स्वार्थको कारण यसरी खुल्लमखुल्ला तमासा गर्दै चुनावको मुखमा जनता भाँड्ने र अमनचैन पैदा गर्ने काम गर्नुभन्दा थपक्क विधिविधान नियम-पद्धतिको इज्जत गर्दै एकत्रित भएर निर्वाचनमा होमिएमा सबैको भलाइ हुने हो ।

● **नरेन्द्र बस्नेत दिनेश**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

एमालेमा किन काखा र पाखा ?

एमालेले अधिकांश सिटको टिकट वितरण टुंग्याएको समाचार सकारात्मक छ । तर, टिकट वितरणमा एमाले अध्यक्ष ओलीले मनोमानी गरेर महाधिवेशनमा आफ्नो विरोधी गुटलाई समर्थन गर्ने प्रायः सबैलाई टिकटबाट वञ्चित गरेको समाचार पढ्दा अचम्म लाग्यो । लोकतन्त्रमा विश्वास गर्ने भनिएको एमालेभित्र महाधिवेशनमा कोही कसको पक्षमा त कोही पक्षमा देखिनु अनौठो होइन । तर, त्यसैलाई आधार बनाएर निर्वाचनमा टिकट वितरणमै यसरी आफ्नो गुटका नेता, कार्यकर्तालाई काखा र फरक गुटका नेता, कार्यकर्तालाई पाखा लगाएर पार्टीले निर्वाचनरूपी नाउ पार लगाउन सक्ला र ?

के एमाले अध्यक्ष केपी ओली आफ्नो सानो कोटरीको मात्र अध्यक्ष बनेर पार्टी चलाउन चाहन्छन् हो ? नत्र आफूसित फरक मत राख्ने नेताहरूप्रति कुनै पूर्वाग्रह या प्रतिशोध नराखी सबैलाई समान रूपमा अवसर दिनुपर्ने होइन र ? कि अध्यक्ष ओली आफ्नो पार्टीमा आफ्ना बफादार ‘बापन्थी’ नेता, कार्यकर्ताबाहेक कोही नबसून् भन्ने चाहन्छन् हो ? होइन भने ओलीले आफ्नो यस्तो पक्षपाती सोच, निर्णय या रबैयामा तत्काल सुधार ल्याऊन् र पार्टीलाई एकढिक्का बनाएर आगामी निर्वाचनमा सहभागी गराऊन् ।

● **गौरव पाखिन**, दधिकोट, भक्तपुर

युरोपलाई भन्सार बढाउने धम्की ट्रम्पलाई प्रत्युत्पादक

ट्रम्पले त्यस्तो शक्ति (ब्रसेल्स)सँग निहुँ खोजेका छन्, जसको मुख्य दक्षता नै व्यापारसम्बन्धी सम्झौतामा छ



देश/विदेश

● लिसा ओ’क्यारोल

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेका आठ देशहरू बेलायत, नर्वे र अन्य ६ युरोपेली आयोग (इयू) सदस्य राष्ट्रहरूलाई नयाँ भन्सारको धम्की दिएका छन् । यो धम्की ट्रम्पले गत गृष्ममा ती देशहरूसँग लामो छलफलपछि गरेको सम्झौताका लागि गम्भीर धक्का मानिएको छ । ट्रम्पको भन्सारको धम्की पाउनेहरू सबै ग्रिनल्यान्डको सुरक्षाका लागि सेना पठाएका वा त्यसको समर्थन गर्ने देशहरू छन् ।

तर, अमेरिकी राष्ट्रपतिको पछिल्लो धम्कीले उल्टै उनैलाई ‘ब्याकफायर गर्ने’ देखिन्छ । ट्रम्पको धम्कीमाथि इयूका नेताहरूले अभूतपूर्व रूपमा तिक्त प्रतिक्रिया जनाएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रों र अन्य नेताले ट्रम्पको धम्की, त्रास र ब्ल्याकमेलसँग नडग्ने बताएका छन् । उता ट्रम्पका टिप्पणीबाट क्रुद्ध युरोपेली संसद् सदस्यहरूले अमेरिकासँग भएको व्यापार सम्झौताको कार्यान्वयन रोक्ने भएका छन् ।

युरोपेली संसद्भित्रको दुई ठुला मतदान समूह ‘युरोपियन पिपुल्स पार्टी (इपिपी)’ र ‘सोसलिस्ट एन्ड डेमोक्रेट्स (एस-एन्ड-डी)’ले शनिबार राति अमेरिका-युरोपबिच गत गृष्ममा भएको सम्झौता वर्तमान परिस्थितिमा अनुमोदन हुन नसक्ने प्रतिक्रिया दिए । ‘रिन्यु’ नामको उदारवादी मतदान समूह पनि सम्झौताको अनुमोदन प्रक्रिया रोक्ने पक्षमा उभिएको छ । अर्थात्, ट्रम्पको धम्कीका कारण अमेरिकालाई फाइदा पुऱ्याउने व्यापार सम्झौता नै रोकिने अवस्थामा पुगेको छ । सँगै यस विकासक्रमले अमेरिका-इयू व्यापार सम्झौता कति कमजोर आधारमा खडा रहेछ भन्ने पनि देखाएको छ ।

अमेरिकी राष्ट्रपतिका रूपमा ट्रम्पले एकतर्फी रूपमा अमेरिका भित्रिने जुनसुकै देशका सामानमाथि भन्सार बढाउन त सक्लान् । तर, उनले त्यस्तो शक्ति (ब्रसेल्स, इयू मुख्यालय)सँग निहुँ खोजेका छन्, जसको मुख्य सक्षमता नै व्यापार सम्झौतामा रहेको छ । र, ट्रम्पले इयूका जुन देशमाथि भन्सार बढाउने धम्की दिएका छन्, तिनले व्यक्तिगत रूपमा जवाफी कदम नचाली इयूमार्फत चाल्नेछन् । गत जुलाईमा भएको इयू-अमेरिका व्यापार सम्झौतालाई छिटो सम्पन्न गर्न त्यतिबेला ट्रम्पले ठुलो दबाब दिएका थिए । सम्झौता अमेरिकामा लागू भइसकेको छ । तर, सम्झौताअनुरूप अमेरिकी सामान युरोप प्रवेश गर्दा शून्य भन्सार लाग्ने बुँदा अझै युरोपमा कानुनी रूपमा अनुमोदन भएको छैन । ‘युरोपियन पिपुल्स पार्टी (इपिपी) इयू-अमेरिका व्यापार सम्झौताको पक्षमै छ, तर ग्रिनल्यान्डबारे डोनाल्ड ट्रम्पको धम्कीलाई ध्यानमा राख्दै अहिलेका लागि सम्झौता अनुमोदन सम्भव छैन,’ इपिपीका नेता म्यानफ्रेड बेबरले भने । उता अर्को मतदाता समूह ‘सोसलिस्ट एन्ड डेमोक्रेट्स (एस एन्ड डी)’का व्यापार शाखाकी उपाध्यक्ष क्याथलिन भान ब्रेम्पटले ‘अहिलेको परिस्थितिमा कुनै व्यापार सम्झौता नहुने’ बताइन् ।

इयूभन्दा भिन्न रहेको बेलायतसँग भएको व्यापार सम्झौता गत मेदेखि नै कार्यान्वयनमा आएको बताइएको छ । तथापि, यो सीमित उत्पादन जस्तै कार, बिफ, एरोस्पेस, इथानोल र स्टिलमा लागू छ । साल्मन माछादेखि अन्य सामानको निर्यातमा भने बेलायतले १० प्रतिशत कर लगाएको छ ।



ट्रम्प कुनै समय युरोपका सहयोगीजस्तो देखिने र कहिले शत्रुजस्तो व्यवहार गर्ने गर्छन् । उनै ट्रम्पले ग्रिनल्यान्डका विषयमा दिएको भन्सार वृद्धिको चेतावनीले उनले आफ्नो मनपर्ने हतियार (भन्सार वृद्धि)लाई पुनः आफ्नो अडान बलियो बनाउन प्रयोग गरेको अर्थमा हेरिएको छ । सम्भवतः ट्रम्पले यस कदमले युरोपलाई विभाजन गर्नेछ र ग्रिनल्यान्ड अधिग्रहणको विरोधमा उठ्नेहरूलाई दबाउनेछ भन्ने ठानेका होलान् । ट्रम्पबाट पछिल्लो धम्की आउनु नै ग्रिनल्यान्डको विषयमा युरोपको एक ठाउँमा उभिएर गरेको विरोध प्रभावकारी बनेको संकेत भएको ‘डेनिस इन्स्टिच्युट फर इन्टरनेसनल स्टडिज’का वरिष्ठ अनुसन्धानकर्ता मिकेल रुड ओलेसेनले बताए ।

‘युरोपेली फौज ग्रिनल्यान्ड पठाउने समाचारपछि ट्रम्प बिच्किएर पछिल्लो प्रतिक्रिया दिएका हुन् । ग्रिनल्यान्डको भूमिमा कहिल्यै अमेरिकी सेना उत्रिनेछैन । खासमा उनले वार्ताको रणनीतिका रूपमा दबाब बढाइरहेका छन्,’ स्काई न्युजसँग ओलेसेनले भने । शनिबारको धम्कीले ट्रम्पसँग गरिने सम्झौताको अस्थिर प्रकृतिलाई जोड दिन्छ । अहिले इयू भने तातेको छ, जसलाई धेरैले अमेरिकी धम्कीको सामना गर्न कमजोर ठान्ने गर्छन् । पछिल्लो घटनाले निश्चित रूपमा युरोपेली नेताहरूलाई क्रुद्ध बनाएको देखिन्छ । उनीहरू अहिले असामान्य रूपमा कडा शब्दमा विरोध जनाइरहेका छन् । ट्रम्पको धम्कीबारे टिप्पणी गर्ने क्रममा इयूकी विदेश मामिला प्रमुख काजा कालासले आफ्ना मित्रशक्तिहरूविरुद्ध धम्की दिँदा ‘चीन र रुस खुसी भएको’ बताएका थिए ।


इयू र बेलायत ट्रम्पले पहिल्यै लगाएको शुल्क घटाउन सघन वार्तामा छन् । ट्रम्पले विशेष गरी ब्रिटिस स्टिलमाथि २५ प्रतिशत र इयूको उत्पादनमा ५० प्रतिशत भन्सार लगाएका थिए । तर, बेलायतले अमेरिकी प्रविधि कम्पनीमाथि कडाइ गरेकामा असन्तुष्टि जनाउँदै डिसेम्बरमा अमेरिकाले बेलायतसँग ३१ अर्ब पाउन्डबराबरको प्राविधिक लगानी सम्झौता रोक्यो । त्यतिबेला अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकले प्रविधि कम्पनीमाथि नियमनका कारण इयूसँग स्टिलमा कुनै सम्झौता नहुने धम्की दिएका थिए । यस्ता कदमले पहिल्यैदेखि दुई पक्षमा कटुता थपिँदै गएको थियो । अहिले त्यो सतहमा आएको हो ।

(ओ’क्यारोल द गार्जियनकी अन्तर्राष्ट्रिय व्यापार विषयकी वरिष्ठ संवाददाता हुन्)
द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भेनेजुएलाबारे किन मौन छन् पुटिन ?


पुटिन अमेरिकासँग तनाव बढाउने जोखिम लिन चाहँदैनन्, यही कुराले उनको मौनताको व्याख्या गर्छ



पुटिन विश्वका ठुला घटनामा तत्कालै प्रतिक्रिया बिरलै दिन्छन् । घटनाक्रम कसरी विकास हुन्छ, त्यसैअनुरूप आफ्नो प्रतिक्रिया दिन्छन् । पुटिनको यो शैली कहिलेकाहीं चतुर र आत्मविश्वासी लाग्छ, तथापि भेनेजुएलाको सन्दर्भमा भने पुटिनको मौनतालाई उनको कमजोरीका रूपमा अर्थ्याइँदै छ ।

युक्रेनमा जारी रुसी 'विशेष सैन्य अपरेसन'का सबैभन्दा ठुला समर्थक समूह मानिने रुसका देशभक्त ब्लगर तथा युद्ध संवाददाताहरू अहिले आक्रोशित छन् । अमेरिकी सरकारले रुसको सहयोगी देश भेनेजुएलामा सेना पठाएर त्यहाँका राष्ट्रपति निकोलस मदुरोलाई अपहरण गऱ्यो । त्यसको केही समयपछि अमेरिकी नौसेनाले भेनेजुएलानजिक रुसी झन्डावाहक तेल ट्यांकरसमेत कब्जामा लियो । लगत्तै माथि उल्लेखित समूह रुसले अमेरिकी जहाजहरूलाई डुबाउनुपर्ने भन्दै दबाब दिन थाले । शत्रुहरूमाथि आणविक मिसाइल हान्न पनि पछि पर्न नहुने तिनको आह्वान छ ।

तर, यी सबका बिच रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले भने अहिलेसम्म भेनेजुएलामा अमेरिकी कारबाहीबारे आधिकारिक टिप्पणी गरेका छैनन् । निश्चित रूपमा, रुसी विदेश मन्त्रालयले स्पष्ट भाषामा भेनेजुएलामा अमेरिकाको 'सशस्त्र आक्रमण'लाई 'स्वतन्त्र राज्यको सार्वभौमिकतामाथिको अस्वीकार्य उल्लंघन' भन्दै निन्दा गऱ्यो । उसो त राष्ट्रपति पुटिनले विश्वका ठुला घटनामा बिरलै तत्कालै प्रतिक्रिया दिन्छन् । उनी त घटनाक्रम कसरी विकास हुन्छ, त्यसैअनुरूप आफ्नो प्रतिक्रियालाई आकार दिन्छन् । पुटिनको यो शैली कहिलेकाहीं चतुर र आत्मविश्वासी लाग्छ, तथापि भेनेजुएलाको सन्दर्भमा भने पुटिनको मौनतालाई उनको कमजोरीका रूपमा अर्थ्याइँदै छ ।



● निना एल. ख्रुस्चेभा
ख्रुस्चेभा 'द न्यु स्कुल'को अन्तर्राष्ट्रिय मामिलाकी प्राध्यापक हुन् ।

भेनेजुएलामाथि अमेरिकी आक्रमण गर्नुअघि पुटिन युक्रेनमा कायम रुसको स्थितिबारेमा धेरै विश्वस्त देखिन्थे । हुन पनि ट्रम्पले रुसप्रति स्पष्ट झुकाव देखाउने खालको 'शान्ति योजना'लाई प्रवर्द्धन गरिरहेका थिए । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीमाथि रुसले कब्जा गरेका क्षेत्रबाट आफ्ना सेना फिर्ता लिन ठुलो दबाब थियो । युक्रेनी ऊर्जा पूर्वाधारमाथि बारम्बार भइरहेका रुसी आक्रमणले जाडोको समयमा बिजुली कटौती हुँदा युक्रेनले घुँडा टेक्ने र आफ्ना शान्ति सर्त स्वीकार गर्नेमा पुटिन विश्वस्त देखिन्थे । तर, ट्रम्प प्रशासनको हालैका कदमले पुटिनको विश्लेषणमै शंका उत्पन्न गरेको छ ।

उसो त अमेरिकाले अझै पनि युक्रेनमा शान्ति प्राथमिकतामा रहेको बताउँछ । र, युक्रेनका लागि अमेरिकाले हालै अघि सारेको सुरक्षा सुनिश्चिततामा अमेरिकी सेना तैनाथीको विषय समावेश छैन, जुनबारे रुसले पहिलेदेखि कडा विरोध जनाउँदै आएको छ । भेनेजुएलानजिक रुसी जहाज रोक्ने अमेरिकी कदमलाई पुटिनको अपमानका रूपमा व्याख्या गर्न त सकिन्छ, तर ट्रम्प प्रशासनले सो जहाज खासमा भेनेजुएलाको भएको दाबी गर्दै पुटिनको सम्मान गर्ने प्रयास गरेको छ । जहाजको कारिन्दाले अमेरिकी नियन्त्रणबाट बच्न त्यसमा रुसी झन्डा फहराएको बताएका छन् । जहाजमा रहेका दुई रुसीचालक दलका सदस्यहरूलाई अमेरिकाले रिहा गरेर सकारात्मक संकेत दिने प्रयास गरेको छ ।

ट्रम्प प्रशासन नोभेम्बरमा अगाडि सारिएको युक्रेन शान्ति योजनालाई रुसले पूर्ण रूपमा अस्वीकार गरेदेखि निःसन्देह दुःखी छ । ट्रम्प अहिले लामो समयदेखि रोकिएको रुसलक्षित एक कठोर प्रतिबन्ध कार्यान्वयनमा सकारात्मक भएको समाचार आएको छ । त्यो प्रतिबन्ध लागू भयो भने जानाजानी रुसी तेल वा युरेनियम खरिद गर्ने देशहरूका सामानमाथि ५०० प्रतिशतसम्मको भन्सार शुल्क लाग्नेछ । पुटिन कमजोर देखिन मन पराउँदैनन्, तर साथै उनी अमेरिकासँग तनाव बढाउने जोखिम पनि लिन चाहँदैनन् । यही कुराले उनको मौनताको व्याख्या गर्छ । तथापि, उनको सहन गर्ने विषयका पनि सीमा छन् । अहिलेको मुख्य प्रश्न, ट्रम्प प्रशासन त्यो सीमा के हो भनेर पत्ता लगाउन कतिसम्म दबाब दिन तयार छ भन्ने हो ।

धेरै पश्चिमा पर्यवेक्षक अहिले रुसमाथि कडाइ गर्न उपयुक्त समय भएको औल्याइरहेका छन् । यसअन्तर्गत प्रतिबन्ध बढाउनुपर्ने, युक्रेनलाई थप हतियार आपूर्ति बढाउनुपर्ने र पश्चिमी प्रतिबन्धबाट बच्न गोप्य रूपमा रुसी तेल बोक्ने 'गोप्य जहाजको सञ्जाल'लाई सीधै निसाना बनाउनुपर्ने उपाय सुल्झाइँदै छ । उता जेलेन्स्की भेनेजुएलामा अपनाइएको नेताको अपहरणको कदमलाई रुसमा मात्र नभई चेचन्यामा पनि दोहोऱ्याउन प्रोत्साहित गर्ने हदसम्म अघि बढेका छन् ।

ट्रम्पले अमेरिकी सेनालाई रुसमा पठाउने विचार काल्पनिक भए पनि, भेनेजुएलामा भएको सैन्य अपरेसनको सफलताले उनको भित्री घेराका गरमपन्थी हौसिएका छन् । 'हामी एक महाशक्ति राष्ट्र हौं,' ह्वाइट हाउसका 'डेपुटी चिफ अफ स्टाफ' स्टिफन मिलरले हालै जोड दिँदै भने, 'अब हामी आफूलाई एक महाशक्तिको रूपमै प्रस्तुत गर्नेछौं ।' यो धम्कीपूर्ण मानसिकताले अमेरिकाले पुटिनले अस्वीकार्य ठानेको रेखासमेत पार गर्ने हो कि भन्ने शंकालाई बल दिन्छ ।

जस्तो भोलिका दिनमा ठुलो संख्यामा रुसी तेल जहाजहरूलाई लक्षित गरिने योजना अघि सारिन सक्छ । रुसमाथि कठोर सर्त सहितको शान्ति योजना लाद्ने प्रयास हुन सक्छ । वा इरानमा जस्तै रुसमै पनि आन्दोलनकारीलाई प्रदर्शन निरन्तरता दिन प्रोत्साहन गरिन सक्छ । पुटिनसँग अमेरिकाविरुद्ध प्रयोग गर्न सकिने थोरै मात्र विकल्प छन् । यदि अमेरिकी नौसेनाले रुसी तेल ट्यांकर कब्जा गर्न चाह्यो भने रुसलाई त्यो रोक्न कठिन हुनेछ । जहाजमा सशस्त्र गार्ड राखेर वा ट्यांकरनजिकै रुसी युद्धपोत तैनाथ गरेर अमेरिकी फौजलाई रोक्न सकिँदैन । रुसको एक मात्र वास्तविक लाभ भनेको यसको आणविक हतियार हो । र, पुटिनले आणविक हतियार प्रयोगको अल्टिमेटम जारी गर्न सक्छन् । तर, फेरि त्यसलाई गम्भीरतापूर्वक नलिइने सम्भावना पनि रहन्छ ।

चीनजस्तो सैन्यशक्तिसँग मिलेर रुसले धम्की जारी गऱ्यो भनेचाहिँ त्यसको वजन बढी हुन सक्छ । तर, चीनसँग अमेरिकाविरुद्ध प्रयोग गर्न अरू नै धेरै दबाबका क्षेत्र छन्, जुन उसले केहीअघि दुर्लभ-खनिज तत्त्वको आपूर्ति शृंखला नियन्त्रण गरेर देखाइसकेको छ । पुटिनले यसअघि पनि पटक-पटक आणविक हतियारको प्रयोगको चेतावनी दिइसकेका छन् । आणविक आक्रमणको जवाफमा अमेरिकाले पनि निःसन्देह उस्तै हतियारबाट प्रतिक्रिया दिनेछ । जबसम्म युक्रेन युद्ध चलिरहनेछ, सर्वनाशकारी परिदृश्यको जोखिम कायम रहिरहनेछ ।

जेलेन्स्कीको कुरा गर्ने हो भने, उनी विशेष होसियार हुनुपर्नेछ । पुटिनले ट्रम्पको सामना गर्न चाहँदैनन् होला, तर अमेरिकाले मदुरोलाई उनकै भूमिमा कब्जा गरेपछि रुसमा पनि आफूमा पनि शत्रुविरुद्ध त्यस्तै कदम उठाउन सक्ने क्षमता रहेको देखाउने हुटहुट आएको हुन सक्छ । विशेष गरी उत्तरी नोभगोरोड क्षेत्रमा पुटिनको निवासमा कथित ड्रोन आक्रमणपछि यसको सम्भावना झन् बढेको छ । युक्रेनले त्यो आक्रमणमा कुनै पनि संलग्नता नरहेको बताइसकेको छ । उसका अनुसार रुसले नभएको कुरामा जोड दिएर शान्ति वार्तालाई भाँड्न खोजेको हो । तर, पनि रुसले उक्त कदमको बदला लिइछाड्ने वाचा गरेको छ । जे भए पनि, युक्रेनका ऊर्जा पूर्वाधारमाथि रुसी आक्रमण जारी रहनेछ र भेनेजुएलाको विषयमा पनि पुटिनको मौनता अहिलेजस्तै कायम रहनेछ ।

प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् १८६१ : गृहयुद्धका क्रममा जर्जिया राज्यले अमेरिकाबाट अलग भएको घोषणा गऱ्यो ।

सन् १६६८ : फ्रेन्च राजा लुई १४औं र होली रोमन साम्राज्यका सम्राट लियोपोल्ट प्रथमबिच एक गोप्य सन्धिमा हस्ताक्षर । सन्धिमा स्पेनिस साम्राज्यका राजा चार्ल्स द्वितीयको निधनमा उनका कुनै उत्तराधिकारी नभएको अवस्थामा सो राज्यलाई विभाजन गरेर बाँड्ने सहमति भएको थियो ।

सन् १९१८ : रुसमा अक्टोबर क्रान्तिपछि नोभेम्बर २५ बाट निर्वाचित संविधानसभा अधिल्लो दिनबाट सुरु भएको पहिलो बैठक लगातार १३ घण्टा बसेपछि भंग ।

सन् १९१९ : जर्मनीमा संविधान लेखनका लागि संविधानसभाको चुनाव सम्पन्न ।

सन् १९३८ : जनरल मोटर्सले डिजेल इन्जिनको बृहत्तर निर्माण सुरु गऱ्यो ।

सन् १९४२ : दोस्रो विश्वयुद्धका क्रममा जापानी फौजले बर्मा कब्जा गऱ्यो ।

सन् १९६६ : इन्दिरा गान्धी भारतको चौथो प्रधानमन्त्रीका रूपमा चुनिइन् ।

सन् १९८१ : अमेरिका र इरानबिच भएको एक सहमतिअनुरूप ५२ अमेरिकी बन्दी रिहा ।

सन् १९९३ : इजरायलले प्यालेस्टिनी स्वतन्त्रताका लागि लडिरहेको प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसनलाई आपराधिक संगठनको सूचीबाट हटायो ।

सन् २००१ : मेक्सिन ड्रग्स कार्टेल नेता जायोकिन अल च्यापो गुजम्यानले गार्डलाई घुस दिएर कपडा बोक्ने गाडामा चढी मेक्सिकोको पश्चिमी सहर ग्वादलहारस्थित अति सुरक्षित जेल पुएन्टे ग्रान्डबाट भाग्न सफल ।

सन् २०२३ : घट्दो लोकप्रियतामाझ न्युजिल्यान्डकी तत्कालीन प्रधानमन्त्री जेसिन्डा आर्डेनले राजीनामा दिने घोषणा गरिन् ।

ट्रम्प योजनाको विरोधमा ग्रिनल्यान्डमा अहिलेसम्मकै विशाल प्रदर्शन



कोपनहेगन / ग्रिनल्यान्ड र डेनमार्ककाहजारौं मानिसले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्ड (स्वायत्त डेनिस क्षेत्र) कब्जा गर्ने योजनाको विरोधमा प्रदर्शन गरेका छन् । डेनमार्कको राजधानी कोपेनहेगनलगायत डेनिस सहरमा प्रदर्शन भएका छन्, साथै ग्रिनल्यान्डको राजधानी नुउकमा पनि प्रदर्शन गरिएको छ । अमेरिकी काग्रेसको प्रतिनिधिमण्डलको कोपनहेगनको भ्रमण गरिरहेका वेला यस्ता प्रदर्शन भएका हुन् । ग्रिनल्यान्डमा भएको प्रदर्शन अहिलेसम्मकै ठुलो बताइएको छ । ग्रिनल्यान्डका नेता तथा डेमोक्रेटिक सिनेटर क्रिस कुन्सले ट्रम्पको बयानबाजीलाई 'रचनात्मक नभएको' बताए ।

ट्रम्पले ग्रिनल्यान्डलाई बलपूर्वक लिने कुरालाई अस्वीकार गरेका छैनन् । ग्रिनल्यान्ड अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण रहेको उनी दाबी गर्छन् । र, अब उनले घोषणा गरेका छन् कि आफ्नो योजनाको विरोध गर्ने युरोपेली देशहरूमा शुल्क लगाउनेछन् । डेनमार्क, नर्वे, स्विडेन, फ्रान्स, जर्मनी, बेलायत, नेदरल्यान्ड र फिनल्यान्डका सामग्रीमा फेब्रुअरी १ देखि १० प्रतिशत अमेरिकी शुल्क लाग्ने उनले शनिबार आफ्नो सामाजिक प्लाटफर्ममा लेखेका छन् । यी देशहरूले 'धेरै खतरनाक खेल' खेलेको आरोप लगाउँदै उनले भने कि १ जुनमा 'ग्रिनल्यान्डको पूर्ण खरिदको सम्झौता नभएसम्म २५ प्रतिशत शुल्क बढाइने उनले चेतावनी दिए ।

ट्रम्पले पहिले नै भनेका छन् कि वासिङटनले यो क्षेत्र 'सजिलो तरिकाले' वा 'कठिन तरिकाले' प्राप्त गर्नेछ । शनिबार कोपनहेगनमा 'ग्रिनल्यान्डबाट हात हटाउनुहोस्' र 'ग्रिनल्यान्डका लागि ग्रिनल्यान्डवासी' लेखिएका प्लेकार्ड राखिएका थिए । 'ग्रिनल्यान्ड बिक्रीका लागि छैन र हामी अमेरिकी हुन चाहँदैनौं' वा संयुक्त राज्य अमेरिकाले कब्जा गर्नेछैन भनेर देखाउनु धेरै महत्त्वपूर्ण छ,' ग्रिनल्यान्डका राजनीतिज्ञ एरिक जेन्सेनले रोयटर्सलाई भने । शनिबारको विरोध प्रदर्शन ग्रिनल्यान्ड र डेनिस गैरसरकारी संस्थाद्वारा आयोजना गरिएको हो । 'हामी डेनिस क्षेत्र र ग्रिनल्यान्डको आत्मनिर्णयको अधिकारका लागि सम्मानको माग गर्छौं,' ग्रिनल्यान्ड संघहरूको छाता समूह इनुइटकी प्रमुख क्यामिला सिजिडल्ले भनिन् ।

नुउकमा ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले 'ग्रिनल्यान्ड बिक्रीका लागि होइन' र 'हामी हाम्रो भविष्यलाई आकार दिन्छौं' लेखिएका प्लेकार्ड बोकेका प्रदर्शनकारीसँग सामेल भए । प्रदर्शनकारी अमेरिकी वाणिज्य दूतावास अगाडि पुगेर विरोध गरेका थिए । मत सर्वेक्षणले ८५ प्रतिशत ग्रिनल्यान्डवासीले यो क्षेत्र अमेरिकामा सामेल हुने विरोध गर्ने देखाएको छ । अमेरिकामा धेरैले ग्रिनल्यान्ड प्राप्त गर्नेबारेमा शंका व्यक्त गरेका छन् । डेनमार्क भ्रमण गर्ने अधिकांश कंग्रेसनल प्रतिनिधिमण्डल डेमोक्रयाट हुन्, तर ११ सदस्यीय टोलीमा मध्यमवर्गीय रिपब्लिकनहरू पनि छन् ।

संसद्मा महिला शौचालयको अवस्थाबाट सन्तुष्ट छैनन् जापानी प्रधानमन्त्री

जापानमा महिला शौचालयको समस्या व्यवस्थापिकाभन्दा बाहिर पनि देखिन्छ । महिला सार्वजनिक शौचालयअगाडि लामो लाइन देशभर सामान्य दृश्य हुन् ।



टोकियो / जापानकी प्रधानमन्त्री साने ताकाची संसद् भवनमा थप महिला शौचालयको माग गर्ने लगभग ६० महिला सांसदमध्ये एक हुन् । अक्टोबर २०२४ मा ४६५ सिट भएको तल्लो सदनमा ७३ महिला निर्वाचित भए, जुन २००९ मा निर्वाचित भएका ५४ जनाको तुलनामा उल्लेख्य संख्या हो । संसद्मा महिलाको उपस्थिति उल्लेख्य भए पनि शौचालयको अवस्थाप्रति महिलाहरू असन्तुष्ट छन् । पहिलो महिला प्रधानमन्त्री बन्ने अवसर पाएकी ताकाची स्वयं संसद् को शौचालयमा सुधार गर्नुपर्ने पक्षमा छिन् ।

संसद्मा महिलाका लागि पर्याप्त शौचालय नभएको प्रायः सबै महिला सांसदको एउटै स्वर छ । एक विपक्षी सांसद यासुको कोमियामाले सामान्यतया 'संसद्को पूर्ण सत्र सुरु हुनुभन्दा पहिले शौचालयअगाडि लामो लाइन हुने गरेको' बताउँछिन् । त्यस्तै, अर्की सांसदले आफू संसद् बैठक सुरु हुनुभन्दा अघि शौचालय जाने विचार प्रायः त्याग्थिन् ।

प्लेनरी चेम्बरनजिकै दुइटा क्युबिकल भएको एउटा महिला शौचालय छ, यद्यपि सम्पूर्ण भवनमा नौवटा महिला शौचालय छन् । स्थानीय मिडिया रिपोर्टअनुसार भवनभरि ६७ वटा स्टल र पिसाब गर्ने ठाउँसहित कुल १२ वटा पुरुष शौचालय छन् । हालको अवस्था 'प्रायः असुविधाजनक' छ, किनभने महिला कर्मचारी र आगन्तुकले पनि शौचालय 'सेयर' गर्छन्, विपक्षी संवैधानिक लोकतान्त्रिक पार्टीकी कोमियामाले भनिन् ।

जापानको संसद् भवन सन् १९३६ मा निर्माण गरिएको थियो, जुन १९४५ मा महिलालाई मतदान गर्ने अधिकार दिइएको एक दशकअघिको कुरा हो । १९४६ मा संसद्मा पहिलो महिला सांसद निर्वाचित भएका थिए ।

संसद् भवन एक विशाल तीनतले संरचना हो, जसको केन्द्रीय भाग नौतला अग्लो छ । भवनले १३ हजार ३५६ वर्गमिटर (१४३,८०० वर्ग फिट) ओगटेको छ, जुन लगभग दुई फुटबल मैदानबराबर हो, जसको भुइँको कुल क्षेत्रफल ५३ हजार ४६४ वर्गमिटर छ । कोमियामाको भनाइ उद्धृत गर्दै जापानी मिडियाले लेखेका छन्, 'यदि प्रशासन महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्न गम्भीर छ भने मलाई विश्वास छ कि हामी उनीहरूको समझदारी र सहयोगमा भर पर्न सक्छौं ।'

तल्लो सदन समितिका अध्यक्ष यासुकाजु हमादाले थप महिला शौचालयको प्रस्तावमाथि विचार गर्न 'तत्परता देखाएको' आसाही सिम्बुनको रिपोर्टले जनाएको छ ।

जापानी सरकारले यसअघि २०२० सम्ममा समाजका सबै क्षेत्रमा ३० प्रतिशत नेतृत्व महिलाले गर्ने लक्ष्य राखेको थियो, तर त्यस वर्षको अन्त्यमा यो समयसीमा एक दशकले पछाडि धकेलिएको छ । अर्थात् सन् २०३० मा यो लक्ष्य पूरा गर्ने समयसीमा थपिएको छ । महिलाले हाल तल्लो सदनमा लगभग १६ प्रतिशत र माथिल्लो सदनमा लगभग एकतिहाइ वा १२५ मध्ये ४२ सिट ओगटेका छन् ।

गत वर्ष अक्टोबरमा जापानको पहिलो महिला नेता बनेकी ताकाइचीले आफ्नो मन्त्रिपरिषद्मा महिला प्रतिनिधित्वलाई नोर्डिक देशसरह बढाउने वाचा गरेकी थिइन् । नर्डिक देशहरूले (नर्वे, डेनमार्क, फिनल्यान्ड, आइसल्यान्ड, स्विडेनसहित तिनीहरूका टेरिटोरी) महिला नेतृत्वको हिसाबले शीर्ष स्थान ओगटेको छ ।

तर, उनले आफ्नो १९ सदस्यीय मन्त्रिपरिषद् मा दुईजना महिलालाई मात्र नियुक्त गरेकी छिन् । जापानमा महिला शौचालयको समस्या व्यवस्थापिकाभन्दा बाहिर पनि देखिन्छ । महिला सार्वजनिक शौचालयअगाडि लामो लाइन देशभर सामान्य दृश्य हुन् । यस विषयमा पूर्वप्रधानमन्त्री सिगेरु इसिबाले उनको सरकारले जापानलाई 'महिलाहरूले शान्तिपूर्वक आफ्नो जीवन बिताउन सक्ने' समाज बनाउन 'महिला शौचालय सुविधा बढाउने'तर्फ ध्यान दिने बताएका थिए ।

जापान सांस्कृतिक रूपमा रूढीवादी देश हो, जहाँ राजनीति र कार्यस्थल दुवैमा लामो समयदेखि वृद्ध पुरुषहरूको प्रभुत्व छ । यसले विश्व आर्थिक मञ्चको पछिल्लो ग्लोबल लिंक अन्तरसूचकांकमा पनि आफ्नो न्यून स्थान कायम राखेको छ । सूचकांकमा जापान १४८ देशहरूमध्ये ११८औं स्थानमा छ ।

गत वर्ष ताकाइचीको ऐतिहासिक विजय भयो र महिला सांसदहरूको संख्या बढेर ७३ पुग्यो । आइपियू पार्लाइनका अनुसार तल्लो सदन नेसलन डायटमा महिलाहरूले अझै पनि १६ प्रतिशतभन्दा कम सिट ओगटेका छन् ।

'शौचालयको कम आपूर्ति एउटा महत्त्वपूर्ण मुद्दा हो जसले सम्भावित रूपमा कारबाहीको सञ्चालन र कर्तव्यको प्रदर्शनलाई असर गर्न सक्छ,' क्रस-पार्टी याचिकामा भनिएको छ । एक फेसबुक पोस्टमा महिला नेतृ कोमियामाले भनेकी छिन् कि यो मुद्दाले महिला सांसदहरूलाई मात्र नभई महिला कर्मचारी र बढ्दो संख्यामा महिला पत्रकारलाई पनि असर गर्छ ।

महिला विपक्षी सांसद टोमो इसीले इन्स्टाग्राम पोस्टमा भनेकी छिन् कि 'लामो समयदेखि एउटा समस्या रहेको छ ।' उनले अगाडि भनिन्, 'कार्यस्थल र विद्यालयमा थप महिला शौचालय थप्ने मुद्दा उठाउन समाज अझै अनिच्छुक छन्,' उनले थपिन् । टोकियोमा रहेको नेसनल डायट भवन देशमा महिला मताधिकार हुनुभन्दा पहिलेको हो ।

बिबिसी र सिएनएनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ५ माघ ०८२

नेपालको जलविद्युत्मा निजी क्षेत्रको १३ खर्ब १० अर्ब लगानी

३४ हजार सात सय ८६ मेगावाटका नौ सय २३ परियोजनामा निजी क्षेत्रको लगानी, विद्युत् व्यापारको लाइसेन्स दिन माग

मिलन विश्वकर्मा/नयाँ पत्रिका



नेपालको जलविद्युत्मा निजी क्षेत्रले १३ खर्ब १० अर्ब ६० करोड ७१ लाख लगानी गरेको देखिएको छ। सर्भे, निर्माणाधीन तथा सञ्चालनजस्ता विभिन्न चरणमा रहेका ३४ हजार सात सय ८६ मेगावाटका नौ सय २३ परियोजनामा निजी क्षेत्रले सोबराबरको लगानी गरेको हो।

त्यसमा विभिन्न बैंक तथा दातृ निकायबाट आठ खर्ब ४० अर्ब ७९ करोड ऋण लगानी भएको छ। स्वपुँजी लगानी भने चार खर्ब ३९ अर्ब ८२ करोड देखिएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनले देखाएको हो। आइतबार सम्पन्न इप्पानको २६औँ इप्पान डेमा सार्वजनिक गरिएको नेपालको जलविद्युत् क्षेत्रमा लगानीसम्बन्धी प्रतिवेदनमा पहिलोपटक ऊर्जा क्षेत्रमा निजी क्षेत्रको लगानी आँकडा निकालिएको हो।

सञ्चालन र निर्माणाधीन अवस्थामा रहेका निजी क्षेत्रका सात हजार दुई सय ५१ मेगावाटका तीन सय ४७ परियोजनामा १२ खर्ब ४३ अर्ब ९९ करोड रुपैयाँ लगानी भएको छ। अध्ययनका चरणमा रहेका २७ हजार पाँच सय ३५ मेगावाटका पाँच सय ७६ परियोजनामा ६६ अर्ब ६२ करोड रुपैयाँ लगानी भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार बैंकहरूले भदौ ०८२ सम्म जलविद्युत् क्षेत्रमा चार खर्ब ४७ अर्ब ४६ करोड ऋण लगानी गरेका छन्। २००९ मा यस्तो कर्जा दुई अर्ब ७६ करोड मात्रै थियो।

यसैगरी, प्रत्यक्ष वैदेशिक लगानीमार्फत ५४ अर्ब ५६ करोड रुपैयाँ लगानी जुटेको छ। यस्तै, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषजस्ता संस्थाबाट ६६ अर्ब ६० करोड रुपैयाँ लगानी भएको देखिन्छ।

यसैगरी, ९३ कम्पनीले आइपिओमार्फत ४१ अर्ब ६५ करोड रुपैयाँ र ४३ कम्पनीले हकप्रद सेयरबाट ५६ अर्ब ३२ करोड रूपैयाँ पुँजी संकलन गरेको देखिएको छ। पुँजी बजारमा सूचीकरण भएका ९३ कम्पनीको सेयर पुँजी एक खर्ब ७४ अर्ब ५४ करोड रुपैयाँ छ।

निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिन माग

२६औँ इप्पान डेको उद्घाटन समारोहमा इप्पान अध्यक्ष गणेश कार्कीले निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिन ढिला गर्न नहुने बताए। '२०४९ मा विद्युत् ऐन ल्याएर निजी क्षेत्रलाई विद्युत् उत्पादनमा खुला गरियो। फलस्वरूप अहिले विद्युत् उत्पादनमा नेपालले फड्को मारेको छ। अब विद्युत् व्यापारमा पनि निजी क्षेत्रलाई खुला गर्नुपर्छ,' उनले भने, 'यसमा ढिलाइ गर्नुहुँदैन।'

यसैगरी, वन तथा वातावरणसम्बन्धी व्यवस्थालाई पनि लचिलो बनाउनुपर्ने उनको भनाइ छ। 'वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन २०७७ मै स्वीकृति हुन्छ। तर, अहिलेसम्म रुख काट्ने स्वीकृति आउँदैन। अनि परियोजना कसरी समयमा बन्छन् ?' उनले भने, 'यसैगरी वन तथा वातावरणसम्बन्धी काममा धेरै झमेला छन्। यसलाई समाधान गर्नुपर्छ।'

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले नेपालमा उदार विद्युत् बजार विकासका लागि प्रसारण तथा वितरण सञ्जालमा गैरभेदभावपूर्ण पहुँच अनिवार्य रहेको बताए। उनले विद्युत् केवल सेवा मात्र नभई व्यापारयोग्य वस्तु (ट्रेडेबल कमोडिटी) भएको उल्लेख गर्दै ऊर्जा क्षेत्रमा पहुँच नै समृद्धिको आधार भएको धारणा व्यक्त गरे।



यसै कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले ऊर्जा क्षेत्रमा 'सिंगल विन्डो सिस्टम' तत्काल लागू गर्न सरकारसँग माग गरे। नेपाल चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपक मल्होत्राले नेपालमा बढ्दो जलविद्युत् उत्पादनको उचित उपयोगका लागि स्वदेशमै विद्युत् खपत बढाउनुपर्नेमा जोड दिए। इप्पानका वरिष्ठ उपाध्यक्ष नेपालको समृद्धिका मुख्य आधार ऊर्जा, पर्यटन र कृषि रहेको उल्लेख गर्दै जलविद्युत्मा ८२ हजार मेगावाटभन्दा बढी र सोलार ऊर्जामा ४० हजार मेगावाटभन्दा बढी सम्भावना रहेको बताए।

ऊर्जाविना विकास सम्भव छैन : उपराष्ट्रपति यादव



कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाल जलविद्युत् तथा नवीकरणीय ऊर्जामा धनी राष्ट्र भएकाले यस अमूल्य स्रोतको सदुपयोग गरी ऊर्जा आयातमा परनिर्भरता घटाउनुपर्ने बताए।

ऊर्जा आत्मनिर्भरता आर्थिक स्वतन्त्रता र राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय भएको भन्दै उनले पर्याप्त ऊर्जाविना विकास सम्भव नहुने स्पष्ट पारे। उनका अनुसार सस्तो र पर्याप्त ऊर्जा उपलब्ध भएमा उद्योग, कृषि, पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्रमा तीव्र विकास भई रोजगारी सिर्जना र आर्थिक समृद्धि सुनिश्चित हुने उनको भनाइ छ।

निजी क्षेत्रको सक्रियताले ऊर्जामा सफलता : मन्त्री सिन्हा



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले निजी क्षेत्रको सक्रियताले नेपाललाई लोडसेडिङमुक्त बनाउँदै विद्युत् निर्यात गर्ने अवस्थामा पुऱ्याएको बताए। हाल नेपालको कुल विद्युत् उत्पादन करिब चार हजार मेगावाट पुगेको र यसमध्ये ३३ सय मेगावाटभन्दा बढी निजी क्षेत्रको योगदान रहेको उल्लेख गर्दै उनले यसलाई गर्वको विषय भएको बताए। उनले भारतसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भइसकेको र बंगलादेशमा पनि निर्यात प्रक्रिया अगाडि बढेको बताए। तर, कानुनी तथा नीतिगत सुधार, विद्युत् खरिद सम्झौता, प्रसारणलाइन विस्तार, वन तथा जग्गा प्राप्तिका जटिलताजस्ता चुनौती अझै कायम रहेको उनले स्वीकार गरे। 'टेक एन्ड पे' र 'टेक अर पे'जस्ता नीतिमा स्पष्टता ल्याउनुपर्ने उनले औँल्याए।

लगानी बोर्डमा एकल विन्दु सेवा केन्द्र सञ्चालन गर्ने गृहकार्य

१४ वटा निकायले तोके फोकल पर्सन



सुशील ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड



जेन-जी आन्दोलनका क्रममा बोर्डको कार्यालयमा आगजनी भएको हुँदा नयाँ कार्यालयको व्यवस्थापन र कार्यविधिले अन्तिम रूप पाएपछि एकै ठाउँबाट सेवा प्रवाह हुनेछ। अटोमेसनबाट काम हुने हुँदा प्रविधिको प्रयोग महत्त्वपूर्ण भएको छ। लगानी बोर्डले सबैसँग समन्वय गरेर काम गर्छ। यसमा सबै निकायको साथ र सहयोग अपेक्षित छ।

नयाँ पत्रिका

लगानी बोर्ड नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई थप आकर्षित गरी लगानी वृद्धिका लागि सहज बनाउन एकल विन्दु सेवा केन्द्र सञ्चालनको गृहकार्य सुरु गरेको छ। बोर्डले एकल विन्दु सेवा केन्द्रको संयोजन गर्ने कार्यका लागि सहसचिव हेमराज तामाङलाई तोकेको छ। एकल विन्दु सेवा केन्द्रसँग समन्वय गरी कार्य अघि बढाउन १४ वटा सरकारी निकायले अख्तियारीसहित फोकल पर्सन तोकेका छन्।

फोकल पर्सन तोक्ने मन्त्रालय, विभाग एवं निकायहरूमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, अध्यागमन विभाग, आन्तरिक राजस्व विभाग, उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, भन्सार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, विद्युत् विकास विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरण छन्। बोर्डले तोकेका अरू निकायहरूले पनि फोकल पर्सन तोक्न सक्ने बार्डले जनाएको छ।

बोर्डको कार्यालयले एकल विन्दु सेवा केन्द्रका लागि सम्बन्धित मन्त्रालय, विभाग एवं निकायहरूसँगको समन्वयमा कार्यविधिको मस्यौदा तयार पारेको छ। बोर्डले तत्कालका लागि सम्बन्धत मन्त्रालय-निकायका फोकल पर्सनसँग समन्वय गरी कार्य अघि बढाउनेछ। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जेन-जी आन्दोलनका क्रममा बोर्डको कार्यालयमा आगजनी भएको हुँदा नयाँ कार्यालयको व्यवस्थापन र कार्यविधिले अन्तिम रूप पाएपछि एकै ठाउँबाट सेवा प्रवाह हुने बताए। अटोमेसनबाट काम हुने हुँदा प्रविधिको प्रयोग महत्त्वपूर्ण भएको उनको भनाइ छ।

फोकल पर्सनहरूसँगको छलफलमा प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले लगानीसम्बन्धी राष्ट्रिय लक्ष्य प्राप्ति र सुशासन कायम गर्न अपनत्व लिएर काम अघि बढाउन अनुरोध गरे। 'लगानी बोर्डले सबैसँग समन्वय गरेर काम गर्छ। यसमा सबै निकायको साथ र सहयोग अपेक्षित छ,' ज्ञवालीले भने। विज्ञ रामकृष्ण सापकोटाले धेरै निकायबाट सेवा प्रवाह गर्नुपर्दा लगानीकर्तालाई झन्झटिलो हुने भन्दै एकल विन्दु सेवा केन्द्रको कार्यान्वयनले लगानीकर्तासँग सम्बन्धित कार्य चुस्त रूपमा हुन सक्ने बताए।

अहिलेका लागि फोकल पर्सन सम्बन्धित मन्त्रालय-निकायको सिंगल प्वाइन्ट अफ कन्ट्याक्ट हुनेछन्। उनीहरूले लगानी बोर्डको कार्यालयबाट सिफारिस भएका आ-आफ्नो निकायसँग सम्बन्धित कार्य सम्पादन गर्नमा सहजीकरण गर्नेछन्।

लगानी बोर्डका सहसचिव हेमराज तामाङका अनुसार फोकल पर्सनले सार्वजनिक-निजी साझेदारी ऐन २०७५, सार्वजनिक तथा लगानी नियमावली २०७७ र लगानी बोर्डको रणनीति तथा व्यावसायिक योजनाले तोकेका सेवा प्रवाहसम्बन्धी कार्य गर्न सहयोग पुऱ्याउनेछन्। यस्तै उनीहरूले लगानी बोर्डको कार्यालयबाट प्राप्त फाइल तथा पत्रको समयमै राय-प्रतिक्रिया दिने, कार्यरत निकाय तथा लगानी बोर्डको कार्यालयबिच पुलको काम गर्नेलगायतका कार्य गर्नेछन्।

- फोकल पर्सन तोक्ने मन्त्रालय, विभाग एवं निकायहरू
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- नेपाल राष्ट्र बैंक
- अध्यागमन विभाग
- आन्तरिक राजस्व विभाग
- उद्योग विभाग
- खानी तथा भूगर्भ विभाग
- भन्सार विभाग
- श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
- विद्युत् विकास विभाग
- कम्पनी रजिस्ट्रारको कार्यालय
- नेपाल दूरसञ्चार प्राधिकरण

गण्डकीमा १० सहकारीको दर्ता खारेज

१७ सहकारी समस्यामा, ६ अर्ब ६२ करोड ७६ लाखभन्दा बढी बचत हिनामिना

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी प्रदेश सरकारमातहतका १० सहकारी संघ-संस्थाको दर्ता खारेज गरिएको छ। प्रदेशका सहकारी रजिस्ट्रार भेषराज रिजालका अनुसार लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेका सहकारी संस्थाको दर्ता खारेजी गर्न सकिने व्यवस्थाअनुसार अद्यावधिक नभई निष्क्रिय रहेका सहकारीको दर्ता खारेज गरिएको हहो। खारेज भएका १० सहकारीमध्ये सबैभन्दा धेरै आठवटा स्याङ्जाको गल्याङ नगरपालिकाभित्रका छन्। उनका अनुसार भावना कृषि सहकारी संस्था, करुणा मौरीपालन सहकारी, परिश्रमी मौरीपालन सहकारी, अलकादेवी मौरीपालन सहकारी, सौर्यपानी अदुवा उत्पादक सहकारी, पकवादी मौरीपालन सहकारी, गौरवशील अदुवा उत्पादक सहकारी, खरीपानी मौरीपालन सहकारी संस्था खारेजीमा परेका छन्। यसैगरी, म्याग्दीको बेनी नगरपालिकास्थित उपभोक्ता सहकारी संघ लिमिटेड र पर्वतको मोदी गाउँपालिका- २ को देउपुर मौरीपालन कृषक सहकारी संस्था लिमिटेडको लाइसेन्स पनि खारेज गरिएको छ। संस्थाबाट खारेजी गरिपाऊँ भन्ने निवेदन रजिस्ट्रार कार्यालयमा प्राप्त भएपछि स्थलगत मुचुल्कासमेतका कागजातका आधारमा दर्ता खारेज गरिएको रिजालले जानकारी दिए।

गण्डकी प्रदेशअन्तर्गतका १७ सहकारी समस्यामा

प्रदेशमातहतका हालसम्म प्रारम्भिक छानबिन भएका २१ मध्ये १७ सहकारीमा रकम हिनामिना भएको देखिएको रजिस्ट्रार रिजालले बताए। रकम हिनामिना भएको देखिएका १७ सहकारीविरुद्ध अदालतमा मुद्दा विचाराधीन छन् भने समस्या देखिएका अन्य सहकारीलाई समस्या समाधानका लागि समय दिइएको उनले जानकारी दिए। गण्डकीमा संघ, प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकारभित्र करिब तीन हजार सहकारी छन्। तीमध्ये प्रदेशको क्षेत्राधिकारभित्र नौ सय एक रहेकामा पाँच सय ८३ वटा अद्यावधिक भएका, तीन सय १८ वटा निष्क्रिय रहेका छन्।

पौने सात अर्बभन्दा बढी बचत हिनामिना

गण्डकीमा समस्यामा रहेका १७ सहकारीबाट बचतकर्ताको ६ अर्ब ६२ करोड ७६ लाखभन्दा बढी बचत रकम हिनामिना भएको छ। रकम हिनामिना भएका १७ सहकारीमध्ये सबैभन्दा धेरै प्राइम बहुउद्देश्यीय सहकारी कास्कीको एक अर्ब ५४ करोड १५ लाख आठ हजार र सबैभन्दा कम जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको डाडी सेवा केन्द्र लमजुङको ११ लाख ४४ हजार हिनामिना भएको छ। यस्तै, कुमारी बहुउद्देश्यीय सहकारी म्याग्दीको एक अर्ब ४९ करोड ४४ लाख ४३ हजार, इमेज बचत तथा ऋण सहकारी संस्था बागलुङको एक अर्ब ३३ करोड ९२ लाख ५० हजार, पोखरा बचत तथा ऋण सहकारी संस्था कास्कीको ८८ करोड ७० लाख ९८ हजार, तपाईं-हाम्रो बहुउद्देश्यीय सहकारी संस्था पर्वतको २९ करोड ९८ लाख ५० हजार, मित्र मिलन बचत तथा ऋण सहकारी संस्था कास्कीको २६ करोड ८६ लाख ६४ हजार, वैशाली कृषि सहकारी संस्था पर्वतको १८ करोड, छिपछिपे उपभोक्ता सहकारी संस्था नवलपरासीको १६ करोड ५८ लाख ९२ हजार, कालिका बचत तथा ऋण सहकारी संस्था लमजुङको नौ करोड ११ लाख १५ हजार, ग्रामीण विकास कृषि सहकारी संस्था पर्वतको नौ करोड एक लाख ५० हजार, विन्ध्यवासिनी बचत तथा ऋण सहकारी संस्था कास्कीको सात करोड ६९ लाख ५९ हजार, सुनौलो भविष्य बचत तथा ऋण सहकारी संस्था लमजुङको ६ करोड ४४ लाख, नागढुंगा बचत तथा ऋण सहकारी संस्था पर्वतको पाँच करोड ३८ लाख ३७ हजार, सूर्योदय बचत तथा ऋण सहकारी संस्था स्याङ्जाको चार करोड, संघर्षशील बचत तथा ऋण सहकारी कास्कीको दुई करोड ९६ लाख र कुर्घा चिसापानी बहुउद्देश्यीय सहकारी संस्था पर्वतको ४३ लाख बचत रकम हिनामिना भएको भेटिएपछि अदालतमा मुद्दा दर्ता भएको छ। सबैको मुद्दा विचाराधीन रहेका रिजालले जानकारी दिए। १७ सहकारीमध्ये लमजुङको कालिकाको मिलापत्र भइसकेको छ।

पुनर्निर्माण कोषमा जुट्यो १४ करोड

क्षतिको आकलन भएको महिना दिन बित्दा छैन पुनर्निर्माणको सुरसार

काठमाडौं/ सरकारले २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा ध्वस्त भएका संरचना पुनर्निर्माणका लागि स्रोत जुटाउन खडा गरेको भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा हालसम्म १४ करोड सात लाख रुपैयाँ जुटेको छ। पुनर्निर्माणका लागि भन्दै व्यक्ति र संस्थाहरूले आफूखुसी कोष बनाउँदै पैसा उठाउन थालेपछि सरकारले यस्तो कोष बनाएको थियो। तर, कोष बनिसकेपछि भने यसमा योगदान उल्लेख्य रूपमा हुन सकेको छैन।

सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्यांकन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिले क्षतिको विवरणसहितको प्रतिवेदन २४ मंसिरमा सरकारलाई बुझाइसकेको छ। प्रतिवेदनअनुसार कुल भौतिक क्षतिको मूल्य ८४ अर्ब ४५ करोड ७७ लाख छ। यो देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालू आर्थिक वर्षको बजेटको ४.३ प्रतिशत हो।

कुल क्षति रकममध्ये सरकारी-सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत अंश रहेको छ। आन्दोलनका क्रममा कुल दुई हजार ६ सय ७१ भवन क्षतिग्रस्त भएका छन्। यसमध्ये ७९.८ प्रतिशत सार्वजनिक भवन छन्। भवनमा ३९ अर्ब ३१ करोड ७५ लाख, सवारीसाधनमा १२ अर्ब ९३ करोड ६१ लाख, अन्य भौतिक सम्पत्तिमा २० अर्ब ३६ करोड ४० लाख, नगद तथा बहुमूल्य वस्तुमा दुई अर्ब ८१ करोड ३४ लाख र बाँकी रकम नौ अर्ब दुई करोड ६७ लाख अन्य अस्थायी सम्पत्ति तथा निजी सम्पत्तिमा क्षति भएको विवरण छ।

३१.१२ अंकले बजार बढ्दा कारोबार आठ अर्ब नाघ्यो

काठमाडौं/ साताको पहिलो कारोबार दिन आइतबार सेयर बजारमा उत्साह देखियो। नेप्से परिसूचक ३१.१२ अंकले वृद्धि भई २६७२.५५ विन्दुमा पुगेर बजार बन्द भएको हो। उक्त दिन कुल तीन सय ३८ कम्पनीका एक करोड ६६ लाख ११ हजार चार सय ७९ कित्ता सेयर खरिद-बिक्री हुँदा कारोबार रकम आठ अर्ब ४० करोड २७ लाख ९७ हजार सात सय ७५ रुपैयाँ पुगेको छ।

बजार उकालो लागेसँगै चार कम्पनीको सेयर मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो। सागर डिस्टिलरी, उन्नति सहकारी लघुवित्त वित्तीय संस्था, श्रीनगर एग्रिटेक इन्डस्ट्रिज र गुराँस फाइनान्सका सेयर १० प्रतिशतले बढेका हुन्।

कारोबार भएका स्टक्समध्ये दुई सय २४ वटाको मूल्य बढ्दा ३१ वटामा गिरावट आयो भने पाँचवटाको मूल्य स्थिर रह्यो। कारोबार रकमका आधारमा मञ्जुश्री फाइनान्स अग्रस्थानमा रहँदै ५३ करोड रुपैयाँबराबरको सेयर कारोबार गऱ्यो। त्यस्तै, एसवाई प्यानल नेपालले ३७ करोड रुपैयाँको कारोबार गर्दा श्रीनगर एग्रिटेकको २८ करोड, बन्दीपुर केबलकार एन्ड टुरिजमको २५ करोड र राधी विद्युत्को २४ करोड रुपैयाँबराबरको सेयर किनबेच भयो।

मौसम प्रतिकूलताले ४.२%ले धान उत्पादन घट्ने

बिउ र मलखाद उपलब्ध हुँदा पनि धानको उत्पादन घट्ने अनुमान

पवन तिमिल्सिना/नयाँ पत्रिका



चालू आर्थिक वर्ष ०८२/८३ मा ४.२ प्रतिशतले धानको उत्पादन घट्ने सरकारी अनुमान गरिएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको प्रारम्भिक अनुमानअनुसार चालू आवमा ५७ लाख पाँच हजार एक सय २३ मेट्रिकटन उत्पादन हुने देखिएको हो। गत आव ०८१/८२ मा ५९ लाख ५५ हजार चार सय ७६ मेट्रिकटन उत्पादन भएको थियो।

उन्नत बिउबिजन र मलखादको पर्याप्त उपलब्धता हुँदाहुँदै पनि प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आउने मन्त्रालयले जनाएको छ। मन्त्रालयले विज्ञप्तिमा भनेको छ, 'धानबालीको क्षेत्रफल र उत्पादकत्वमा कमी भएका कारण चालू आवमा समग्र धान उत्पादनमा कमी आएको छ।'

धानको उत्पादनमा कमी आउँदा यसको माग भने आयातले धानिएको देखिन्छ। चालू आर्थिक वर्षको मंसिरसम्ममा एक लाख ८७ हजार नौ सय दुई मेट्रिकटन धान आयात भएको छ। जसको मूल्य ६ अर्ब ८८ करोड रुपैयाँ छ। गत आर्थिक वर्षको सोही अवधिमा एक लाख ६३ हजार सात सय मेट्रिकटन धान आयात भएको थियो। जसको मूल्य ६ अर्ब पाँच करोड थियो। त्यस्तै, चालू आवको पाँच महिनामा आठ अर्ब ३६ करोडको एक लाख नौ हजार चार सय १५ मेट्रिकटन चामल आयात भएको छ। गत आवको सोही अवधिमा ६ अर्ब ७२ करोडको ७९ हजार तीन सय ४९ मेट्रिकटन चामल आयात भएको थियो।

आव ०८१/८२ मा धानबाली लगाइएको कुल क्षेत्रफल १४ लाख २० हजार ६ सय ३६ हेक्टर रहेकोमा चालू आवमा ३.८ प्रतिशतले घटेको अनुमान छ। यस्तो क्षेत्रफल १३ लाख ७६ हजार आठ सय ७२ हेक्टर क्षेत्रफल कायम रहेको प्रारम्भिक अनुमान छ।

यसैगरी, उत्पादकत्व गत आवमा ४.१९ मेट्रिकटन प्रतिहेक्टर रहेकोमा आव ०८२/८३ मा उत्पादकत्व १.१६ प्रतिशतले घटेर ४.१४ मेट्रिकटन प्रतिहेक्टर हुन पुगेको मन्त्रालयले जानकारी दिएको छ।

मुख्य गरी पहाडी क्षेत्रमा देखिएको बसाइँसराइ, युवाको विदेशप्रतिको आकर्षण एवं फलफूल तथा नगदेबालीको क्षेत्रफलमा भएको वृद्धिले धानबालीको क्षेत्रफलमा कमी आएको मन्त्रालयको बुझाइ छ।

तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोगजस्ता कारणले धानबालीको क्षेत्रफलमा केही कमी आएको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा भनिएको छ, 'मधेश प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धानबालीको क्षेत्रफलमा कमी आएको हो।'

नेपालको खाद्य सुरक्षाका लागि धानबाली एक महत्त्वपूर्ण बाली हो। राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आव ०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत रहने अनुमान छ। कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा धानबालीको योगदान करिब १२ प्रतिशत रहेको छ। यही कारण धानको उत्पादनसम्बन्धी आँकडा योजनाविद्, शोध तथा अध्ययन कर्ता र आमजनसमुदायको चासोको विषय रहँदै आएको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले धानबालीको तथ्यांक अनुमान गर्दा सातवटै प्रदेशका कृषि विषय क्षेत्राधिकार भएका प्रदेश मन्त्रालयबाट प्राप्त तथ्यांकलाई आधार लिइएको छ। धानबालीको क्षेत्रफलको अनुमान गर्दा अघिल्ला आवहरूको क्षेत्रफलसम्बन्धी तथ्यांक रोपाइँको आँकडा, सिँचाइ क्षेत्रफलमा भएको परिवर्तन, किसानसँगको अन्तर्किया, जमिनको अन्य प्रयोगमा भएको परिवर्तनलाई आधार लिइएको छ। उत्पादकत्व अनुमान गर्दा कृषि कार्यालय-कृषि ज्ञानकेन्द्र स्थानीय तह एवं राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइमार्फत गरिएका बाली कटानीका तथ्यांकका आधारमा गरिएको छ। यसरी प्रदेश मन्त्रालयबाट प्राप्त तथ्यांक र यस मन्त्रालय र इन्टिग्रेटेड सेन्टर फर माउन्टेन डेभलपमेन्ट (इसिमोड)को सहकार्यमा तयार गरिएको रिमोड सेन्सिङ २०२५ बाट प्राप्त तथ्यांकसमेतलाई ध्यानमा राखी प्रदेश मन्त्रालयसमेतको सहभागितामा ट्यूांगुलेसन एवं भ्यालिडेसन गरी धानबालीको यो तथ्यांक तयार गरिएको मन्त्रालयले जानकारी दिएको छ।

आर्थिक वर्ष	धान उत्पादन (मेट्रिकटनमा)	धान लगाइएको क्षेत्रफल (हेक्टरमा)	धानको उत्पादकत्व (मेट्रिकटन प्रतिहेक्टर)
०८२/८३	५७ लाख ५ हजार १ सय २३	१३ लाख ७६ हजार ८ सय ७२	४.१४
०८१/८२	५९ लाख ५५ हजार ४ सय ७६	१४ लाख २० हजार ६ सय ३६	४.१९
०८०/८१	५७ लाख २४ हजार २३४	१४ लाख ३८ हजार ९८९	३.९८
०७९/८०	५४ लाख ८६ हजार ४७२	१४ लाख ४७ हजार ७८९	३.७९

उद्योग वाणिज्य संघ लहानमा गुप्ता



लहान/ सिराहाको लहानस्थित जिल्ला उद्योग वाणिज्य संघको अध्यक्षमा प्रदीप गुप्ता विजयी भएका छन्। निर्वाचन समितिका अनुसार वरिष्ठ उपाध्यक्ष सुनीलकुमार चौधरी भएका छन्। त्यस्तै, वाणिज्य उपाध्यक्षतर्फ वसन्तकुमार साह, एसोसिएट उपाध्यक्षमा खुशबु जैसवाल, वस्तुगत उपाध्यक्षतर्फ रामउद् गार महतो निर्वाचित भएका प्रमुख निर्वाचन अधिकृत उद्धव हमालले जानकारी दिए। महासचिव रवीन्द्रकुमार श्रेष्ठ, कोषाध्यक्ष बद्रीनारायण चौधरी, सचिव अमरनाथ साह बिजयी भएका छन्। दुई महिला सदस्यमा जानुकाकुमारी पराजुली र अनुपम झासहित खुला सदस्यतर्फ विन्देश्वर महतो, नयनकुमार यादव, वसिम अकरम, मुरारीप्रसाद साह र रामप्रकाश साह (प्रकाश) निर्वाचित भएका निर्वाचन समितिले जनाएको छ।

संघको ३५औँ वार्षिक साधारणसभा तथा २६औँ अधिवेशनअन्तर्गत गत २ पुसमा उद्घाटन भई शनिबार भएको मतदानमा चार हजार ५५ मध्ये तीन हजार ६६ जनाले मतदान गरेका थिए। संघको निर्वाचन गत ५ पुसका लागि तय भएको भए पनि निवर्तमान कार्यसमितिका महासचिवसमेत रहेका अध्यक्ष पदका प्रत्याशी श्याम गुप्तासहित दुईजनाले उच्च अदालत जनकपुर, राजविराज इजलासमा मुद्दा हालेपछि स्थगित भएको २५औँ दिनपछि शनिबार मतदान भएको हो।

घोषणापत्रमा आर्थिक एजेन्डा समावेश गर्न दलहरूलाई सिएनआईको आग्रह

राष्ट्रिय सहमतिमा देश विकासका लागि दीर्घकालीन दृष्टिकोण, प्राथमिकताका क्षेत्र तथा आयोजना र कार्यान्वयनका लागि समयबद्ध कार्ययोजना स्पष्ट उल्लेख गरिनुपर्ने



काठमाडौं/ नेपाल उद्योग परिसंघ (सिएनआई)ले आर्थिक एजेन्डालाई पहिलो प्राथमिकता दिई घोषणापत्र बनाउन दलहरूलाई आग्रह गरेको छ। आइतबार परिसंघले पत्रकार सम्मेलन गरी दलहरूका घोषणापत्रमा प्राथमिकता दिइनुपर्ने विषयबारे सुझाव सार्वजनिक गरेको हो। परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले ००७ सालदेखि ०८२ को जेन-जी आन्दोलनसम्म आइपुग्दा धेरैपटक राजनीतिक परिवर्तन भए पनि आर्थिक परिवर्तनले तीव्रता पाउन नसकेको बताए। उनले दलहरूले घोषणापत्रमा आर्थिक एजेन्डाहरू ल्याए पनि सरकारमा हुँदा कार्यान्वयनले प्राथमिकता नपाएको बताए।

देश विकासका लागि राजनीतिक स्थिरतासँगै पहिलो आवश्यकता दरिलो अर्थ व्यवस्थालाई दिनुपर्नेमा परिसंघले जोड दिएको छ। सर्वसाधारणले खोजेको सुशासन, आर्थिक विकास, रोजगारीसहित समग्र राष्ट्रको समृद्धिका लागि आर्थिक विकासका मुद्दा तथा एजेन्डामा राष्ट्रिय सहमतिसहित दल अगाडि बढ्नुपर्ने अध्यक्ष पाण्डेको भनाइ थियो।

राष्ट्रिय सहमतिमा मुलुकको विकासका लागि दीर्घकालीन दृष्टिकोण, प्राथमिकताका क्षेत्र तथा आयोजना र कार्यान्वयनका लागि समयबद्ध कार्ययोजना स्पष्ट उल्लेख गरिनुपर्ने सुझाव परिसंघको छ। परिसंघले सुशासनका लागि 'फेसलेस, कन्ट्याक्टलेस, पेपरलेस' प्रणाली प्रभावकारी रूपमा लागू गर्ने विषय, उद्योग, उत्पादन र उद्यमशीलता बढाउने विषयलाई उच्च प्राथमिकता दिन आग्रह गरेको छ।

साथै, परिसंघले एकीकृत औद्योगिक विकास रणनीति, नयाँ कानुन निर्माण तथा सुधार, सूचना प्रविधिको प्रयोगमा केन्द्रित रहेर सुशासनमा सुधार, लगानी अभिवृद्धि गर्न कर प्रणालीमा सुधारका विषयलाई प्राथमिकतामा राख्न सुझाएको छ। साथै, घोषित आर्थिक नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने निकाय तथा व्यक्तिलाई थप जिम्मेवार बनाइनुपर्नेमा जोड दिइएको छ।

परिसंघले आगामी १० वर्षभित्र विद्यमान करिब ४४ अर्ब डलरबराबरको अर्थतन्त्रलाई १०० अर्ब डलरको बनाउने गरी अगाडि बढ्नुपर्नेमा जोड दिँदै आएको छ। यसका लागि परिसंघले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा बृहत् अध्ययन गरिरहेको छ। आगामी केही महिनाभित्रै अध्ययन सम्पन्न गरी सार्वजनिक गरिनेछ। परिसंघका वरिष्ठ उपाध्यक्ष निर्वाण चौधरीले सबै राजनीतिक दलहरूले अर्थतन्त्रलाई केन्द्रमा राखेर घोषणापत्र तयार गर्नुपर्ने र त्यसले आमनेपाली मुलुक आगामी दिनमा विकासको दृष्टिकोणले कसरी अगाडि बढ्ने भन्नेमा प्रस्ट पार्नुपर्ने बताए। निजी क्षेत्रको आत्मविश्वास घटिरहेको अवस्थालाई समेत मध्यनजर गर्दै समग्र आर्थिक विकासमा कसरी अगाडि बढ्छ भन्नेमा आश्वस्त पारिनुपर्नेमा उनले जोड दिए।

विदेशी लगानीकर्तालक्षित 'रेडी प्रोजेक्ट'को सूची तयार गर्न एमच्यामको सुझाव

निजी क्षेत्र र सरकारबिचको सहकार्य मजबुत भएमा नेपालमा अमेरिकी लगानी उल्लेखनीय रूपमा बढ्न सक्ने

नयाँ पत्रिका



विदेशी लगानी आकर्षणका लागि पूर्वतयारी सम्पन्न 'रेडी प्रोजेक्ट'को सूची तयार गर्न अमेरिकन चेम्बर अफ कमर्स इन नेपाल (एमच्याम नेपाल)ले सरकारलाई सुझाव दिएको छ। एमच्याम नेपालले आइतबार अर्थमन्त्री रामेश्वर खनाललाई भेटेर यस्तो सुझाव दिएको हो।

एमच्याम नेपालले वैदेशिक लगानी प्रवर्द्धन, कर प्रणाली सुधार, डिजिटल पूर्वाधार, ऊर्जा तथा वित्तीय क्षेत्रसँग सम्बन्धित आठवटा प्राथमिक नीतिगत विषयमा ठोस सुझाव दिएको हो। अमेरिकी लगानीकर्तालाई लक्षित गरी 'एफडिआई-रेडी' परियोजनाको संरचित पाइपलाइन तयार गर्न र लगानी प्रवर्द्धनमा एमच्याम नेपाललाई औपचारिक साझेदारका रूपमा मान्यता दिन उसले सुझाव दिएको छ। एमच्याम नेपालका अध्यक्ष कैलाश विजयानन्दले निजी क्षेत्र र सरकारबिचको सहकार्य मजबुत भएमा नेपालमा अमेरिकी लगानी उल्लेखनीय रूपमा बढ्न सक्ने बताए।

भेटमा एमच्याम नेपालका प्रतिनिधिहरूले नेपालमा स्वच्छ जलविद्युत् स्रोत र भौगोलिक अवस्थाका कारण हाइपरस्केल डाटा सेन्टर स्थापनाको ठुलो सम्भावना रहेको बताए। तर, विद्युत् आपूर्ति स्थायित्व, उच्च क्षमताको कनेक्टिभिटी, स्वीकृति प्रक्रिया तथा नियामक स्पष्टताको अभावले ठुला विदेशी लगानी आकर्षित हुन नसकेको उनीहरूको गुनासो छ।

नेपाल राष्ट्र बैंकले भेरिफिकेसन लेटर दिन छाडिसकेको अवस्थामा समेत आन्तरिक राजस्व विभागले सो कागज अनिवार्य गरेकाले व्यवसायको नगद प्रवाहमा समस्या आएको उनीहरूले बताए। स्पष्ट नीतिगत सुधार, पारदर्शी नियमन र लगानीमैत्री वातावरण निर्माण भएमा नेपालमा अमेरिकी लगानी उल्लेखनीय रूपमा वृद्धि हुने उनले बताए। अर्थमन्त्री खनालले एमच्याम नेपालले प्रस्तुत गरेका सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी सम्बन्धित निकायसँग समन्वय गर्दै समस्याको समाधान खोजिने प्रतिबद्धता व्यक्त गरेको एमच्यामले जनाएको छ।

भेटमा व्यवसायीले भ्याट फिर्ता प्रक्रियामा सरकारले अवरोध सिर्जना गरेको बताए। एमच्याम नेपालका अध्यक्ष विजयानन्दले भ्याट फिर्ता गर्ने काम ढिला हुँदा लगानीकर्ताको विश्वास कमजोर बनाउने भएकाले यसलाई सरल र डिजिटल बनाउन आवश्यक रहेको बताए। त्यसैगरी, सौर्य ऊर्जासम्बन्धी परियोजनामा भ्याट छुट अधिकार दुई निकायमा विभाजित हुँदा ढिलाइ र अन्योल सिर्जना भएको उल्लेख गर्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई एकद्वार अधिकार दिन सुझाव पेस गरिएको छ।

तीन सहरमा एनसेलको 'क्रिएटर्स मेला'



काठमाडौं/ एनसेलले नेपालका तीन सहरमा 'क्रिएटर्स मेला' आयोजना गर्न नेपालस्थित अमेरिकी दूतावाससँग सहकार्य गरेको छ। निःशुल्क उपस्थिति जनाउन सकिने यो कार्यक्रमले नेपालमा बढ्दो क्रममा रहेका कन्टेन्ट क्रिएटरलाई व्यावहारिक सिकाइ, व्यावसायिक सम्पर्क तथा सहकार्यका अवसर प्रदान गर्ने बताइएको छ।

यो वर्षको क्रिएटर्स मेला शनिबार चितवनबाट सुरु भएको छ। त्यसपछि १० माघमा नेपालगन्ज र १६-१७ मा काठमाडौंमा आयोजना हुने बताइएको छ। सन् २०२३ मा सुरु भएदेखि नै क्रिएटर्स मेलाको साझेदारका रूपमा एनसेलले सहयोग गर्दै आएको छ।

कार्यक्रमले नेपाली युवालाई कन्टेन्ट क्रिएसनमार्फत सशक्त बनाउने अनि डिजिटल नेपालको उद्देश्यमा टेवा पुऱ्याउने लक्ष्यलाई आत्मसात् गर्दै आएको छ।

'भिजन टु भेन्चर' नारा रहेको यो वर्षको कन्टेन्ट क्रिएटर्स मेला सहभागीका योजनालाई कार्यान्वयनयोग्य सिप तथा वास्तविक अवसरमा बदल्नेमा केन्द्रित हुनेछ। 'क्रिएटर्स मेलाका लागि अमेरिकी दूतावाससँग निरन्तर सहकार्य गर्न पाउँदा हामी खुसी छौं। क्रिएटर्स मेलाले उदीयमान तथा स्थापित क्रिएटरलाई डिजिटल कन्टेन्टको युगमा सबैभन्दा महत्त्वपूर्ण अनि प्रभावशाली सामग्री सिर्जना गर्न आफ्नो सिप तिखार्ने अवसर प्रदान गर्नेछ,' एनसेलकी कर्पोरेट कम्युनिकेसन एन्ड सस्टेनेबिलिटी डाइरेक्टर विशाखा लक्ष्मी खड्काले भनिन्।

क्रिएटर्स मेलाकै अवसरमा एनसेलले भिडियो प्रतिस्पर्धा पनि आयोजना गरेको छ। जसअनुरूप मेलाका सहभागीलाई इन्स्टाग्राम र टिकटकमा एक मिनेटको भिडियो अपलोड गर्न प्रोत्साहन गरिएको छ। प्रत्येक सहरमा एक जना विजेता छनोट गरिने र उनीहरूलाई ५० हजार रुपैयाँ प्रदान गरिएको जनाइएको छ।

'नेपाल लाइफ समृद्धि लगानी योजना'को इकाइ बिक्री खुला



काठमाडौं/ 'नेपाल लाइफ समृद्धि लगानी योजना'को इकाइ बिक्री आइतबारदेखि खुला भएको छ। नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कोष प्रवर्द्धक रहेको र नेपाल लाइफ क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको यो सामूहिक लगानी कोषले सर्वसाधारण तथा संस्थापक लगानीकर्ताका लागि इकाइ बिक्रीमा ल्याएको हो।

कम्पनीले नेपाल धितोपत्र बोर्डबाट मिति प्रतिइकाइ १० रुपैयाँ अंकित दरमा एक अर्ब ६० करोड रुपैयाँबराबरको १६ करोड इकाइ निष्कासनमा आउनेछ। जसमध्ये बीज पुँजीबापत दुई करोड २४ लाख इकाइ कोष प्रवर्द्धक नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई र १६ लाख इकाइ योजना व्यवस्थापक नेपाल लाइफ क्यापिटललाई सुरक्षित गरिनेछ। बाँकी रहेको १३ करोड ६० लाख इकाइ सर्वसाधारणका लागि निष्कासनमा आएको हो।

लगानीकर्ताले न्यूनतम १०० इकाइ र अधिकतम एक करोड ६० लाख इकाइसम्म आवेदन दिन पाउने व्यवस्था रहेको कम्पनीले जनाएको छ। इकाइ निष्कासन बन्द छिटोमा ८ र ढिलोमा १८ गतेसम्म हुनेछ।

हिमालयन बुलियनको बिक्री प्रबन्धकमा ज्योति क्यापिटल



काठमाडौं/ चाँदीको कारोबार गर्दै आएको हिमालयन बुलियन कम्पनी लिमिटेडको धितोपत्र निष्कासक तथा बिक्री प्रबन्धकमा ज्योति क्यापिटल नियुक्त भएको छ। धितोपत्र निष्कासनसम्बन्धी सम्झौतामा ज्योति क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विकास ढकाल र हिमालयन बुलियनका अध्यक्ष भीष्मप्रसाद गौतमले हस्ताक्षर गरेका छन्। कम्पनीले प्रतिसेयर १०० रुपैयाँ अंकित मूल्यमा कुल १२ करोड ५० लाख रुपैयाँबराबरको १२ लाख ५० हजार कित्ता आईपिओ निष्कासन गर्नेछ। कम्पनीका अनुसार निष्कासन गरिने सेयर सर्वसाधारण (वैदेशिक रोजगारीमा रहेका नेपालीसमेत), सामूहिक लगानी कोष तथा कर्मचारीका लागि छुट्याइनेछ।

सिजीले गऱ्यो विश्वकपलक्षित योजनाको दोस्रो चरणको विजेता घोषणा



काठमाडौं/ इलेक्ट्रोनिक्स सिजी ब्रान्डले विश्वकपलक्षित उपहार योजनाअन्तर्गत दोस्रो चरणको विजेता सार्वजनिक गरेको छ। कम्पनीले सञ्चालन गरेको 'सिजीको साथमा, वर्ल्डकप टिकट हातमा : लेभेल अप विथ सिजी' यो रत्ननगर- १, चितवनका अर्विन श्रेष्ठ विजयी बनेका छन्।

आइसिसी ट्वान्टी-२० पुरुष विश्वकपलक्षित गरी ल्याइएको यस योजनामा सहभागी ग्राहकमध्ये साना घरायसी उपकरणतर्फबाट पहिलो चरणका निम्ति विजेता छनोट गरिएको कम्पनीले जनाएको छ। विजेता श्रेष्ठले टाँडी गिफ्ट कर्नबार सिजीको ग्यास चुलो खरिद गरेका थिए।

कम्पनीका अनुसार विजेता श्रेष्ठले पाँचदिने मुम्बई भ्रमणको पूर्ण प्याकेज प्राप्त गरेका छन्। उक्त प्याकेजमा काठमाडौं-मुम्बई दुईतर्फी हवाई यात्रा, तारे होटेलमा बसाइ, खानपिन तथा मुम्बई सहर अवलोकन समावेश छ।

साथै, मुम्बईस्थित वानखेडे स्टेडियममा आयोजना हुने आइसिसी टी-२० पुरुष विश्वकपअन्तर्गत नेपाली टोलीको एक खेल प्रत्यक्ष हेर्ने अवसरसमेत उपलब्ध हुनेछ। यो पहिलाले चरण मात्र भएको र योजना अझै पनि जारी छ।

योजनामा सहभागी हुन इच्छुक ग्राहकले देशभर रहेका सिजी डिजिटलका सोरुम, आधिकारिक बिक्री केन्द्र तथा कम्पनीको आधिकारिक वेबसाइटमार्फत सिजी ब्रान्डका साना घरायसी उपकरण खरिद गरी तोकिएको प्रक्रियाअनुसार सन्देश पठाएर सहभागिता जनाउन सक्नेछन्।

अधिकृत वारेसनामा बदर गरिएको सूचना

जिल्सा पर्सा गा.वि.स. सिर्सिया खटो वडा नं. ९ हाल परिवर्तित वीरगंज महानगरपालिका वडा नं. २५ बस्ने जादोलाल साह कलवारको छोरावहारी रामचन्द्र सा कलवारको पत्नी वर्ष ६५ की भागमती कलवारीन उपर म सीताराम राउत कुर्मीले श्री पर्सा जिल्ला अदालतमा मुद्दानं. ०८०-CP-३७७५ को लेनदेन मुद्दा दायर गरी कारवाही चलाएकोमा उक्त उल्लेखित मुद्दामा तारेखमा बसी मुद्दा पुर्पक्ष गर्न, मिलापत्र गर्न, फिराद दावी फिर्ता लिन, पुनरावेदन गर्न तथा प्रस्तुत लेनदेन मुद्दाको फैसला पश्चात विगो भरी भराउको कारवाही चलाई नियमानुसार लिलाम बिक्री समेतका कार्य सम्पन्न गरी विगो रकम बुझी लिने समेतका कानूनी काम कारवाहीको लागि म सीताराम राउत कुर्मीलाई घर व्यवहार कामकाजले फुर्सद नभएको हुँदा माथि लेखिए अनुसारको काम गर्नका लागि ऐनले दिन हुने वारिस जिल्ला पर्सा गा.वि.स. बगाही वडा नं. ८ को हाल परिवर्तित ऐ. वीरगंज महानगरपालिका वडा नं. २८ बस्ने धरीछन राउत कुर्मीको नाती जगदीश राउत कुर्मीको छोरा वर्ष ३८ को ना.प्र. नं. ०४४६२९६४जि.प्र.का. - पर्सा जारी मिति, २०६०/०३/३२) को राज कुमार राउतलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ अनुसार मुद्दा नं. ०८०-CP-३७७५ को लेनदेन मुद्दामा तारेखमा बसी मुद्दा पुर्पक्ष गर्न, मिलापत्र गर्न, फिराद दावी फिर्ता लिन पुनरावेदन गर्न तथा प्रस्तुत लेनदेन मुद्दाको फैसला पश्चात विगो भरी भराउको कारवाही चलाई नियमानुसार लिलाम बिक्री समेतका कार्य सम्पन्न गरी विगो रकम बुझी लिने समेतका कानूनी काम कारवाहीको लागि नियमानुसार अधिकृत वारिस प्रमाणित गरी दिएकोमा उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५५ को उपदफा १ को खण्ड (ग) बमोजिम पर्सा जिल्ला अदालतवाट मिति २०८१।३।११ गतेमा प्रमाणित भएको अधिकृत वारेसनामा आजको मितिवाट बदर गरिएको व्यवहोरा यसै सूचना द्वारा सरोकारवालालाई जानकारी गराईन्छ।

हिमालय टेलिभिजन नेटवर्क लिमिटेड

तेस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/०५)

मिति २०८२/०९/२८ गते बसेको यस हिमालय टेलिभिजन नेटवर्क लिमिटेडको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारणसभा देहायमा उल्लेखित मिति, स्थान र समयमा देहायका बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ। वार्षिक साधारणसभाका दिन निम्न मिति, स्थान र समयमा शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने मिति, समय र स्थान :

१. सभा हुने मिति : २०८२/१०/२१
२. समय : बिहान १०:०० बजे
३. स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, मध्य वनेश्वर, काठमाडौं।

छलफलका बिषयहरू:

१. आ.व. २०८१/८२ को संचालक समितिको प्रतिवेदन परित गर्ने बारे।
२. आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल तथा निर्णय गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा।
४. संचालकहरूको नियुक्ति।
५. विविध।

संचालक समितिको आज्ञाले

नोट : साधारण सभासँग सम्बन्धित अन्य जानकारीको लागि कम्पनीको मुख्य कार्यालयमा सम्पर्क गर्नु हुन शेयरधनी महानुभावहरूलाई हार्दिक अनुरोध गरिन्छ।

इन्फिनिटीको नवौं वार्षिक साधारणसभा

काठमाडौं/ इन्फिनिटी लघुवित्तको नवौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष विष्णुकुमार घिमिरेको अध्यक्षतामा बुधबार सभा सम्पन्न भएको हो। सभाले आर्थिक वर्ष ०८१/८२ सम्मको वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन, मर्जर तथा एक्युजिसनसम्बन्धी प्रस्ताव र आगामी आर्थिक वर्ष ०८२/८३ का लागि लेखा परीक्षकको नियुक्तिसम्बन्धी प्रस्ताव पारित गरेको छ।

राष्ट्रिय कृषि कम्पनीले आइपिओ ल्याउने



काठमाडौं/ स्थापित राष्ट्रिय कृषि कम्पनी नेपाल लिमिटेडले साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीको साधारणसभाले आइपिओ निष्कासनको प्रस्ताव पारित गरेको छ। सभाको अध्यक्षता कम्पनीका कार्यकारी अध्यक्ष विशाल हुमागाईंले गरेका थिए।

सभामा कार्यकारी अध्यक्ष हुमागाईंले सञ्चालक समितिको प्रतिवेदनसहित वार्षिक तथा वित्तीय प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमाथि छलफलपछि सभाले वार्षिक प्रतिवेदन तथा वार्षिक साधारणसभाका सम्पूर्ण प्रस्ताव सर्वसम्मत पारित गरेको बताइएको छ। कम्पनीको सेयर निष्कासन तथा बिक्री प्रबन्धकका रूपमा ग्लोबल आइएमई क्यापिटल लिमिटेड नियुक्त भइसकेको छ।

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, अमरगढी शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/१०/०५ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, डडेल्धुरा प्रा.फ.नं. २९/१३०५/०७४/०७५ कायम भई मिति २०७४/०४/३१ मा दर्ता भएको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ स्थित **रूपाली सप्लायर्स (प्रोप्राइटर - दिपेन्द्र रूपाली)...१**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
नर बहादुर खडायतको छोरी, भिम बहादुर रूपालीको श्रीमती, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **गौरी देवी रूपाली...१**
धन बहादुर रूपालीको नाती, हरि लाल रूपालीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **भिम बहादुर रूपाली...१**
हरि लाल रूपालीको नाती, भिम बहादुर रूपालीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **दिपेन्द्र रूपाली...१**
वीर बहादुर देउवाको छोरी, दिपेन्द्र रूपालीको श्रीमती, डडेल्धुरा जिल्ला, मष्टानाण्डौ गा.वि.स. वडा नं. ४ बस्ने **जेनिशा देउवा...१**
धितो सुरक्षणको विवरण :
गौरी देवी रूपालीको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेस्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स./न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८च) को क्रमशः कित्ता नं. ४७४, ४७८, ३२९ र ४७६ को क्रमशः ०-०-०-३, १-०-१-०, ०-०-१-० र ०-०-२-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

शाखा कार्यालय गाभिने सम्बन्धी अत्यन्त जरुरी सूचना !

नेपाल राष्ट्र बैंकले "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरेको परिपत्र बमोजिम यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लेखित एकै स्थानमा रहेका शाखा कार्यालयहरु मिति २०८३।०१।०६ गतेदेखि एक आपसमा गाभिई बैंकिङ्ग कारोबार समेत गाभ्ने शाखा कार्यलयबाट संचालन हुने भएको हुँदा हाम्रा समस्त ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

गाभ्ने र गाभिने शाखाहरुको विवरण:

		बन्द हुने शाखाको विवरण		बन्द हुने शाखाको कारोबार गाभ्ने शाखाको विवरण	
क्र.सं.	प्रदेश	बन्द हुने शाखाको नाम	ठेगाना	शाखाको नाम	ठेगाना
१	बागमती	बागबजार शाखा (२८६)	काठमाडौं म.न.पा. वडा नं. २८, बागबजार, काठमाडौं।	पुतलीसडक शाखा (०१२)	काठमाडौं म.न.पा. वडा नं. ३०, पुतलीसडक, काठमाडौं।
२	बागमती	गौशाला शाखा (२८७)	काठमाडौं म.न.पा. वडा नं. ८, गौशाला।	बत्तिसपुतली शाखा (०१९)	काठमाडौं म.न.पा वडा नं. ९ बत्तिसपुतली, काठमाडौं।
३	बागमती	ठमेल शाखा २ (२६३)	काठमाडौं म.न.पा. वडा नं. २६, कपुरधारा।	ठमेल शाखा (१३२)	काठमाडौं म.न.पा. वडा नं. २९, ठमेल, काठमाडौं।
४	बागमती	पाटन शाखा (२१०)	ललितपुर म.न.पा. वडा नं. १२, ललितपुर।	लगनखेल शाखा (०४०)	ललितपुर म.न.पा. वडा नं. ५, लगनखेल।
५	बागमती	कुलेश्वर शाखा (२८४)	काठमाडौं म.न.पा. वडा नं. १४, कुलेश्वर।	कालिमाटी शाखा (०१७)	काठमाडौं म.न.पा. वडा नं. १४, कालिमाटी, काठमाडौं।
६	बागमती	नारायणगढ शाखा (२२०)	भरतपुर म.न.पा. वडा नं. १, नारायणगढ।	नारायणगढ शाखा (०१३)	भरतपुर म.न.पा. वडा नं. ३, नारायणगढ।
७	मधेश	बिरगंज शाखा (०९८)	बिरगंज म.न.पा. वडा नं. ६, आदर्शनगर, बिरगंज।	बिरगंज शाखा (००३)	बिरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर, बिरगंज
८	कोशी	बिराटनगर शाखा २ (१३९)	बिराटनगर म.न.पा वडा नं. ८, बिराटनगर।	बिराटनगर शाखा (०९७)	बिराटनगर म.न.पा वडा नं. ७, बिराटनगर।
९	गण्डकी	बझापाटन शाखा (२६४)	पोखरा म.न.पा. वडा नं. १३, पोखरा।	अमरसिंह शाखा (२०६)	पोखरा म.न.पा. वडा नं. १०, पोखरा।
१०	गण्डकी	लेखनाथ शाखा (२१७)	पोखरा म.न.पा. वडा नं. २६, पोखरा।	तालचोक शाखा (२१४)	पोखरा म.न.पा. वडा नं. २७, पोखरा।

गाभिने शाखा कार्यलयहरुबाट बैंकिङ्ग कारोबार गरिरहनु भएका ग्राहक महानुभावहरुले शाखा कार्यालय गाभिए पश्चात गाभ्ने शाखा कार्यालयबाट पूर्ववत रुपमा आफ्नो कारोबार सुचारु गर्न समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं। यसबाट हाम्रा समस्त ग्राहकवर्ग, सेवाग्राही तथा सम्बन्धित सबैमा पर्न जाने असुविधाका लागि बैंक क्षमा प्रार्थी छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

नयाँ पत्रिका

■ एन्फा निर्वाचन

हस्तक्षेप भए प्रतिबन्ध लगाउने फिफाको चेतावनी

फिफाले घोषित मितिमै चुनावी साधारणसभा गराउन एन्फालाई निर्देशन दिएको छ, तर अर्को पक्षको हस्तक्षेप भए नेपाल प्रतिबन्धमा पर्नेछ

रमेश सुवेदी/नयाँ पत्रिका

फुटबलको सर्वोच्च संस्था फिफाले अखिल नेपाल फुटबल संघ (एन्फा)को निर्वाचनमा बाधा पुऱ्याए नेपाललाई प्रतिबन्ध लगाउने चेतावनी दिएको छ। एन्फाको चुनावी साधारणसभा झापामा आगामी २८ माघमा हुँदै छ। निर्वाचनका लागि विभिन्न पदका लागि शनिबार उम्मेदवारी दर्ता भइसकेको छ। अध्यक्षमा पंकजविक्रम नेम्वाङ र दीर्घकुमार केसीले उम्मेदवारी दिएका छन्।

'एन्फा निर्वाचनमा तेस्रो पक्षको हस्तक्षेप भए नेपाललाई अन्तर्राष्ट्रिय फुटबलमा प्रतिबन्ध लगाउँछौं,' फिफाले एन्फाका महासचिव किरण राईलाई पठाएको पत्रमा भनिएको छ, '२८ माघमा हुने निर्वाचनमा तेस्रो पक्षको हस्तक्षेप फिफा र एएफसीले स्वीकार गर्दैन। यस्तो भएमा नेपाल अन्तर्राष्ट्रिय फुटबलमा प्रतिबन्धमा पर्नेछ।'

फिफाको एसोसिएसन सदस्य विभागका प्रमुख इल्खम मामाडोभ र एसोसिएसनकै डेपुटी जनरल सेक्रेटरी भाखिदको संयुक्त हस्ताक्षर भएको पत्रमा आबद्ध भएका फुटबल संघको निर्वाचन स्वतन्त्र र विनाहस्तक्षेप रूपमा हुनुपर्ने उल्लेख गरिएको छ। 'फिफा र एएफसीमा आबद्ध सबै फुटबल संघको निर्वाचन निष्पक्ष र स्वतन्त्र रूपमा हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। हामीले तेस्रो पक्षको हस्तक्षेप स्वीकार गरेका छैनौं,' पत्रमा भनिएको छ। फिफाले निर्वाचनको तयारी र हाल विकसित गतिविधिको जानकारी गराउन एन्फालाई निर्देशन दिएको छ। 'एन्फा निर्वाचनका सम्बन्धमा सबै गतिविधि प्राप्त भएको छ। यसबाहेक थप विकसित भएका सूचना पनि प्राप्त हुने आशा गरेका छौं,' फिफाको पत्रमा उल्लेख छ, 'हामी चाहन्छौं- एन्फाको निर्वाचन सबै प्रक्रियअनुरूपै होस्।'

यसअघि १६ पुसमा एन्फा कार्यसमितिले २८ माघमा चुनावी साधारणसभाको घोषणा गरेको छ। तर, नेम्वाङ नेतृत्वले विधानविपरीत निर्वाचन गराउन लागेको भन्दै असन्तुष्ट पक्षले उच्च अदालत पाटनमा रोक्न रिट दायर गरेको छ। उच्चले २८ पुसमा अल्पकालीन आदेश दिँदै तत्काल एन्फा निर्वाचनका सबै प्रक्रिया स्थगित गरी ६ माघमा दुई पक्षलाई छलफलका लागि बोलाएको थियो।

एन्फाद्वारा सबैलाई जानकारी

फिफाको चेतावनी पत्र आएपछि एन्फाका महासचिव राईले आइतबारै सबैलाई जानकारी दिएका छन्। एन्फामा आबद्ध ३९ जिल्ला फुटबल संघ, सहिद स्मारक 'ए', 'बी' र 'सी' डिभिजन क्लबसँगै सातै प्रदेशका फुटबल संघलाई निर्वाचन प्रक्रिया र फिफाले नेपालमाथि प्रतिबन्ध लगाउन सक्ने जानकारी राईले दिएका हुन्। 'तेस्रो पक्षको हस्तक्षेप भई साधारणसभा र निर्वाचन प्रक्रियामा अवरोध भएको अवस्थामा फिफाले एन्फालाई निलम्बन हुने भनी सचेत गराएको छ,' राईले भने, 'फिफा, एएफसी र एन्फाको विधानबमोजिम सबै प्रक्रिया वैधानिक रूपमा अगाडि बढिरहेको हुँदा घोषित मितिमा कुनै न कुनै तेस्रो पक्षको हस्तक्षेपविना निर्वाचन गर्न निर्देशनसहितको पत्र प्राप्त भएको छ।'

प्रतिबन्ध लगाए के हुन्छ ?

तोकिएको मितिमा निर्वाचन नहुँदा एन्फा निलम्बनमा पर्नेछ। प्रतिबन्धमा रहेको अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताका लागि फिफा र एएफसीबाट प्राप्त हुने आर्थिक अनुदान रोकिनेछ। एन्फाले गत साता यस आर्थिक वर्षका लागि एक अर्ब ५६ करोड १७ लाख ८५ हजार १३ रुपैयाँ बजेट पारित गरेको थियो। एन्फाको बजेटमा फिफा र एएफसीको समेत अनुदान रहेको हुन्छ। नेम्वाङ नेतृत्वको एन्फाले बजेटको अभाव भन्दै तीन वर्षदेखि सहिद स्मारक 'ए' डिभिजन लिग गर्न सकेको छैन। फिफाले तत्काल संघलाई निलम्बन गरेर तदर्थ समिति गठन प्रक्रिया सुरु गर्छ। सोही तदर्थ समितिबाटै नियमित कामकारबाही गराउँछ। समितिले सबै पक्षलाई समेटेर, विधान संशोधन गरेर मात्रै निर्वाचन गर्न म्यान्डेड पाउनेछ।

हस्तक्षेप स्वीकार्य छैन : फिफा

फिफा र एएफसीमा आबद्ध सबै फुटबल संघको निर्वाचन निष्पक्ष र स्वतन्त्र रूपमा हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। हामी तेस्रो पक्षको हस्तक्षेप स्वीकार गर्दैनौं। एन्फा निर्वाचनमा यस्तो भए फुटबल संघ प्रतिबन्धमा पर्नेछ।

दोस्रोपटक निर्वाचन प्रक्रिया रोक्न आदेश



उच्च अदालत पाटनले दोस्रोपटक एन्फाको निर्वाचन प्रक्रिया रोक्न आइतबार अन्तरिम आदेश दिएको छ। एन्फाका उपाध्यक्ष विराटजंग शाहीको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश श्रीधराकुमारी पुडासैनीको एकल इजलासले निर्वाचन प्रक्रिया रोक्न अन्तरिम आदेश जारी गरेको हो। 'निर्वाचन प्रक्रियासम्बन्धी सम्पूर्ण कामकारबाही प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागुन्जेलसम्म यथास्थितिमा राख्नू भनी विपक्षीहरूको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी गरिएको छ,' आदेशमा भनिएको छ।

यसअघि १६ पुसमा उच्चकै न्यायाधीश कृपासुर कार्कीको एकल एजलासले अल्पकालीन आदेश दिँदै ६ माघमा दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो। सो आदेशको अवज्ञा गर्दै एन्फाले निर्वाचन प्रक्रिया अगाडि बढाएको छ। अदालतले निर्वाचन प्रक्रिया रोक्न आदेश दिँदा पनि एन्फाले निर्वाचनको तालिका प्रकाशित गरेको थियो। राष्ट्रिय खेलकुद परिषद्ले पनि एन्फालाई ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न निर्देशन दिएको थियो। एन्फाले अदालत र राखेपको निर्देशन अवज्ञा गर्दै चुनावको प्रक्रिया अगाडि बढाइरहेको छ।

■ महिला टी-२० विश्वकप ग्लोबल छनोट

नेपाल आठ विकेटले पराजित

घरेलु टोली नेपालले दिएको १२२ रनको लक्ष्य थाइल्यान्डले १६.५ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट प्रतियोगितामा घरेलु टोली नेपाल आठ विकेटले पराजित भएको छ। समूह 'बी'अन्तर्गत थाइल्यान्डविरुद्ध आइतबार भएको खेलमा पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा सबै विकेट गुमाएर १२२ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा विश्वकप खेलिसकेको थाइल्यान्डले १६.५ ओभरमा दुई विकेटको नोक्सानीमा १२५ रन बनाएको थियो। थाइल्यान्डको जितमा नत्थकन चान्थमले सर्वाधिक ५७ रनको अर्धशतकीय इनिङ्स खेलेकी थिइन्। उनले ३९ बलमा नौ चौका र एक छक्का प्रहार गरिन्।

त्रिवि क्रिकेट मैदानमा १२३ रनको लक्ष्य पछ्याएको थाइल्यान्डका लागि अफिसरा र चान्थमले पहिलो विकेटका लागि ९.१ ओभरमा ६६ रनको साझेदारी गरेका थिए। अफिसराले ३२ बलमा दुई चौकाको सहयोगमा २८ रन जोडिन्। चान्थमले नन्नापट कोन्चारोएनकाईसँग दोस्रो विकेटका लागि ४७ रनको साझेदारी गर्दै टोलीलाई १५.३ ओभरमा ११३/२ को बलियो स्थितिमा राखिन्। नन्नापटले २५ बलमा ६ चौकाको सहयोगमा ३२ रन बनाइन्। नेपालले अर्को खेल बिहीबार नेदरल्यान्ड्सविरुद्ध खेल्नेछ।

समूह 'बी'कै अर्को खेलमा नेदरल्यान्ड्सले जिम्बाबेलाई २२ रनले हराएको छ। त्रिवि क्रिकेट मैदानमै नेदरल्यान्ड्स १२२ रनमा अलआउट भएको थियो। जिम्बाबेले २० ओभरमा आठ विकेटको क्षतिमा सय रन जोडेको थियो। समूह 'ए'मा आयरल्यान्डले पपुवा न्युगिनीमाथि ४१ रनको जित निकालेको छ। मूलपानी मैदानमा आयरल्यान्डले २० ओभरमा ६ विकेट गुमाएर १४६ रन जोडेको थियो। पपुवा न्युगिनीले २० ओभरमा ६ विकेटको क्षतिमा १०५ रन बनायो। यसै समूहमा बंगलादेशले अमेरिकालाई २१ रनले निराश बनाएको छ।

नेपालको मध्यक्रम ब्याटिङ असफल

थाइल्यान्डले टस जितेर फिल्डिङ रोजेको थियो। नेपालका लागि विन्दु रावल र सम्झना खड्काले ओपनिङ गरेका थिए। विन्दु र सम्झनाले ५.४ ओभरमा ५२ रन जोडेका थिए। पाथवाङको ओभरमा सम्झना क्याच आउट भइन्। सम्झनाले ११ बलमा ६ चौकाको सहयोगमा २६ रनको योगदान दिइन्। आक्रामक रूपमा ब्याटिङ प्रस्तुत गरेको नेपाल पहिलो विकेटपछि बिस्तारै कमजोर बन्दै गयो।

सुरुको पाँच ओभरमा १० को रनरेटमा ब्याटिङ गरेको नेपालको १३.३ ओभरसम्म ६.५४ मा झरेको थियो। क्रिजमा सेट भइसकेकी ओपनर विन्दुलाई नेपालले दोस्रो विकेटका रूपमा गुमायो। उनले ५६ बलको सामना गरी ४४ रनको सर्वाधिक योगदान दिइन्। सम्झना र विन्दु आउट भएपछि नेपालको मध्यक्रम ब्याटिङ र पुछार चल्नै सकेन। मध्यक्रमकी उपकप्तान पूजा महतोले १७ बलमा १२ रन बनाइन्। कप्तान इन्दु बर्माले ६, कविता जोशीले ३ तथा कविता कुँवरले २ रन बनाए। कविता कुँवर आउट हुँदा नेपाल १६.२ ओभरमा ९८-५ को स्थितिमा रह्यो।

पूर्वकप्तान रुबिना क्षेत्रीले रनरेट उकास्ने काम गरेकी थिइन्। उनले १० बलमा दुई छक्का र एक चौका प्रहार गरी १७ रनको योगदान दिइन्। रुबिना, कविता जोशी तथा सीता रानामगर पनि सस्तैमा पेभेलियन फर्केका थिए। नेपाल १० ओभरको समाप्तिमा ७०-१ को बलियो अवस्थामा थियो। नेपालले बाँकी १० ओभरमा ५२ रन मात्र बनाएको थियो।

३०-४० रन कम भयो

● **इन्दु बर्मा**, कप्तान, नेपाल



मिडिल अर्डर ब्याटिङ फितलो भयो। सुरुवात राम्रो भएको थियो। मिडिल अर्डर ब्याट्समान्यले सोचेजस्तो योगदान दिन सकेनन्। सबै खेलाडीले आ-आफ्नो जिम्मेवारीअनुसार खेलेको भए विपक्षीलाई १५० रनसम्मको लक्ष्य दिन सकिन्थ्यो। तर, ३०-४० रन कम बनायौं। विकेट फ्ल्याट नै थियो। फिल्डिङमा सुधार गरेका छौं। आउने खेलमा अझै सुधार गर्नुपर्छ।

बलरले उत्कृष्ट पुनरागमन गरे

● **नारुमोल चाइवाई**, कप्तान, थाइल्यान्ड



नेपालका ओपनरले उत्कृष्ट सुरुवात गरेका थिए। तर, हाम्रा बलरहरूले घरेलु टोलीविरुद्ध उत्कृष्ट पुनरागमन गरे। विशेष रूपमा यहाँ जित निकाल्नु सबैभन्दा उत्कृष्ट पक्ष रह्यो। यसपटक नेपाली महिला टोली पहिलेभन्दा केही राम्रो भएको पाएँ। हामी प्रत्येक खेलमा योभन्दा राम्रो गर्दै जान्छौं।

खेल संक्षेप

अनिशा र विन्दु फाइनलमा

काठमाडौं/ एपिएफकी अनिशा तामाङ र नेपाल आर्मीकी विन्दु चौधरी १८औं राष्ट्रिय महिला तौल समूह फुल कन्ट्याक्ट कराँते प्रतियोगिताको महिला ५० केजीमुनिको फाइनलमा प्रवेश गरेका छन्। आइतबार भएको सेमिफाइनलमा अनिशाले केडब्लुडब्लुकी सुप्रिया गुरुङ तथा विन्दुले एपिएफकी निशा सुनुवारलाई पराजित गरे। नेपाल क्योकुसिन कराँते डो संघ बज्रको आयोजनामा भइरहेको प्रतियोगिताको महिला ५५ केजीमाथि सेमिफाइनलमा एपिएफकी सुमित्रा नगरकोटीले केडब्लुडब्लुकी रसिला श्रेष्ठलाई हराइन्। आर्मीकी सपना ऐडीले आर्मीकै अप्सरा कुमाललाई हराउँदै फाइनल भिडन्त पक्का गरिन्। यसैगरी, पुरुषतर्फको खुला तौल समूहमा सनीसिंह सुनुवारले आइएफकेकेका कृष्ण मण्डललाई हराउँदै अन्तिम चारको स्थान पक्का गरेका छन्। भूपेन्द्र ओलीले केडब्लुडब्लुका सुकुराम तामाङलाई पाखा लगाए। विष्णु थापामगरले आर्मीका रवीन्द्र लोहारलाई निराश बनाए। प्रतियोगिताको पुरुषमा एक र महिलामा दुई इभेन्टमा प्रतिस्पर्धा भइरहेको छ। साते प्रदेश, नेपाल आर्मी र एपिएफबाट सय खेलाडीको सहभागिता रहेको छ।



महिला एकल च्याम्पियन

काठमाडौं/ सारा पन्त फ्ल्यास स्पोर्टस् राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताको यू-१४ महिला एकलको च्याम्पियन बनेकी छिन्। आइतबार भएको फाइनलमा साराले अनुश्री ध्वजूलाई ६-४ र ६-२ को सोझो सेटमा पराजित गरिन्। सोही स्पर्धाको पुरुषमा विश्वविशेष डल्लाकोटी र अर्याशराज पौडेलले फाइनल भेट पक्का गरे। यू-१८ पुरुष एकलमा आयुशमान हजुर घले र महिलामा स्वस्तिका विष्ट पहिलो भएका छन्। आयुशले फाइनलमा असभसम्राट हाडालाई ६-१ र ६-१ ले हराए। स्वस्तिकाले आद्या पौडेललाई ६-१ र ६-२ ले पाखा लगाइन्। यू-८ पुरुष एकलमा सर्वज्ञजंग खत्री पहिलो भए।

१ स्ट्रोकले राहुल अगाडि

काठमाडौं/ डी एन्ड डी एमेच्योर गल्फ च्याम्पियनसिपको पहिलो दिन आइतबार राहुल विश्वकर्मा १ स्ट्रोकले अगाडि रहेका छन्। धरान गल्फ क्लबमा २ ओभर ७२ स्कोर गरेका राहुलले सुन्दर राईलाई १ स्ट्रोकले पछि पारे। ३ ओभर ७३ स्कोर बनाएका सुन्दर दोस्रो स्थानमा छन्। ५ ओभर ७५ स्कोरका साथ पदमहाङ लिम्बू र राम तामाङ संयुक्त रुपमा तेस्रो स्थानमा छन्। राष्ट्रिय टिमका सदस्य राहुलले फ्रन्ट नाइन २ ओभर ३८ र ब्याक नाइन इभन पार ३४ खेलेका थिए। सुन्दरले पाँचौं होलमा एक सट जोगाएका थिए। उनले फ्रन्ट नाइन ३ ओभर ३९ र ब्याक नाइन इभन पार ३४ स्कोर गरेका थिए।

बहुउद्देश्यीय खेल कोर्ट निर्माण अभियान सुरु

काठमाडौं/ नेत्रहीन क्रिकेट संघ नेपालले विभिन्न साझेदारी संस्थासँगको सहकार्यमा सन् २०२६ भित्र सातै प्रदेशका १७ स्थानमा समावेशी क्रिकेट पिच तथा बहुउद्देश्यीय खेल कोर्ट निर्माण गर्ने अभियान अघि बढाएको छ। यस अभियानको औपचारिक सुरुवात पर्वत जिल्लाको शिवालय माध्यमिक विद्यालयबाट गरिएको संघले जनाएको छ। नेत्रहीन क्रिकेट संघ नेपालले अपांगता भएका बालबालिकाको खेलकुदमा पहुँच अभिवृद्धि, खेल सिप विकास, पुनर्स्थापना तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ समावेशी क्रिकेट पिच तथा बहुउद्देश्यीय खेल कोर्ट निर्माणको पहल थालेको हो।

■ नेपालले भारतलाई रोक्यो बराबरीमा

काठमाडौं/ दुईपटकको अग्रता रक्षा नसक्दा नेपाली पुरुष टोली साफ फुटसल च्याम्पियनसिपमा भारतसँग ३-३ बराबरीमा रोकिएको छ। थाइल्यान्डको बैंककमा भइरहेको प्रतिस्पर्धामा बराबरी खेल्दै नेपाल र भारतले समान दुई खेलबाट ४ अंक जोडेका छन्। खेलको पाँचौं मिनेटमा विक्रान्तनरसिंह रानाले नेपाललाई १-० को अग्रता दिलाए। छैटौं मिनेटमा भारतले बराबरी गोल गऱ्यो। खेलको २५औं मिनेटमा अमित लामाले नेपाललाई २-१ को अग्रता दिलाए। खेलको ३९औं मिनेटमा अनमोल अधिकारीले भारतलाई २-२ मा पुऱ्याए। ४४औं मिनेटमा निखिल राजेन्द्र मालीको गोलमा भारतले ३-२ को अग्रता लियो। खेल सकिन केही सेकेन्डमै विजय श्रेष्ठले गोल गर्दै नेपाललाई हारबाट जोगाए।



कोशी प्राइड लिगको अक्सन सकियो

नयाँ पत्रिका

कोशी प्राइड प्रालिले आयोजना गर्ने टी-२० कोशी प्राइड लिग (केपिएल) तेस्रो संस्करणको अक्सन सम्पन्न भएको छ। सात फ्रेन्चाइज टोलीले ९ देखि २१ फागुनसम्म सुनसरीमा हुने प्रतियोगिताका लागि अक्सनबाट समान १२ खेलाडी अनुबन्ध गरेका छन्। हरेक टोलीले ड्राफ्टबाट तीनदेखि ६ खेलाडीसम्म अनुबन्ध गरेका छन्।

अक्सनमा २३२ खेलाडी समावेश थिए। क्याटगोरी 'ए'मा ३४, क्याटगोरी 'बी'मा ९५ तथा क्याटगोरी 'सी'मा १०३ खेलाडी थिए। २३२ खेलाडीमध्ये ८४ खेलाडी बिक्री भएका छन्। आयोजक कोशी प्राइडका निर्देशक अफजल हुसैनले क्याटगोरी 'ए'को मूल्य न्यूनतम ४५ देखि ६५ हजार रुपैयाँ रहेको जनाए। क्याटगोरी 'बी'का लागि २५ देखि ४५ हजार तथा क्याटगोरी 'सी'को मूल्य पाँच हजारदेखि २५ हजारसम्म तोकिएको थियो। प्रतियोगितालाई नेपाल क्रिकेट संघ (क्यान)ले स्वीकृति दिएको छ। कोशी प्रदेश क्रिकेट संघले प्राविधिक सहयोग गर्नेछ। राष्ट्रिय पुरुष टोलीका चर्चित खेलाडीले पनि लिग खेल्नेछन्। एभरेस्ट थन्डर्सले राष्ट्रिय टोलीका करण केसी र सोमपाल कामीलाई भित्र्याएको छ। नमुना ब्लास्टर्सले राष्ट्रिय टोलीकै नन्दन यादवलाई अनुबन्ध गरेको छ। यसैगरी, इटहरी आदर्श जायन्ट्सबाट कुशल मल्लले प्रतिस्पर्धा गर्नेछन्।



बिर्तामोड हिट्सले अलराउन्डर गुल्सन झा र शेर मल्ललाई भित्र्याएको छ। पूर्वेली सुपर किंग्सले ललित राजवंशी र मोहम्मद आदिल आलमलाई अनुबन्ध गरेको छ। बिएन कोशी अर्नासले भुवन कार्कीलाई भित्र्याएको छ।

राष्ट्रिय लिगमा जावलाखेलको पहिलो जित

नयाँ पत्रिका

जावलाखेल युथ क्लबले राष्ट्रिय लिग फुटबल प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा जावलाखेलले श्री भगवती क्लबलाई ४-० ले हराउँदै ३ अंक हात पारेको हो। यसअघि पहिलो खेलमा जावलाखेल अप्रत्याशित रूपमा लालीगुराँस क्लबसँग १-० ले पराजित भएको थियो। एन्फा प्रेसिडेन्ट कप विजेता लालीगुराँसविरुद्ध 'ए' डिभिजनको अनुभवी क्लब जावलाखेलले उत्कृष्ट प्रदर्शन गर्न सकेको थिएन। जावलाखेलले आफ्नो दोस्रो खेलमा सुधारिएको प्रदर्शन गऱ्यो।

गत सिजनमा 'बी' डिभिजन लिग विजेताका रूपमा शीर्ष डिभिजनमा उक्लेको श्री भगवतीमाथि जावलाखेलले पहिलो तथा दोस्रो हाफमा दबाबमा राखेको थियो। जावलाखेललाई जित दिलाउने क्रममा विदेशी खेलाडी ह्यामिल्टन र धर्मेन्द्रले समान दुई गोल गरेका थिए। श्री भगवतीका खेलाडी सम्हालिन नपाउँदै सातदोबाटोले खेलको पहिलो मिनेटमै १-० को अग्रता लियो। ह्यामिल्टनले जावलाखेललाई अग्रता दिलाएका हुन्। खेलको चौथो मिनेटमा धर्मेन्द्रले २-० को अग्रता दिलाए।

खेलको ५७औं मिनेटमा जावलाखेल ३-० ले अघि बढ्यो। खेलको अन्तिम इन्जुरी समयको आठौं मिनेटमा ह्यामिल्टनले टोलीको जित ४-० को पक्का पारे। यसअघि श्री भगवतीले आफ्नो पहिलो खेलमा 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेडलाई १-१ को बराबरीमा रोकेको थियो।

एपिएफद्वारा फ्रेन्ड्स पराजित

विभागीय क्लब एपिएफले च्यासल मैदानमा फ्रेन्ड्स क्लबलाई १-० ले हराएको छ। खेमराज श्रेष्ठको आत्मघाती गोलमा एपिएफले लिगमा पहिलो खेलमा जित हात पारेको हो। खेमराजले २५औं मिनेटमा आत्मघाती गोल गरेका हुन्। फ्रेन्ड्सले लिगमा पहिलो हार सामना गरेको हो। यसअघि फ्रेन्ड्सले काँक्रेबिहार क्लबलाई ३-१ ले पाखा लगाएको थियो। खेमराजको चालू लिगमा दोस्रो आत्मघाती गोल हो। यसअघि उनले काँक्रेबिहारविरुद्ध पनि आत्मघाती गोल गरेका थिए।

यसैगरी, च्यासल मैदानमा संकटा क्लबले राष्ट्रिय लिगमा पहिलो जित दर्ता गरेको छ। संकटाले काँक्रेबिहार क्लबलाई ४-० ले पराजित गरेको हो। संकटाको जितमा अनिश महर्जन, कृष्णबहादुर आले, विशाल तामाङ र गिलबर्ट बिल्गोले गोल गरेका थिए। अनिशले १४औं मिनेटमा संकटालाई १-० को अग्रता दिलाए। पहिलो हाफको इन्जुरी समयमा कृष्णले संकटालाई २-० को स्थितिमा राखे।

खेलको ५५औं मिनेटमा विशालले संकटालाई ३-० को अग्रता दिलाए। गिलबर्टले ७४औं मिनेटमा गोल गर्दै संकटाको जित ४-० को पक्का पारे। यसअघि पहिलो खेलमा संकटाले सातदोबाटोसँग गोलरहित बराबरी खेलेको थियो। काँक्रेबिहारको यो लगातार दोस्रो हार हो। 'ए' डिभिजन लिगका १३ र एन्फा प्रेसिडेन्ट कपबाट छनोट भएका चार गरी १७ टोलीले विनारेलिगेसनको राष्ट्रिय लिग खेलिरहेका छन्।



कास्कीले लेखनाथलाई २७३ रनले हरायो

कास्की/ कास्की क्लबले जिल्ला क्लबस्तरीय एकदिवसीय क्रिकेट प्रतियोगितामा लेखनाथ युथ क्लबलाई २७३ रनको विशाल अन्तरले पराजित गरेको छ। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा चलिरहेको प्रतियोगिताको आइतबार भएको तेस्रो खेलमा कास्कीको जितमा सोहिल कुँवर र विश्वास पराजुलीले उत्कृष्ट प्रदर्शन गरेका थिए। पोखरा क्रिकेट रंगशालामा पहिलो ब्याटिङ गरेको कास्कीले ५० ओभरमा आठ विकेट गुमाएर ३४९ रनको विशाल योगफल खडा गरेको थियो। प्रत्युत्तरमा लेखनाथ २७.४ ओभरमा ७६ रनमा अलआउट भयो।

लेखनाथका लागि प्रताप थापाले १७, देवनारायण यादवले १० तथा साहिल जैसवालले ९ रन बनाए। कास्कीको जितमा विश्वासले सर्वाधिक पाँच विकेट लिए। उनले आठ ओभरमा एक मेडनसहित १६ रन दिए। कास्कीको ब्याटिङमा सोहिल कुँवरले शतकीय इनिङ्स खेलेका थिए। उनले ९५ बलमा ११० रन बनाए। सहबुद्दिन अन्सारीले ३१ बलमा ५० रन बनाए। रोहित चन्दले पनि २८ बलमा ५० रनको योगदान दिएका थिए। लेखनाथका लागि सुवास बास्तोलाले १० ओभरमा ७५ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। कृपेश पौडेलले दुई तथा सज्जन क्षेत्रीले एक विकेट लिए। जिल्लास्तरीय प्रतियोगिताबाट विजेताले प्रदेशस्तरीय एकदिवसीय प्रतियोगितामा कास्की जिल्लाको प्रतिनिधित्व गर्नेछ। प्रधानमन्त्री राष्ट्रिय पुरुष एकदिवसीय प्रतियोगिताको जिल्ला छनोटसमेत रहेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com